‘ओली र प्रचण्ड टेन्टभित्रका तान्त्रिकजस्ता’

आइतबार • १६ वैशाख २०७५ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक



तीन दशकको तिर्खा

सानोतिनो निहुँमा विरोधमा उत्रिहाल्ने काठमाडौं मानव स्वास्थ्यमै गम्भीर आघात पार्ने धूलोले पुरिंदासमेत चलमलाएन, मेलम्चीको पानीले तृप्त हुने आशामा ।

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
मजबुत निर्माणको अभिभारा
राईनो फलामे डण्डीको साथमा
GUARANTEE
GUARANTEE
GUARANTEE
IS : 1786
NS:191
CM/L 4049454
Fe 500/Fe 500D
RHINO 500D 12
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
नेपालमा पहिलो पटक, नेपालकै लागि
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
OYSTER

AMBE GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८४

नेपालमा बनेको

ISO 9001:2008 CERTIFIED COMPANY

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
बेहतर फॉर्मुला
९ असरदार जड़ी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
चिसो चिसो
COOL COOL
नवरत्न
आयुर्वेदिक तेल

मित्र

आइतबार, १६ वैशाख २०७५ (वर्ष १८, अंक ३७)
NEPAL National Weekly, 29 April 2018 (Vol. 18, No.37)

नेपाल
www.nepal.ekantipur.com

भूकम्पको तीन वर्ष
बल्ल बौरिंदै

चित्रपट ५२

१६ जनस्वास्थ्य
कानुनको खिल्ली

२४ राजनीति

वाम एकता : केले सिउने, केले टाल्ने ?

२८ आवरण
तीन दशकको तिर्खा

४० समाज
कथा किशोरी आमाका

५४ झल्याकझुलुक
शिल्पालाई फसाद
आफ्नै दुनियाँ

४४ सम्बन्ध
दोस्ती दुई दीपकको

सुप्पत बात : सुरेन्द्र लाभ १३
बुद्ध-सर्किट : कुरै बढी १४
संवाद : घनश्याम भुसाल २०
विमर्श : जीपी मैनाली ३९
पर्सोनाज : कुमार नगरकोटी ४७

स्थायी स्तम्भ >>

चिठ्ठी (६), स्मरण (७), सोझै (९), परिहास (१०), पुस्तक (४८), तीन पुस्तक (४९), सूचना/प्रविधि (५०), नाटक (५६), अचानक (५७), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया। **निर्देशक** : स्वस्तिका सिरोहिया। **प्रधान सम्पादक** : सुधीर शर्मा

सहायक सम्पादक : बसन्त बस्नेत **समाचार संयोजक** : सन्तोष आचार्य **साहित्य/कला** : रमण घिमिरे **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, बाबुराम विश्वकर्मा

सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, गोकर्ण गौतम, क्रान्ति पाण्डे, विभु लुइटेल

कपी डेस्क : ईश्वरी ज्ञवाली, गोकुल अर्याल, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा

सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : ९ वैशाख २०७५, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

निजी स्कुलको मनपरी

राज्यले सामुदायिक विद्यालय शिक्षामा वार्षिक १ खर्ब २४ अर्ब लगानी गर्दा अभिभावकले निजी बोर्डिङमा आफ्ना बालबालिका अध्ययनका लागि ३ खर्ब ३५ अर्ब खर्चिंदै आएका रहेछन् भन्दा आश्चर्य लाग्यो। *(धनवादी शिक्षा, ९ वैशाख)*। राज्यले निःशुल्क शिक्षा दिँदै आएको बताए पनि कागजमा निःशुल्क, स्कुलमा शुल्कैशुल्क लिने गरेको देखियो। कमजोर सरकारी संयन्त्र र नियमन अभावका कारण बर्सेनि लाखौं अभिभावकले निजी विद्यालयमा आफ्ना बालबालिका भर्ना गर्दा विभिन्न शुल्कका नाममा लाखौं रुपियाँ तिर्नु परिरहेको छ।

एकातिर निजी स्कुलले मनपरी शुल्क असुलिरहेका छन् भने अर्कोतिर राज्यले सञ्चालन गरिरहेका सामुदायिक विद्यालयको हालत झनै नाजुक छ। सामुदायिक विद्यालय नसुध्रिएसम्म अभिभावकलाई निजी विद्यालयमा आफ्ना बालबालिका पढाउनुपर्ने बाध्यता छ ।

निजी विद्यालयले विविध शीर्षकमा अभिभावकबाट सुरुमै लाखौं रुपियाँ असुल्दा पनि राज्यका अनुगमनकारी निकाय मौन रहेछन् भन्दा दुःख लाग्यो। शिक्षाको व्यापारीकरण चर्को भएपछि सरकारले सार्वजनिक गुठी अन्तर्गत गैरनाफामूलक विद्यालय खोल्न र भएका कम्पनी ऐन अन्तर्गत निजी विद्यालयलाई पनि गुठी वा सहकारीमा रूपान्तरण हुन आह्वान गरेको रहेछ। तर, सरकारले निजी स्कुलका लागि जतिसुकै कानुन बनाए पनि कार्यान्वयन पक्ष फितलो हुँदा अभिभावकले कहिल्यै पनि राहत महसुस गर्न सकेका छैनन्।

नयाँ शैक्षिक सत्र २ वैशाख ०७५ बाट सुरु भइसकेको अवस्थामा सरकारले विभिन्न शीर्षकमा बढी शुल्क असुल्ने निजी विद्यालयलाई कानुनको दायरामा ल्याई सर्वसाधारणको पनि पहुँच हुन सक्ने वातावरण सिर्जना गरिदिनुपर्छ। साथै, सामुदायिक विद्यालयमा अति राजनीतीकरणका कारण पढाइको स्तर कमसल भएकाले यतातिर पनि ध्यान जानु आवश्यक छ।

● **शंकर लामिछाने**
मित्रपार्क, काठमाडौं

जल–रेलमार्गमा छिमेकी चासो

'अब सगरमाथाको देशको पहुँच समुद्रसम्म पुगेको छ। नेपाल भूपरिवेष्टित देश रहेन।' भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २४ चैतमा नयाँदिल्लीस्थित हैदरावाद हाउसमा प्रधानमन्त्री केपी ओलीलाई भनेका रहेछन्। *(जल-रेलमा त्रिदेशीय रस्साकस्सी, ९ वैशाख)*। हाल प्रधानमन्त्री रहेका केपी शर्मा ओली तीन वर्षअघि उत्तरको छिमेकी चीन भ्रमणमा जाँदा केरुङ-रसुवागढी-काठमाडौं रेलमार्ग निर्माणको प्रस्तावमा मोटामोटी सहमति भएको बताइएको थियो। अहिले उनै ओली पुनः प्रधानमन्त्री भएका छन्। तर, अहिलेसम्म चीनले प्रस्ताव गरेको केरुङ-रसुवागढी-काठमाडौं, काठमाडौं-पोखरा, पोखरा-लुम्बिनी रेलमार्ग निर्माणका लागि नेपाल सरकारले कुनै पहल लिएको देखिँदैन, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण त परको कुरा हो।

यसै मेसोमा गत २३ चैतमा दिल्ली हानिएका प्रधानमन्त्री ओलीलाई भारतीय समकक्षी मोदीले पनि ठूलै वचन दिएका रहेछन्, दिल्ली-काठमाडौं रेलसेवा निर्माण गरिदिने। उत्तर र दक्षिण दुवै छिमेकीले भने अनुसार नेपालमा रेलमार्ग निर्माण कार्यान्वयन हुने हो होइन, त्यो त समयले नै बताउला। कतै नेपाल रेलमार्ग निर्माणमा पनि दुवै छिमेकीको रणनीतिमा फसेको त होइन ? संकेत त्यस्तै देखिन्छन्।

● **मणि केसी**
लामाबगर, पोखरा

बालबालिकाको पीडा

सरकारले गत ०७० मा पश्चिम नेपालमा रहेको कमलरी प्रथा हटाए पनि अहिले त्यस्तै प्रकारको प्रथा सुदूरपश्चिमका पहाडी भेगमा सरेको जस्तो देखियो। *(बालबालिका सप्लाइ : बाजुरादेखि काठमाडौंसम्म, ९ वैशाख)*। विशेषगरी पश्चिम नेपालका कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङलगायतका जिल्लामा ०७० भन्दा अगाडि कमलरी प्रथाका नाममा बाबुलाई ऋण दिई साहू-महाजनले उनीहरूका छोराछोरीलाई घरायसी काममा लगाउने गर्थे। अहिले कमलरीको झल्को दिने गरी सुदूरपश्चिमका विभिन्न जिल्लाका बालबालिकालाई घरेलु श्रमिकका रूपमा काम गर्न ल्याइने रहेछ।

बालश्रम ऐन, २०५५ ले १४ वर्ष उमेर नपुगेकालाई घरायसी, श्रमिकलगायतका कुनै पनि काममा लगाउन बन्देज गरेको छ। अतः त्यस्ता बालबालिका बिचौलियामाथि कडा कारबाही हुनुपर्छ।

● **रामु रोकाया**
बूढीगंगा नगरपालिका, बाजुरा

विहारीकृष्ण श्रेष्ठ ‖

स्मरण

भारु ९३६ ले पुर्‍याएको सास्ती

विश्व स्वास्थ्य संगठनको महासभामा भाग लिएर जेनेभाबाट फर्किएको केही समय मात्र भएको थियो, दरबारबाट बोलावट आयो। सामान्यतः दरबारबाट बोलाइनु राम्रै मानिन्थ्यो। बोलावट रानी ऐश्वर्यका निजी सचिव गेहेन्द्रमान सिंहबाट आएको थियो। उनीसित भेट हुनेबित्तिकै 'ल टिप्नूस् त !' भन्न थाले। म त्यस्तो टिप्नुपर्ने मनस्थितिबाट गएको थिइनँ। तैपनि, आफ्नो सानो डायरी झिकेँ र टिप्न थालेँ। सोधिएका प्रत्येक प्रश्न चकित पार्ने खालका थिए।

त्यसबेला मेरो सार्वजनिक परिचय दरबारको मान्छेकै रूपमा थियो। केही वर्ष पहिला म राजाकै हुकुमबाट उपसचिव भएको ६ महिनामै सहसचिवमा पदोन्नति भएको थिएँ। फेरि, राजाका सबैजसो महत्त्वपूर्ण भाषण लेख्ने जिम्मा पनि मलाई नै दिइन्थ्यो।

जब म सिंहले टिपाएका प्रश्नहरूमा घोत्लिन थालेँ, तत्कालीन स्वास्थ्यमन्त्री सुशीला थापाले मेराउपर दरबारमा उजुरी दिएकाले स्पष्टीकरण सोधिएको बुझ्न मलाई समय लागेन। त्यतिबेला मन्त्री थापाको विशेष पहिचान रानीको चाकरीदारका रूपमा थियो। त्यसैले उनले प्रधानमन्त्री र राजा होइन, सीधै रानीकहाँ मेराविरुद्ध उजुरी दिएकी थिइन्। त्यतिबेलाको व्यवस्था एक किसिमले द्वैध शासनजस्तो थियो, रानीको पनि हुकुम चल्ने।

जम्मा ११ बुँदामा मलाई स्पष्टीकरण सोधिएको थियो। र, ती सबै नै आधारहीन र केटाकेटी खालका प्रश्न थिए। त्यतिबेला मेरा दुइटी छोरी झन्डै एक महिनाको अन्तरालमा फ्रान्स र अमेरिका पढ्न गएका थिए। त्यस कुरालाई फरक ढंगले उजुरी गरिएको रहेछ। 'एकातिर तिनलाई पठाउन आर्थिक जोहो कसरी गर्‍यो, थाहा भएन' भनिएको थियो भने अर्कोतिर 'यूएनएफपीएबाट सरकारको खातामा जम्मा हुनुपर्ने यूएनको चार लाख डलर थोरै मात्र जम्मा गरिएको छ' भन्ने हास्यास्पद दोषारोपण लगाइएको रहेछ।

मन्त्री थापा साह्रै लोभी र भ्रष्ट थिइन्। उनले विश्व स्वास्थ्य संगठनको महासभामा भाग लिन सरकारबाट १० दिनको दैनिक भत्ता र नेता भत्ता बुझेकी थिइन्। तर, युनिसेफसित भनसुन गरेर बेलायतमा क्यान्सर रोगको उपचार व्यवस्था अवलोकन गर्न भनी उनीहरूसँग पनि आर्थिक सहयोग लिई बेलायत भ्रमणको चाँजोपाँजो मिलाएकी थिइन्। जेनेभा बैठक बीचमै छाडी बेलायत गइन्। बेलायतमा झन्डै दुई साता बसेर नेपाल फर्किंदा त्रिभुवन विमानस्थलमा उनलाई 'रिसिभ' गर्न पुग्दा काठमाडौंस्थित बेलायती दूतावासका प्रथम सचिव माइकल हिल्टन पनि उनको स्वागतार्थ पुगेका थिए। उनलाई मैले सोध्दा थाहा भयो, मन्त्रीले ब्रिटिस काउन्सिलबाट पनि त्यस भ्रमणका निम्ति भनेर आर्थिक सहयोग लिएकी रहिछन्।

वास्तवमा मन्त्री थापा आफ्नो स्वार्थका निम्ति मुलुक र आफ्नै पनि इज्जतको ख्याल गर्दैन थिइन्। जेनेभा जाँदा विश्व स्वास्थ्य संघमा जागिर खुवाउन छोरालाई पनि सँगै लिएर गएकी थिइन्। साथै, जेनेभाका पदाधिकारीलाई रिझाउन एक बोरा उपहार बोकेर पुगेकी थिइन्। १ सय ७६ मुलुक सहभागी विश्व स्वास्थ्य संघको त्यो वार्षिक साधारणसभामा हाम्री मात्रै त्यस्ती मन्त्री थिइन्, जसले डब्लूएचओ मुख्य अफिसका प्रत्येक कोठा चहारेर उपहार टक्र्याउँदै हिँडेकी थिइन्। त्यही चाकरीका भरमा उनले केही क्षणका लागि एउटा 'प्लेनरी बैठक'को अध्यक्षता गर्ने मौका पाइन्। तर, उनलाई अंग्रेजी नआउने। त्यसैले हामीले उनलाई अध्यक्षको हैसियतले वक्तालाई निम्त्याउने र धन्यवाद दिन बोल्नुपर्ने सीमित अंग्रेजी वाक्य देवनागरी लिपिमा लेखेर दिएका थियौँ। एकैचोटि दिँदा तलमाथि पर्ला भन्ने डरले छुट्टाछुट्टै कागजका टुक्राको व्यवस्था पनि गरेका थियौँ।

मलाई सोधिएको स्पष्टीकरणको लिखित उत्तर दिने क्रममा मैले मन्त्री थापाले चारैतिरबाट पैसा लिएका प्रमाणहरू बटुलेर राख्नुका साथै उनको नेतृत्वमा प्रतिनिधिमण्डल जेनेभा जाँदा मुलुकलाई कति नोक्सान भयो भन्नेसमेत ११ पृष्ठको लिखित प्रत्युत्तर दरबारमा बुझाएँ। र, नेपालको संविधानले यस्तै अधिकारको दुरुपयोग रोक्न अख्तियार दुरुपयोग निवारण आयोगको व्यवस्था गरेकाले यो मुद्दा पनि उक्त आयोगमा उठाई पाऊँ भनी निवेदन दिएँ। तत्पश्चात् त्यो घटना त्यसै सेलाएर गयो। मलाई भने स्वास्थ्य मन्त्रालयबाट आवास मन्त्रालयमा सरुवा गरियो।

मेरो विचारमा मन्त्री थापा मसँग रिसाउनुको कारण जेनेभा जानुअघि मैले उनीसँग लिनुपर्ने ९ सय ३६ भारु नै हो। म क्यानडाको एउटा संस्थाको व्यक्तिगत निम्तोमा भारतको नयाँदिल्लीमा आयोजित दक्षिण एसियास्तरीय विज्ञहरूको दुईदिने गोष्ठीमा भाग लिन जाँदै थिएँ। त्यतिबेला मन्त्री थापाले मलाई दिल्लीबाट एउटा औषधि ल्याइदिन भनेकी थिइन्। औषधिको मूल्य थियो, ९ सय ३६ भारु। फर्केर आएपछि औषधि र बिल मन्त्री थापालाई दिएँ। तर, महिनौँ बित्दा पनि उनले मेरो पैसा फर्काइनन्। त्यसपछि मैले जेनेभा जाने समय नजिकिएपछि डलर साट्ने निहुँमा उनको पीएमार्फत स्मरण गराएँ। तर, केही लागेन। त्यसपछि मन्त्रीको निवासको पीएलाई फोन गरेर सम्झाएको भोलिपल्ट मन्त्रीको कार्यकक्षमा मिटिङ थियो। त्यहाँ जाँदा मन्त्रीले 'लिनूस् तपाईंको पैसा' भनेर झर्किँदै एउटा प्लास्टिकको झोला थमाइदिइन्। त्यहाँ नौ सय भारु मात्र थियो। त्यतिबेला मन्त्रीलाई राम्रोसँग चिनेकी एक मित्रले भनेकी थिइन्, 'तपाईंले मन्त्रीसँग आफ्नो पैसा मागेर राम्रो गर्नुभएन।' अन्य केही नराम्रो त भएन तर मेराविरुद्ध दरबारमा उजुरी दिनुमा यही एउटा कारण महत्त्वपूर्ण भइदियो।

‖ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

विदेशबाट

स्वीट्जरल्यान्डमा वीरेन्द्र बियर

स्वीस कम्पनी टर्बिननब्राउले राजा वीरेन्द्रको नाममा 'वीरेन्द्र' बियर उत्पादन थालेको छ । बोतलमा ढाका टोपीमा सजिएका राजा वीरेन्द्र हातमा बियरको ग्लास समाती मुस्कुराइरहेको तस्बिर अंकित छ । पृष्ठभूमिमा हिमाल र भक्तपुरको पाँचतले न्यातपोल मन्दिर पनि रहेको देख्न सकिन्छ ।

यस बियरको नारा *दिस बियर इज किंग* रहेको छ । उपभोक्ताका अनुसार यसको स्वाद टिमुरजस्तो छ । बियर रेटिङ वेबसाइट अनट्याप्डमा धैरैले यसको तस्बिर पोस्ट गर्दै मूल्यांकन पनि गरिसकेका छन् । यसको ३३ सेन्टिलिटरको एक बोतलको मूल्य १८५ स्वीस फ्र्यांक छ । यो दुई सय नेपाली रुपियाँजति पर्न आउँछ । स्वीस वेबसाइट *इन्टरकमेर्स्टिबल्सले* ग्राहकको मागअनुसार स्वीट्जरल्यान्डको जुनसुकै ठाउँमा पुऱ्याइदिने गरेको छ । हाललाई भने यो बियर अन्य देशमा उपलब्ध छैन ।

सामाजिक सञ्जालमा नेपालीहरूबाट यस बियरबारे मिश्रित टीकाटिप्पणी आइरहेका छन् । केहीले यसलाई दिवंगत नेपाली राजाको सम्मानका रूपमा लिएका छन् भने कतिपयले दाह्री नपाल्ने राजालाई दाह्री लगाइदिएको भन्दै आलोचनासमेत गरेका छन् ।

सुर-बेसुर

"विगतका कतिपय कामकारबाही र फैसला हेर्दा सबै जोड्ने हो भने वार्षिक बजेटभन्दा न्यायालयको भ्रष्टँचँर ठूलो देखिन्छ । यसमा कतिपय उन्मुक्ति पाउनुपर्ने होला, कतिपय गलत भएका पनि होलान् । भोलि छानबिनबाट देखिने कुरा हो यो । अहिले न्यायालयमाथि ठूलो प्रश्न छ । त्यो ठाउँलाई शुद्ध बनाउन सकियो भने भ्रष्टाचार गर्ने नेतादेखि कर्मचारीहरू थुनिन्छन् । अनि सुशासन कायम हुन्थ्यो ।"

शेरबहादुर तामाङ
कानुनमन्त्री
सेतोपाटी

तस्बिरमा इतिहास

मेरो पसल : ५८ वर्षअघि न्युरोडमा अवस्थित 'माई सप' नामक नेपालको पहिलो ड्राइक्लिनर्स ।

सोझै



तथ्यचित्र

कुन देश कति खुसी ?



भारत	चीन
१३३	८६

फिनल्यान्ड	नर्वे
१	२

बुरुन्डी	सेन्ट्रल अफ्रिकन रिपब्लिक
१५६	१५५

पाकिस्तान	बंगलादेश
७५	११५

स्रोत : वर्ल्ड ह्याप्पिनेस रिपोर्ट, २०१८
इन्फोग्राफिक्स : यमन मानन्धर

साताका चर्चित

प्रेमध्वज प्रधान
गायक तथा संगीतकार

संगीतकार संघ नेपालबाट नगदसहित 'अजर अमर सम्मान-२०७५' बाट सम्मानित भएकाले ।

सुनबहादुर तामाङ
वडा अध्यक्ष
दुप्चेश्वर-१, नुवाकोट

भारतको मुम्बई, नयाँदिल्ली, पुना र कोलकातामा चारवटा यौन कोठी सञ्चालन गर्नुका साथै नेपालबाट विभिन्न प्रलोभनमा पारेर महिलालाई कोठीसम्म पुऱ्याउने अमानवीय कार्य गरेकाले ।

कमरेड (न)उवाच

भारतपछि चीन दौडाहामा गए, परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली । कवि हृदयका मन्त्रीजीले रेल चढ्ने आफ्नो उत्कट अभिलासा चीनमा आयोजित पत्रकार सम्मेलनमा पनि लुकाएनछन् । हवाइजहाज चढेर चीन पुगेका ज्ञवाली कमरेडले पत्रकार सम्मेलनमा सबैले सुन्ने गरी भनेछन्, 'आधुनिक रेल चढेर नेपालबाट चीन आउने मेरो सपना छ ।'

सपना देख्नु त राम्रो कुरा हो कमरेड । तर, भारत भ्रमणका क्रममा भने तपाईंले सपनाको 'स' पनि उच्चारण गरेको सुनिएन । भनिदिनु भए हुन्थ्यो, 'पानीजहाजबाट नेपालको कोसी चढेर भारतको समुद्रसम्म पुग्ने धोको छ ।' तपाईंलाई पानीको यात्रामा खास लगाव थिएन कि ! त्यस्तो थियो भने तपाईंले अर्को सपना पनि भन्दिनुभएको भए हुन्थ्यो, 'काठमाडौंबाट रेल चढेर कविता कोर्दै भारतको रक्सौलसम्म पुग्ने मेरो सपना छ ।' तर, कमरेडले यसो नभन्नु त साह्है ना-इन्साफी भएन र ?

■ **वाटरगेट उपाध्याय**



सिन्डीकेट माताकी जय !

सरकार सिन्डीकेटविरूद्ध निर्मम भएकै बेला नेपाल पत्रकार महासंघमा चाहिं अर्को सिन्डीकेट सुरू भएछ । एमालेको प्रेस चौतारी, कांग्रेसको प्रेस युनियन र माओवादीको प्रेस सेन्टर नामक संस्थाले सातवटै प्रदेशमा भागबन्डा गरेछन् ।

यातायातविरूद्ध उभिएको सरकारले पत्रकारीय सिन्डीकेटमा शून्य सहनशीलता देखाउँछ कि भोजसोज खुवाएर अनुमोदन गरिदिन्छ ।

हेरौं, जे देखिन्छ, त्यही लेखिन्छ !

■ **गोरे काजी**

दृश्य विवाद/अदृश्य विवाद

वाम गठबन्धनका कार्यकर्तालाई ९ वैशाखमा एकताको 'सुपर बम्पर' उपहार परेन । तर, खुसीको बात के छ भने अबका दिनमा कमरेड प्रचण्ड वैशाखभित्रै पार्टी एकतामा गम्भीर हुनेवाला छन् । कमरेड केपी ओली पनि अर्को किस्ताको वार्तामा बस्नेवाला छन् । माधवकुमार नेपाल कमरेडले त धम्की नै दिइसके- खबरदार ! नेताले टारे पनि कार्यकर्ता र जनता मिलेर एमाले र माओवादी केन्द्रबीच चामत्कारिक एकता गरिदिनेवाला छन् ।

माधव कमरेडको कुरामा के दम छ भने, नेताबीचको एकता बाध्यता मात्रै हो । चुनाव चिह्न, फिप्टी-फिप्टी, जनयुद्ध-धनयुद्ध आदि-इत्यादि त तपसिलका कुरा हुन् । एकतामा 'दृश्य विवाद' कम छन्, 'अदृश्य विवाद' प्रशस्त ।

कार्यकर्ता र जनतालाई पो दुई पार्टी मिले पुग्यो । एकमना सरकार बने पुग्यो । रेल र पानीजहाज आए पुग्यो । शीर्ष नेतालाई त यतिले मात्रै पुग्दैन । कमसेकम पार्टीको दस्तावेजमा आफ्नो प्रशस्ति लेखियोस्, पाँच-दस वर्ष पार्टी र सरकारको नेतृत्व सुनिश्चित होस् । त्यसका निम्ति नेताहरू व्यस्त छन्, कार्यकर्ता नेताले भाका सारेको सुन्न अभ्यस्त । तब न नेता, तब न कार्यकर्ता ।

■ **लाल कुमाल**

बल गरौं मेयरसाप

पोखरा-लेखनाथ (पोले) महानगरपालिका-२१ का वडाध्यक्षले गजबको घोषणा गरेछन्- तीन वर्षभित्र आफ्नो वडालाई एक हातमा बियर र अर्को हातमा गर्लफ्रेन्ड लिएर हिंड्न मिल्ने स्थल बनाउने । घरघरको

प्रचण्डको लाल-स्किम

परीक्षाको भूतले विद्यार्थीहरू आतंकित बनेको कमरेड प्रचण्डलाई थाहा रहेछ । त्यसैले नयाँ स्किम ल्याएका छन्, 'विद्यार्थीले किताबबाट सारेर परीक्षा दिन पाउनुपर्छ ।' कमरेडको यस्तो वक्तव्य सुनेर परीक्षा भनेपछि दस हात पर भाग्ने महाअल्छीहरूले पन्ध्र हात उफ्रेर तररर ताली पिट्न थालेछन् । क्या काइदाको विचार ! बिल्कुल ठीक । अधिकांश डिप्रेसनका रोगी परीक्षाको हाउगुजीले नै जन्माउँछन् । दसवर्षे द्वन्द्वकालका बन्दुकधारीको भन्दा पनि डरलाग्दो हाउगुजी पो रहेछ परीक्षा । हैन त कमरेड ?

■ **छुल्याहा गुरु**

धाराबाट खानेपानी झर्न थालेपछि 'एक घर, एक जोडी पर्यटक' बोलाउने । महोदयले सुझाएछन्, 'डिग्री मात्रैले पुग्दैन, कहिलेकाहीं गुप्तेश्वर, गलेश्वर डुल्नु । र, दैनिक एकाध घन्टा गुगलेश्वर पनि पस्नु ।'

नैतिक कवि लेखनाथको एरियाले वडाध्यक्षचाहिं बडो विद्वान् पाएछ । उनले *गुगल* सर्च गर्दा युवती र बियर पो फेला पारेछन् । प्रेमपार्कका डिजाइनर केशव स्थापितकै पार्टीमा रहेर पनि कामनपाका मेयरले केही सिकेनन् । लौ न ! विद्या सर, काकाकुल काठमाडौंलाई बियरको सुन्दर रानीपोखरी बनाऔं । यस्सो पोलेका वडाअध्यक्षहरूबाट पनि केही सिकौं न, मेयरसाब !

■ **भर्जिन ब्वाय**

झटारो | ■ **लक्ष्मण गाम्नागे**

सिन्डीकेट प्रदेश

नेपालमा सात वटा प्रदेश भएको त भर्खरै हो । तर, यहाँ विभिन्न क्षेत्रमा थुप्रै राज्यहरू उहिल्यैदेखि थिए । तीमध्ये यातायात क्षेत्रमा स्थापित सिन्डीकेट पनि एक शक्तिशाली राज्य हो । यसको आफ्नै सरकार, आफ्नै नियम, आफ्नै पुलिस, आफ्नै लडाकु, आफ्नै डन्डा, आफ्नै झन्डा र केन्द्रीय सत्तामा कडा प्रभाव कायम छ । यहाँका शासकहरू आफैं आफ्ना मन्त्री, मुख्यमन्त्री, अध्यक्ष, सभामुख छान्छन् । उनीहरूको पेसा सार्वजनिक गाडीहरूमा यात्रु ओसार-पसार गर्ने हो । गाडी कुदाउने कि नकुदाउने, कुन रुटमा कुदाउने, कुनमा नकुदाउने, क-कसलाई कुदाउन दिने, कसलाई नदिने, यात्रुसँग कति पैसा उठाउने, सरकारलाई राजस्व तिर्ने कि नतिर्ने आदि सबै उनीहरूको इच्छामा भर पर्छ । उनीहरू सरकारी सडक कब्जा गरेर रुट निर्धारण गर्छन् र त्यस्ता रुट किनबेच गर्न पनि स्वतन्त्र छन् ।

सिन्डीकेट-राज्यको शक्ति र क्षमता अपरम्पार छ । उनीहरूले पालो मिलाएर जनताको सेवामा यातायातको व्यवस्था गरेका छन् । एउटा गाडीमा यात्रुले अलिअलि सास फेर्ने ठाउँ बाँकी रहँदासम्म अर्को गाडीमा यात्रुलाई पस्न दिँदैनन् । ठोकठाक, ठेलठाल गरेर हिँड्ने, १५ जना अट्ने पत्रु गाडीमा खाँदी-खाँदी ५५ जना यात्रुहरूलाई चढाएर भीरबाट गुल्टिँदै, उठ्दै, यात्रुहरूको सातो र ज्यानसमेत खाँदै भए पनि उनीहरूले सेवा गर्दै आएका छन् । उनीहरू आफ्ना गुटका बाहेक कुनै सुविधासम्पन्न गाडीले आफ्नो रुटमा आँखा लगायो भने ढुंगाले हानेर त्यसका आँखा फुटाइदिन्छन् ।

यस्तो व्यवस्थित ढंगले चलिरहेको सिन्डीकेट राज्य-व्यवस्थालाई संरक्षण गर्नुको सट्टा यसलाई ध्वस्त पार्न केन्द्रीय सरकार बेलाबेला आक्रमणमा उत्रिने गरेको छ । यातायात व्यवसायीहरूले दशकौंदेखि कति कष्ट गरेर स्थापना गरेको एकलौटी राज्यमा सरकारले पटक-पटक हस्तक्षेप गरेको छ । कहिले सिट आरक्षणका नाममा हस्तक्षेप गरेको छ, कहिले विद्यार्थी सहुलियतका नाममा । कहिले वृद्ध, अशक्तलाई छुट गर भन्छ । कहिले थोत्रा गाडी हटाउन निर्देशन गर्छ । व्यवसायीहरूको अनुमति नै नलिई यात्रुलाई मात्र फाइदा हुने गरी सरकारले पटक-पटक यातायात व्यवसायीका हितविरुद्ध निर्णयहरू गर्दै आएको छ । भर्खरै पनि सिन्डीकेट-राज्यको एकलौटी हक रहेको सडकमा नयाँ सुविधासम्पन्न गाडीलाई रुट अनुमति दिएर उनीहरूको निर्बाध आम्दानीमा बाँध बाँध्ने कुचेष्टा गरेको छ । हुँदाहुँदा सरकारले सिन्डीकेट-राज्य नै भंग गर्ने निर्णय गरी घोर अधिनायकवादी चरित्र प्रदर्शन गरेको छ ।

तर, सरकारले ढाड थापेर बसोस्, सिन्डीकेट-राज्यले इँटाको जवाफ ढुंगाले फर्काउने भएको छ । सरकार आइलागेपछि सिन्डीकेट-राज्यका लडाकुहरूले सरकारविरुद्ध पहिला-पहिलाजस्तै जाई लागेर यसपालि पनि सरकारलाई आफ्नो राज्यबाट धपाएरै छाड्ने घोषणा गरेका छन् । उनीहरूले चक्काजाम गर्ने, आमहड्ताल गर्ने, केन्द्रीय तथा प्रादेशिक राजधानी र सहरहरूमा भद्रगोल गाडी चलाएर यातायात सेवालाई तहसनहस बनाउने र अन्त्यमा आफ्ना सम्पूर्ण गाडीहरूलाई ग्यारेजमा थन्क्याएर गणतन्त्र नेपालको यातायात क्षेत्रलाई ठप्प बनाउने कार्यक्रमहरू घोषणा गरेका छन् । आफ्नो अस्तित्व नै नामेट हुने गरी सरकारबाट आक्रमण हुन थालेपछि सिन्डीकेट-राज्यले पनि वार या पारको संघर्ष गर्ने भएको छ । आफ्नो स्वतन्त्र राज्य कायम राख्न अन्तिम सास रहुन्जेल लड्ने भएको छ । सिन्डीकेट-राज्यको रजाइँ यथावत् कायम गरेरै छाड्ने भएको छ । सरकारलाई घुँडा टेकाएरै छाड्ने भएको छ । हेरौं, अब बबुरो सरकार आफ्नो अडानमा टिक्दो रहेछ कि किक्रिक्क परेर घुँडा टेक्दो रहेछ !

KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर
को
स्वर्णपुर
2
बम्पर उपहार १ किलो सुन
हरेक महिना १० तोला सुन
हरेक साता १ किलो चाँदी
जित्नुहोस् १ किलो सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
वायरलेस हेडफोन
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रु २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"
* सर्तहरू लागू हुनेछन् ।
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9845882313 (कपिल, भरतपुर), 9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौँका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

सुरेन्द्र लाभ ॥

विकासको बौलाहा मोडेल

'हत्तेरी ! यस्तो पनि विकास हुन्छ ?' नाकमा रुमाल लिएर छोप्दै एक जना बटुवा जनकपुरको सडकमा रिसाउँदै थिए।' 'काठमाडौँमा पनि त यस्तै विकास भइरहेको छ,' नेताजस्तै देखिने अर्कोले रिसलाई न्यून गर्न तर्क बढाए। जनकपुरमा हाल एकीकृत सहरी परियोजना सञ्चालित छ। मुख्य मार्गहरू तोडिँदैछन्। सडक विस्तारको कार्य जारी छ। दुवैतिर बटुवा हिँड्ने पेटी पनि बनाउने रे ! सडक साँघुरो भो, दुवैतिर घरहरू भत्काइँदैछन्। मुख्य व्यापारिक सडकहरू अवरुद्ध छन्। व्यापार ठप्प छ। ठूलै विध्वंश भएको अनुभूति हुन्छ। धूलैधूलो चारैतिर व्याप्त छ। दृश्य भयावह बनेको छ, यस सुन्दर नगरीको। जो-कोहीको मुखबाट निस्कने वाक्य एउटै छ, 'जनकपुर सिरिया बन्यो।' उता भारतसँग जोडिने जनकपुर-भिठ्ठामोड सडक वर्षौंदेखि निर्माणाधीन नै छ। थोरै वर्षा हुँदा पनि सडकभरि हिलैहिलो हुन्छ। वर्षा नहुँदा धूलैधूलो। भारतसँग जोडिने अर्को मार्ग जनकपुरदेखि जटही खण्डको स्थिति पनि यस्तै छ, हिलाम्ये र धुलाम्ये। जनकपुरदेखि जयनगर रेलमार्ग ब्रोडगेजमा वर्षौंदेखि परिणत हुँदैछ र त्यो मार्ग पनि धूलो आच्छादित बनेको छ।

विकासको यस्तो क्रम जनकपुरमा मात्र होइन, पूरै नेपालमा अपनाइएको छ। वर्षौंदेखि काठमाडौँवासीले भोग्दै आएको पीडा हो यो। जनकपुरले आज भोग्दैछ। अन्य नगर पनि आक्रान्त छन्। प्रश्नहरू उठ्न थाले, के विकास भनेको यही हो ? यो विकास हो कि विनास हो ? प्रश्नहरू उठाउन पनि सक्नुपर्छ। सुरक्षित विकास हुन सक्छ कि सक्दैन ? यस पद्धतिको कुनै विकल्प छ कि छैन ? विकासको यो पद्धतिलाई पञ्चायती व्यवस्थाझैँ निर्विकल्प बनाइँदैछ। विकास चाहिन्छ, सबैलाई चाहिन्छ। सबैलाई आफ्नो नगर सुन्दर र व्यवस्थित चाहिन्छ। तरिकाको प्रश्न मात्र छ, यहाँ। यो धर्तीमा बाँचुन्जेल सास लिनैपर्छ। र, प्रत्येक सासमा धूलोलाई फोक्सोभित्र लिएर जाँदा पक्कै पनि स्वास्थ्यलाई राम्रो गर्दैन। नगरका बच्चा, युवा, वृद्ध सबैले लिने अक्सिजनलाई दूषित बनाउनु के न्यायोचित छ ? मास्क लगाउने विकल्प देखिन्छ। तर, यो पनि पूर्ण सुरक्षित नरहेको विचार चिकित्सकले बताइसकेका छन्।



घर, सडक आदि तोड्ने बेलामा जति गति तीव्र हुन्छ, पुनःनिर्माणमा त्यति हुँदैन। समयको कुनै महत्त्व छ कि छैन ? पुनःनिर्माणको अवधि लम्बिँदा सास्तीको अवधि पनि लम्बिन्छ। ठेकेदारहरूको कुनै समय-तालिका हुन्छ कि हुँदैन ? त्यसलाई अनुगमन गर्ने कि नगर्ने ? सडक निर्माण एउटा पद्धतिबाट गर्ने कि जथाभावी ? आधा सडक बनाएर आधा तोड्ने कि एकैचोटि तोड्ने र एकैचोटि बनाउने ? पैदल यात्रु, साइकल, मोटरसाइकल, यातायातका अन्य साधन सबैलाई अप्ठ्यारो छ अहिले। कताबाट जाने र कताबाट आउने ? गुणस्तरको प्रश्न छँदैछ। भ्रष्टाचार 'प्रवृत्ति' बन्दै गएको छ। निर्माण कार्यमा सहोदरको सम्बन्ध स्थापित हुँदैछ।

क्षतिपूर्तिको प्रश्न पनि उठ्ने गरेको छ। जग्गाधनी प्रमाणपुर्जा सरकारले दिने गरेको छ। जग्गामा जिन्दगीभरको आर्जन लगाएर व्यक्तिले घर बनाउँछ। र, सडक विस्तारको नाममा घर तोडिन्छ। आधा पेट खाएर घर बनाएकाहरूलाई पीडा थाहा हुन्छ। घर तोड्दा कतिपय व्यक्तिहरू डिप्रेसनको सिकार हुन्छन् र कतिपयको मृत्यु नै हुन्छ। जनकपुरमै एक जनाको घर तोड्न यता डोजर भिडाइयो, उता उनलाई हृदयाघात नै भयो। जसको लालपुर्जा छ, उसलाई समुचित क्षतिपूर्ति दिनु उचित छ। 'समुचित' शब्दको यहाँ विशेष अर्थ छ। जग्गाको सरकारी दस्तुर थोरै र बजार भाउ धेरै हुने गर्छ। तसर्थ, बजार भाउमा पनि थपेर क्षतिपूर्ति दिइँदैन भने विचरा घरधनी राज्यलाई जग्गा दिन कसरी प्रोत्साहित हुन्छन् ? यस्तो अभ्यास धेरै देशमा पनि रहेको छ। तर, यहाँ सबै मौन छन्। र, मौनताभित्र उकुसमुकुस छ। अर्को वैकल्पिक बाटो पनि छ, पुरानो नगरलाई यथावत् राखेर नयाँ योजनाबद्ध नगर बसाल्नु। पुरानै नगरलाई तोड्दा काठमाडौँमा प्रश्न उठ्छ, पुरानो सांस्कृतिक सम्पदाको विनास गर्ने ? जनकपुरमा घर तोडेर सामाजिक सञ्जाल चलाइन्छ, अब 'मिथिला हेरिटेज स्ट्रिट' बनाऔँ। प्रश्न उठिहाल्यो, लगानी कसले गर्ने ? मिथिला हेरिटेजको नमुना के-कस्तो हो ? सामाजिक सञ्जालमा सूचना दिने नगरपालिका आफ्नो निर्णयमा अडिग रहन्छ कि रहँदैन ? जनताको विश्वास पनि त जित्नुपर्‍यो।

विकासविरोधी भइएला भनेर सशक्त रूपमा आवाज उठिरहेको छैन। किनभने, विकासको यस्तै मोडेल अहिलेसम्म सिकाइएको छ, देखाइएको छ र पढाइएको छ। सरकारलाई कर तिर्ने जनताले विकासको मोडेलप्रति आवाज उठाएनन् भने विकास यस्तै बौलाहा हुन्छ। ◆

बुद्ध-सर्किट : कुरै बढी

मनोज पौडेल/तौलिहवा

चीनको सेन्चेनबाट आएकी २१ वर्षीया उपासिका वी योङ मी, बुद्धस्थल निग्रोधाराम पुग्दा निकै उत्साहित भइन्। रमाइन् पनि उत्तिकै। तर, अर्को बुद्धस्थल गोटिहवा जाने बाटो फेला नपर्दा अलमल परिन्। न साइनबोर्ड भेटिन्, न त बाटो नै देखिन्। फर्केर लुम्बिनी गइन्। उनीजस्तै बुद्धस्थल तिलौराकोट घुम्न आएकी न्युजिल्यान्डकी २८ वर्षीया सारा मार्टिनलाई पनि उस्तै समस्या। बाटोको रुट थाहा नपाउँदा अर्को बुद्धस्थल निग्लिहवा कसरी र कताबाट जाने भन्नेमा अलमलमा परिन्। पुग्नै सकिनन्।

बुद्धस्थल पुग्न एकअर्कामा जोड्ने सर्किट बन्न नसक्दा अहिले स्वदेशी-विदेशी पर्यटकले यस्तै समस्या व्यहोरिरहेका छन्। सरकारले बुद्धस्थल जोडेर पर्यटन प्रवर्द्धनका लागि बुद्ध-सर्किट बनाउने योजना वर्षौं पहिलेदेखिको हो। सरकारले बुद्ध-सर्किट बनाउन ९ वर्षअघि र लुम्बिनीमा सम्पन्न बौद्ध सम्मेलनले ३ वर्षअघि निर्देशन दिएको थियो।

बुद्धस्थलको एकीकृत विकासका लागि सर्किटको कुरा उठेको हो। तर, यहाँ फरक-फरक निकायले टुक्रे योजना बनाउँदा प्रभावकारी नभएको स्थानीय पर्यटन व्यवसायी बताउँछन्। लुम्बिनी आएका पर्यटकलाई कपिलवस्तु, रुपन्देही र नवलपरासीका बौद्धस्थलमा सजिलै पुऱ्याउन बुद्ध-सर्किटको योजना ल्याइएको हो। साविकको जिल्ला विकास समिति, सडक कार्यालय, लुम्बिनी विकास कोष, पर्यटन कार्यालय र नगरपालिकालाई जिम्मा दिइयो। यी निकायबीच समन्वय भएन। केही ठाउँमा ठूला पुल बनाउन बढी बजेट चाहियो। कतिपय ठाउँका बाटोमा गाउँबस्ती रहेकाले हटाउन समस्या पऱ्यो। यिनै कारणले योजना अघि बढ्न सकेन।

> बुद्धस्थलको एकीकृत विकासको कुरा उठे पनि टुक्रे योजनाहरुका कारण प्रभावहीन

तस्बिरहरू : मनोज पौडेल

सर्किट नहुँदा लुम्बिनी आउनेमध्ये १० प्रतिशत पर्यटक पनि कपिलवस्तु पुग्दैनन् । यो १० प्रतिशतको आधा पनि रुपन्देही र नवलपरासीका अन्य बुद्धस्थल पुग्दैनन् ।

कपिलवस्तु, रुपन्देही र नवलपरासीमा २ सयभन्दा बढी बुद्धसम्बन्धी पुरातात्विक स्थल छन् । कपिलवस्तुमा मात्र १ सय ३६ भन्दा बढी धेरै पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक पर्यटकीय बौद्धस्थल पत्ता लागेका छन् । जसमध्ये अहिलेसम्मको खोज-अनुसन्धानले सात बुद्धस्थल महत्त्वपूर्ण मानेको छ । अन्यको पनि विस्तारै अन्वेषण, उत्खनन् हुँदैछ । उक्त स्थलको विकासका लागि सरकारले ऐन बनाएर लुम्बिनी विकास कोषलाई जिम्मा दिए पनि अहिलेसम्म बुद्ध-सर्किटको काम अघि बढ्न सकेको छैन । विसं ०४२ मै सरकारले कोषलाई उक्त स्थलको जिम्मा दिएको थियो ।

भरपर्दो सडक, पूर्वाधार विकास र संरक्षण नहुँदा पर्यटक चाहेर पनि जान नसकिरहेको गुनासो पोख्छन्, पथप्रदर्शक प्रह्लाद यादव । भन्छन्, "सडक नहुँदा पर्यटकको बसाइ लम्ब्याउन सकिएको छैन । त्यसैले धार्मिक महत्त्वका पुरातात्विक, सांस्कृतिक स्थल ओझेलमा पर्दै गएका छन् । त्यसकारण छुट्टै बुद्ध-सर्किट बनाउनुपर्छ ।"

बुद्धस्थलको संरक्षण गर्ने जिम्मा पाएको लुम्बिनी विकास कोषले बुद्ध-सर्किटको खाकै बनाएको छैन भने पनि हुन्छ । "तीनवटै जिल्लाका मुख्य-मुख्य बुद्धस्थलको छुट्टाछुट्टै स-साना गुरु योजना बनाएका छौं," कोषका प्रोजेक्ट म्यानेजर इन्जिनियर सरोज भट्टराई भन्छन्, "बुद्ध सर्किटकै खाका भने छैन, गुरुयोजनाकै आधारमा विकास गर्छौं । त्यो नै पर्यटकीय गन्तव्य बनाउने आधार बन्छ ।"

लुम्बिनीस्थित मायादेवी मन्दिर

सरकारका विभिन्न निकायले बुद्ध-सर्किट बनाउने काम गरिरहे पनि समन्वय छैन । "बाटोलाई मात्रै फोकस गरी नवलपरासीमा बुद्ध-सर्किट सडक बन्दैछ," प्रोजेक्ट म्यानेजर भट्टराई भन्छन्, "तर त्यो सडक कुन-कुन बुद्धस्थलमा कसरी पुग्छ, त्यसबारे जानकारी छैन ।" त्यस्तै, एसियाली विकास बैंकको ऋण सहयोगमा पर्यटन मन्त्रालयले बुद्ध-सर्किट नेपालको खाका कोर्ने काम सुरु भएको छ । सरकारले पर्यटनविद् रविजंग पाण्डेको संयोजकत्वमा विज्ञ र प्राविधिक समावेश गरी टोली बनाएको छ । तर, त्यो टोलीको बृहत् कार्यदेश छ । पूर्वको खोटाङको हलेसीदेखि पश्चिम दैलेख, दुल्लु र कालीकोट हुँदै मानसरोवरसम्मलाई जोडेर बुद्ध-सर्किट बनाउँदैछ । गत साउनदेखि काम थालेको टोली असारसम्म प्रतिवेदन बनाएर सरकारलाई बुझाउनेछ । "बुद्ध-सर्किटलाई तीन जिल्लामा मात्र सीमित गर्नुको साटो मुलुकभर फैलाउँदा राम्रो हुन्छ," बुद्ध-सर्किट नेपालको खाका बनाउने समितिका सदस्य रामचन्द्र सेढाईं भन्छन्, "पर्यटन प्रवर्द्धन र बौद्ध सम्पदाकै संरक्षणमा सहयोग पुग्छ ।"

तर, स्थानीय खास बुद्धस्थललाई मात्रै राखेर खाका बनाउनुपर्ने धारणा व्यक्त गर्छन् । जस्तो कि, होटल एसोसिएसन अफ सिद्धार्थनगरका महासचिव लीलामणि शर्मा भन्छन्, "मुलुकैभरि समावेश गरी बनाउँदा त्यति प्रभाव पर्दैन ।" ◆

बुद्धको अस्तुधातु रहेको नवलपरासीस्थित रामग्राम

कानुनको खिल्ली

सुर्तीजन्य पदार्थकै कारण प्रत्येक वर्ष २५ देखि ३० हजार नेपालीको मृत्यु

■ भिषा काफ्ले

नेपालले प्रतिष्ठित 'ब्लुम्बड ग्लोबल टोबाको कन्ट्रोल अवार्ड' पायो, विसं २०७२ मा। अवार्ड पाउनुको कारण यस्तो थियो, 'जनस्वास्थ्यलाई प्रवर्द्धन गर्न सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा नै सबैभन्दा राम्रो कानुन ल्याएको छ।' एक लाख डलरसहितको उक्त पुरस्कार पाउनुले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको नाम मात्र उच्च भएन, 'जनस्वास्थ्यप्रति नेपाल सरकार चिन्तित छ' भन्ने सन्देश पनि गयो। ०६८ मा संसद्बाट पारित भएको सुर्तीजन्य पदार्थ (नियमन तथा नियन्त्रण गर्ने) ऐनका दफा र उपदफा यति राम्रा छन् कि विश्वका धेरै देशहरूले नेपालकै सिको गर्दै सोही अनुसार धमाधम कानुन निर्माण गर्दैछन्। कतिले कार्यान्वयन पनि गरिसकेका छन्। जस्तो कि, नेपालभन्दा धेरै पछि कानुन निर्माणको तयारी गरेका थाइल्यान्ड, म्यानमार, इन्डोनेसिया, भारत र श्रीलंकाले कानुन बनाएर त्यसलाई कार्यान्वयन पनि गरिरहेका छन्।

तर, नेपाल ! कानुन कार्यान्वयनको अवस्था हेर्दा नेपालले बनाएको कानुन त्यही अवार्ड पाउनका लागि मात्र ल्याएजस्तो देखिन्छ। "पुरस्कार पाएपछि अझ गतिशील कार्यान्वयनमा जाने अपेक्षा गरिएको सरकार रमाएर बसिरहेको छ," सुर्तीजन्य पदार्थ नियन्त्रण अभियानमा लामो समयदेखि काम गरिरहेको एक्सन नेपालका अध्यक्ष आनन्दबहादुर चन्द व्यंग्य गर्छन्, "कानुन साह्रै राम्रो बनाएका छौँ। कार्यान्वयनको पाटोलाई हेर्ने हो भने अवार्ड पाएको भनेर नाक फुलाउनुको कुनै औचित्य छैन।"

अवार्ड पाउँदा राम्रो काम गरेको भनेर अन्तर्राष्ट्रिय स्तरमा नेपालको छवि जति उच्च थियो, कार्यान्वयनको अवस्था हेर्दा नेपालको छवि धुमिल हुँदै गएको सुर्ती नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा काम गर्दै आएको द युनियनको एसिया प्यासिफिकका क्षेत्रीय उपनिर्देशक तारासिंह बम बताउँछन्। "विश्वमा कुनै यस्तो देश छैन, जहाँ कानुन बनेपछि आठ वर्षसम्म पनि कार्यान्वयन हुँदैन," बम भन्छन्, "यति राम्रो र सहज कानुन बनेर पनि कार्यान्वयन नगरी बस्ने सेरो रिजनमा नेपाल मात्र यस्तो देश हुँदैछ।"

कानुन कार्यान्वयनको प्रमुख हिस्सेदार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकारीहरू भने राजनीतिक अस्थिरतालाई दोष दिँदै उम्किन्छन्। "मन्त्रालयमा स्थायी नेतृत्व नहुँदा कार्यान्वयनको पाटो फितलो भएको हो," स्वास्थ्य मन्त्रालयका प्रवक्ता महेन्द्र श्रेष्ठ भन्छन्, "मन्त्रालयमा नयाँ नेतृत्व आएसँगै सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि नयाँ तरिकाले अगाडि बढ्ने गरी तयारी

कानुनमा के छ ?	कार्यान्वयनको अवस्था	कैफियत
सार्वजनिक स्थलहरूमा सेवन गर्न नपाइने	आंशिक	सार्वजनिक सवारीसाधनमा मात्र कार्यान्वयन भएको
अरूलाई असर गर्ने गरी घर तथा सार्वजनिक स्थलमा सेवन गर्न नपाइने	कार्यान्वयन नभएको	
चुरोट, बिंडी, सिगारको आकारमा कुनै पनि वस्तु उत्पादन गर्न नपाइने	कार्यान्वयन नभएको	बजारमा पाइएको
सुर्तीजन्य पदार्थको बट्टा, न्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ लेबलको बाहिरी कुल भागमध्ये ७५ प्रतिशत चेतावनीमूलक चित्र तथा सन्देश छाप्नुपर्ने (हाल ९० प्रतिशत बनाइएको)	आंशिक कार्यान्वयन	ऐनमा भएको ७५ प्रतिशतलाई बढाएर हाल ९० बनाइएकामा नेपालको सबैभन्दा बढी बजार ओगटेको सूर्य नेपालका उत्पादनमा लागू नभएको
१८ वर्ष नपुगेका र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न, गर्न लगाउन वा नि:शुल्क उपलब्ध गराउन पाउने छैन	कार्यान्वयन नभएको	
सुर्तीजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरबारे यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र बिक्रेताले माग गरे प्रमाण पेस गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ	कार्यान्वयन नभएको	
शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको सार्वजनिक स्थानबाट कम्तीमा एक सय मिटरभित्र घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न पाइने छैन	कार्यान्वयन नभएको	
फुटकर रूपमा चुरोट बिंडी सिगार(कम्तीमा २० खिल्लीभन्दा कम) बेच्न पाइने छैन	कार्यान्वयन नभएको	
नि:शुल्क रूपमा कसैले पनि सुर्तीजन्य पदार्थ वितरण वा उपहार दिन पाइने छैन	कार्यान्वयन नभएको	विवाह, सभा, समारोहमा अझै उपहारका रूपमा दिइने गरेको
सुर्तीजन्य पदार्थप्रति आकर्षित हुने गरी बिक्रीस्थलमा सजावट तथा प्रदर्शन गर्न पाइने छैन	कार्यान्वयन नभएको	
सार्वजनिक स्थानमा लाइटर या सलाई राख्न नपाइने	कार्यान्वयन नभएको	
चुरोटको खिल्ली बेच्न नपाइने	कार्यान्वयन नभएको	

गरिरहेका छौं । केही महिनामै त्यसको असर देखिने गरी काम हुन्छ ।"

त्यसो त सुर्तीजन्य पदार्थ नियन्त्रण, कानुन निर्माण र कार्यान्वयन अन्तर्राष्ट्रिय पुरस्कारसँग भन्दा जनस्वास्थ्य बढी सरोकारको विषय हो । पछिल्लो समय बढिरहेको नसर्ने रोगको प्रमुख कारणमा सुर्तीजन्य पदार्थको प्रयोग बढी देखिएको छ । नसर्ने रोगहरू हृदयाघात, क्यान्सर, मधुमेह, कडा दम, मास्तिष्कघात, यौन दुर्बलता, बाँझोपनजस्ता रोगको प्रमुख

कारण धूमपान नै हो । विकसित देशमा भन्दा पनि विकासोन्मुख देशमा यसको प्रभाव अझ बढ्दैछ । कुनै बेला महामारीका रूपमा विश्वलाई नै चुनौती दिएका एचआईभी, मलेरिया, दादुराजस्ता प्रकोप घट्दो छ भने सुर्तीजन्य पदार्थ सेवनबाट हुने प्रकोप बढ्दो छ । तीनवटै सरुवा रोगको प्रभाव जोड्दा पनि सुर्तीजन्य पदार्थको प्रयोगले हुने असर बढी देखिन थालेको विश्व स्वास्थ्य संगठनको तथ्यांकमा उल्लेख छ । हाल दादुराका कारण विश्वमा ६ लाख मानिसको मृत्यु हुने गरेको छ भने मलेरियाका कारण १० लाखको मृत्यु हुन्छ । त्यस्तै, एचआईभी संक्रमणबाट ३० लाख मानिसको मृत्यु हुने गरेको स्वास्थ्य संगठनको तथ्यांकमा उल्लेख छ । यी तीनवटै कारणभन्दा सुर्तीजन्य पदार्थ सेवनका कारण बढी व्यक्तिको मृत्यु भएको पाइएको छ ।

नेपालको जनगणना, ०६८ ले प्रत्येक वर्ष १ लाख ९६ हजार मानिसको मृत्यु हुने गरेको देखाएको छ । मृत्यु भएकामध्ये ६२ प्रतिशत नसर्ने रोगका कारण हुने विश्व स्वास्थ्य संगठनले सन् २०१६ मा निकालेको तथ्यांकमा उल्लेख छ । सन् १९९६ को एक सर्वेक्षणले नेपालमा ५१ प्रतिशत सरुवा रोग, ४४ प्रतिशत नसर्ने रोग र बाँकी ५ प्रतिशत अन्य दुर्घटनाका कारणले मृत्यु हुने गरेको देखाएको थियो । तर, उक्त सर्वेक्षणको २२ वर्ष पुग्दै गर्दा ठ्याक्कै अवस्था उल्टिएको नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का सदस्य-सचिव डा खेम कार्की बताउँछन् । नसर्ने रोग यसरी वृद्धि हुनुमा सुर्तीजन्य पदार्थ सेवन प्रमुख कारण रहेको उनको बुझाइ छ । "२० वर्षमा नेपालमा सर्ने र नसर्ने रोगको प्रकृति ठ्याक्कै उल्टो मात्र भएको छैन, नसर्ने रोगको अनुपात ज्यामितीय रूपमा बढ्दै गएको छ," कार्की भन्छन्, "वातावरण प्रदूषण, जीवनशैली परिवर्तनसँगै सुर्तीजन्य पदार्थ सेवनका कारण नसर्ने रोगले महामारीकै रूपमा स्थान बनाउँदै लगेको छ ।" सुर्तीजन्य पदार्थकै कारण नेपालमा कति मानिसको मृत्यु हुन्छ भन्ने यकिन तथ्यांक नभए पनि विभिन्न अस्पतालमा आधारित सर्वेक्षणले प्रत्येक वर्ष २५ देखि ३० हजार मानिसको मृत्यु हुने गरेको देखाएको छ ।

क्यान्सर रोग विशेषज्ञ प्राडा राजेन्द्र बराल सामान्य मान्छेलाई भन्दा पनि सुर्तीजन्य पदार्थ सेवन गर्ने मानिसलाई सबै खालका क्यान्सर लाग्ने सम्भावना ३० प्रतिशत बढी हुने बताउँछन् । "सुर्तीजन्य पदार्थ सेवन गर्नेलाई जुनसुकै प्रकारको क्यान्सरको जोखिम बढी हुन्छ," डा बराल भन्छन्, "नेपालमा फोक्सोको क्यान्सर एक नम्बरमा छ, त्यसको प्रमुख स्रोत नै सुर्तीजन्य पदार्थ हो ।" त्यसो त क्यान्सर मात्र होइन, सुर्ती सेवन गर्ने मानिसलाई मुटु, मस्तिष्क पक्षघात, मृगौला रोगको सम्भावना पनि बढी हुन्छ । मुटुरोग विशेषज्ञ डा ओममूर्ति अनिलका अनुसार सामान्य मानिसलाई भन्दा सुर्ती सेवन गर्ने मानिसलाई हृदयघातको सम्भावना तीन गुणा बढी हुन्छ ।

कानुनमा १८ वर्षसम्मका बालबालिकालाई सुर्ती सेवन गर्न बन्देज लगाउने मात्र होइन, पसलमा किन्न लगाउन र बोक्नसमेत नपाइने उल्लेख छ । तर, नेपालमा १३ देखि १९ वर्ष उमेरकाले सुर्ती सेवन सुरु गर्ने गरेको पाइन्छ ।

बहानामै बित्यो चार वर्ष

सुर्तीजन्य पदार्थ (नियमन र नियन्त्रण गर्ने) ऐन, २०६८ को दफा ९ मा सुर्तीजन्य पदार्थको खोल तथा र्‍यापर्समा कम्तीमा ७५ प्रतिशत चेतावनीमूलक चित्र तथा सन्देश अनिवार्य रूपमा छाप्नुपर्ने उल्लेख छ । ऐन आएको ६ महिने समय-सीमा दिएर त्यस्ता चित्र छाप्न सरकारले सुर्ती उद्योगहरूलाई परिपत्र गरेपछि उद्योगीहरू सर्वोच्च अदालत गएका थिए । सुरुमा अन्तरिम आदेश पाएका उद्योगहरूले त्यसैलाई टेकेर ऐन लत्याए । २७ महिनापछि (१४ पुस ०७०) सर्वोच्चका न्यायाधीश कल्याण श्रेष्ठ, तर्कराज भट्ट र ज्ञानेन्द्रबहादुर कार्कीको संयुक्त इजलासले सरकारको पक्षमा फैसला गरिदिएपछि बाध्य भएर सुर्ती उद्योगले ७५ प्रतिशत चेतावनीयुक्त चित्र छापेका थिए । ७५ प्रतिशत चित्र छापिएपछि स्वास्थ्य अनुसन्धान परिषद् र एक्सन नेपालले गरेको अध्ययनले दैनिक ११ खिल्ली चुरोट खानेले घटाएर ५ खिल्लीमा झारेको पाइएको थियो भने २५ प्रतिशतले चुरोट सेवन गर्न नै छाडेको उल्लेख छ । ऐनको सोही दफामा टेकेर सरकारले त्यसको एक वर्षपछि १३ कात्तिक ०७१ मा

कहिले के भयो ?

२६ वैशाख, २०६८
सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन पारित

२५ वैशाख, २०६९
नियमावली बनी राजपत्रमा प्रकाशित

१४ पुस, २०७०
सरकारको पक्षमा सर्वोच्चद्वारा फैसला, फैसलापछि ७५ प्रतिशत चेतावनीयुक्त सन्देश तथा चित्र छाप्न अनिवार्य

१३ कात्तिक, २०७१
निर्देशिका जारी

१ जेठ, ०७२
७५ प्रतिशत चित्र बढाएर ९० प्रतिशत बनाउनुपर्ने नियम

६ महिनाको समय दिएर पुनः चेतावनीयुक्त सन्देशको चित्र परिवर्तन र क्षेत्रफल बढाएर ९० प्रतिशत बनाउने गरी निर्देशिका जारी गऱ्यो। निर्देशिका अनुसार परिवर्तन भएको मापदण्ड आंशिक रूपमा मात्र कार्यान्वयनमा आएको छ। नेपाली चुरोट बजारको ८० प्रतिशत हिस्सा ओगटेको सूर्य नेपालले ७५ प्रतिशत मात्र सन्देश भएका चित्र छापिरहेको छ। तर, रोचक पक्ष के छ भने, उक्त निर्देशिका जारी भएपछि अदालत गएको पर्फेक्ट ब्लेम सुर्ती उद्योगले भने तोकिएको मापदण्डमा उत्पादन गरिरहेको छ। चार वर्षदेखि अदालतको तामेलीमा रहेको उक्त मुद्दालाई देखाउँदै सूर्य नेपालले भने अटेर गर्दै आएको छ। अदालतले अन्तरिम आदेश नदिएको र नयाँ कुनै निर्देशन पनि नआएको हुँदा आन्तरिक राजस्व विभागले मापदण्ड नपुगेका त्यस्ता उत्पादनलाई बजारमा जान नदिने तयारी गरेको छ। अब पनि अटेर गरेमा उत्पादन भएका चुरोट बजारमा जान नदिने बताउँछन्, विभागको अन्तःशुल्क शाखाका उपमहानिर्देशक मुकुन्द निरौला। भन्छन्, "भर्खरै गृह मन्त्रालयबाट मापदण्ड नपुगेका सुर्तीजन्य पदार्थमा स्टिकर नटाँस्नु भनेर परिपत्र आएको छ। सोही आधारमा हामीले सम्बन्धित शाखामा पत्र पठाइसकेका छौँ, नयाँ उत्पादन मापदण्ड अनुसार नभए बजारमा पठाउन दिँदैनौँ।"

सजाय जरिवानाको व्यवस्था

- सार्वजनिक स्थानमा धूमपान गरेमा तत्काल रोक लगाउने र रोक लगाउँदा नमानेमा उक्त स्थानबाट बाहिर निकाल्ने र एक सय रूपियाँ जरिवाना गर्ने
- सार्वजनिक स्थलसँग सम्बन्धित मानिसले त्यस्तो स्थानमा धूमपान गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा-सर्तसम्बन्धी कानुन अनुसार विभागीय कारबाही गर्नुपर्ने
- मापदण्डविपरीतको सुर्ती जफत भए त्यसलाई अनिवार्य नष्ट गर्नुपर्नेछ
- मापदण्डविपरीत उत्पादित सुर्तीजन्य पदार्थको बिक्री-वितरणमा रोक लगाउन सक्ने

सुर्तीसम्बन्धी जनचेतना पर्याप्त हुन नसक्दा युवा अवस्थामा यसको कुलतमा फस्ने गरेको उपमहानिर्देशक बम बताउँछन्। त्यसलाई रोक्ने सबैभन्दा सहज तरिका सुर्तीजन्य पदार्थको खोलमा अंकित सन्देशात्मक चित्रलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु उपयुक्त हुने उनको सुझाव छ। "नेपालमा टिनएजमै सुर्तीको लतमा फस्नेको संख्या अत्यधिक छ, बनेका कानुन मात्र कडाइसाथ लागू गरिने हो भने जनस्वास्थ्य क्षेत्रमा कायाकल्प हुन्छ," बम भन्छन्, "सन्देशात्मक चित्र छाप्ने र खिल्ली चुरोट बेच्न नपाइने नियमलाई मात्र कडाइसाथ लागू गर्ने हो भने पनि धेरै सुधार हुन्छ।"

सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुनका दफा र उपदफामध्ये चित्रात्मक सन्देशको विषय मात्र आंशिक कार्यान्वयनका चरणमा छन्। तर, अन्य दफा-उपदफा भने अझै पनि कानुनमै सीमित छन्। ◆

'विकासका नाममा फा

नेतृत्वमै रहेर पनि स्थायी प्रतिपक्षीजस्ता लाग्छन्, एमाले उपमहासचिव घनश्याम भुसाल । तीन वर्षअघि पार्टीको नवौं महाधिवेशनमार्फत् नेपाली समाजको फेरिएको चरित्र र अब लिनुपर्ने नीतिबारे आफ्ना एजेन्डाहरु अनुमोदन गराउन सफल भए पनि उनी पार्टीभित्र भूमिकाविहीनजस्तै राखिएका छन् । रूपन्देहीका सांसद भुसालले *नेपाल*सँग विस्तृत कुराकानी गर्दै आफ्नो पार्टीको नेतृत्वमा बनेको वाम सरकारले लिएका विकास समृद्धिसम्बन्धी सुरूआती कदमप्रति संशय व्यक्त गरे । अनि, वाम एकता प्रक्रियाबारे पार्टीपंक्तिलाई जानकारी नदिई नेतृत्वले 'टेन्टभित्रका तान्त्रिक'जस्तो व्यवहार देखाएको भन्दै कटाक्ष गरे । भुसालसँग **माधव बस्नेत, बाबुराम विश्वकर्मा र बसन्त बस्नेत**का प्रश्नहरु :

ठूलो जनसमर्थनसहित तपाईंको पार्टी सरकारमा छ । दुई महिनाको कामलाई कसरी समीक्षा गर्नुहुन्छ ?

विकास र समृद्धिका पक्षमा जुन जनमत बनेको छ, त्यसलाई लिड गर्छौं भन्ने हाम्रो दाबी जनताले पत्याएका छन् । एउटा पार्टीका लागि यो असाध्यै ठूलो उपलब्धि हो । चुनावमा कुलो, पानी, धारा आदिको कुरा हुने प्रचलन तोड्दै हामीले नयाँ भाष्य बनाउने प्रयत्न गर्‍यौँ- हाम्रो प्रतिव्यक्ति आय बढेको, रेल आएको, ठूलठूला नहर, बाटाहरू बनेको । चुनावताका हामीले बनाएको यो मनोविज्ञान अझै कायम छ । हामीले जति ठूला कुरा गरेका छौं, त्यसप्रति छलफल र विमर्शमा हुनुपर्ने जति गम्भीरता देखाउन सकेका छैनौं । सपना देखाइएको छ । सपनामाथि सपना खप्टिए भने ती दिवास्वप्न-दुस्वप्न अनेक हुन सक्छन् । तसर्थ, हामी आज ती सपनाहरू कसरी पूरा गर्छौं भन्ने कुरा अब जनतालाई भन्नुपर्नेछ ।

जलमार्ग, रेलमार्गजस्ता प्रधानमन्त्रीका विकास प्रयासहरूले देश समृद्ध हुने कतिपयको ठहर छ, तपाईंचाहिँ 'पानीजहाज चढेर मोदीवाद आउला' भनी आशंका गर्दै हुनुहुन्छ !

भारतले हामीमाथि नाकाबन्दी लगाएपछि त्यसको सामना गर्ने क्रममा हामीकहाँ राष्ट्रवादको भाष्य सघन रूपमा उठेको हो । विश्व इतिहासका तमाम घटनाक्रमले देखाउँछन्, राष्ट्रवाद सजिलै फासिवादमा जान सक्छ । किनभने, राष्ट्रवाद आफ्नो अस्तित्व, आफ्नो अधिकार, आफ्नो प्रतिष्ठा, इज्जत र सार्वभौमसत्ता एउटा राष्ट्रले दाबी गर्ने कुरा हो । तर, त्यसको दाबी गर्दैगर्दा अर्काको सार्वभौमसत्तामाथि हस्तक्षेप त गर्दैन भन्ने हेक्का राखिएन भने खतरा हुन्छ । भारतीय नाकाबन्दीका विरुद्धमा नेपालीहरू जसरी संगठित भए, यो राष्ट्रको कुरा हो । तर, यस्तो कुरा खास पार्टीले गर्‍यो, खास जातले गर्‍यो, खास भूगोलले गर्‍यो भनेर अहंकारका रूपमा आउन थाल्यो भने यो फासिवादमा रुपान्तरण हुन्छ । नाकाबन्दीलगत्तै ममा त्यो डर थियो, अहिले त्यो समाधान हुँदैछ भन्ने लाग्छ । राष्ट्रले अरूको थिचोमिचोविरुद्ध लडेर आर्जेको प्रतिष्ठा अब कसैले एक्लै प्रयोग गर्दैन ।

राष्ट्रवाद होइन, विकासको नाममा फासिवाद आउने खतरा छ । किनभने, यो मुलुकले विकास गर्नुपर्नेछ, धेरै पछौटे भयौं, एकपछि अर्को राजनीतिक अस्थिरताले गर्दा धेरै चिज गुमायौं, यसबाट निक्लनुपर्छ भन्ने कुरा छ । त्यसैले विकास, समृद्धि गर्ने कुरा छ । हामी सानो मुलुक हौं । साधन-स्रोत थोरै र सीमित छन् । हामी आफैंले जगाएका धेरै ठूला आकांक्षा छन् । यसका लागि असाध्यै छिटो विकास गर्नुपर्नेछ । किनभने, हामी गरिब छौं । यो अन्तर्विरोधले गर्दा छिटो विकास दिन हामी अरू विदेशी लगानीकर्तासँग जायज-नाजायज सम्झौता गर्ने दिशातर्फ पो जाने हौं कि ? द्रुत आर्थिक उपलब्धि गर्ने कुरा कुनै पनि देशका लागि छिटो र सजिलो बाटो होइन- अष्ट्रेलिया, अमेरिका, चीन कसैका लागि पनि । चीनको संसारभरि श्रमको जुन मूल्य चिनियाँ श्रमिकले पाएका छन्, त्यसको कथा-व्यथा र वेदनाको कुरा हेर्ने हो भने समस्यै समस्या छ । त्यसले गर्दा समृद्धि र विकासको राम्रो पाटो मात्रै छैन । त्यसले बगाएको आँसु, पसिना, हिंसाको कुरा बेग्लै छ ।

विकास समृद्धि प्राप्त गर्ने नाममा सरकारले जे पनि गर्न थाल्ने हो कि भन्ने तपाईंको आशंका हो ?

किनभने हामीलाई विकास देखाउनुपर्नेछ । रेल, पानीजहाज देखाउनुपर्नेछ । त्यो लगानी हामीसँग छैन । लगानी अन्तैबाट आउनुपर्नेछ । हामीले उनीहरूका सर्त मानेर रेल ल्याउने,

तस्बिर : रवि मानन्धर

सिवाद आउने खतरा छ'

पानीजहाज ल्याउने, हाइवेहरू बनाउनेतिर गयौं भने त्यसले देशभित्र विस्थापन र असन्तुष्टि ल्याउँछ । असन्तुष्टि दबाउन अनेक कानुन बनाउनुपर्ने हुन्छ । विस्थापनको पक्षमा कानुन बनाउनुपर्ने हुन्छ । तमाम काम गर्नुपर्ने हुन्छ । रेल त्यसै आउँदैन, पैसा हाल्नुपर्छ । पैसा हामीसँग छैन । जोसँग पैसा र रेल छ, त्यसले त्यसै दिँदैन । उसले केही नाफा खोज्छ । त्यसले हाम्रा खानी, खोला खोज्छ, हजारौं हेक्टर जमिन खोज्छ । रेलमा त्यस्ता कुरा लैजान नपाए उसलाई नाफा हुँदैन । त्यसले गर्दा हामीले अहिलेको कानुन बदल्नुपर्ने हुन्छ । १० बिघा, ११ बिघा जुन सिलिङ राखेको छ, त्यो हटाइदिनुपर्ने हुन्छ । १०/११ बिघा त हुँदै हो तर विदेशी आएर प्रविधि रूपान्तरण (टेक्नोलोजी ट्रान्सफर) वा यस्तो केही सहयोग गर्छ भने हामीले उनीहरूलाई असीमित अधिकार दिन्छौं भन्नुपर्ने हुन्छ । त्यसपछाडि त्यसले विस्थापन लिएर आउँछ ।

उनीहरू त्यसरी आउँदा पुँजी मात्रै लिएर आउँदैनन् । राजनीति लिएर आउँछन्, अरू धेरै कुराहरू लिएर आउँछन् । हामीकहाँ एउटा संघर्ष सुरु हुन्छ र त्यसलाई दबाउनका लागि राष्ट्रचाहिँ अझ हिंस्रक हुँदै जानुपर्छ । यो हिंसा-प्रतिहिंसाको दौरानमा राज्य अझै कानुनी, संवैधानिक, प्रशासनिक दमनका हिसाबले भयंकर हुँदै जान्छ । यसरी हाम्रो सत्ता फासिवादी हुन्छ । हामीले चाहेको विकास हो, चाहेर-नचाहेर प्राप्त हुन्छ, फासिवाद । यस्तो धेरै मुलुकमा भएको छ । हामी धेरै पछिको मुलुक भएको र यस्ता अनुभवहरू जानिसकेको हुँदा यसबाट सिक्नुपर्छ । यत्तिकै, एउटा सपना पूरा भयो कि भएन भन्दा अर्को सपना । अनि सपनाको तासमात्रै थप्दै गयौं भने त्यसले हामीलाई फासिवादमा लैजान्छ ।

तपाईंहरू विकास र समृद्धिको वाचा गरेर चुनाव जित्ने, अनि अहिले आएर विकास नगर्ने कुरा गर्ने ?

राष्ट्रवाद-फासिवाद, विकास-अविकास बहुत मसिनो रेखाले मात्रै छुट्याउँछ । विकास हामीलाई चाहियो । तर, धेरै ठाउँमा विकासले विनास निम्त्याएको छ भन्ने कुरा हामीलाई भनिरहनुपरेन । भयंकर विकास गरेको अमेरिकालाई हेरौं । गत वर्ष अमेरिकाले ३ प्रतिशत आर्थिक वृद्धि गर्‍यो, यो डरलाग्दो विकास हो । तर, अमेरिकाभित्रै हेर्नुहुन्छ भने १ प्रतिशतविरुद्ध ९९ प्रतिशत भन्ने संकट त छँदैछ । हामी कता जाने हो ? हामीलाई विकास चाहियो तर त्यो विकास वास्तविक जनताको, निमुखा जनताको र उनीहरूको समृद्धिसँग गाँसिन्छ कि गासिँदैन भन्ने हो । मेरो एक दशकयताको वर्ग विश्लेषणमा नेपालमा त्यस्ता श्रमिक जुन संगठित र असंगठित दुई प्रकारका छन् । म तिनीहरूलाई श्रमिक र सीमान्त श्रमिक भन्ने गर्छु । ती श्रमिक जसको केही पनि छैन, श्रम गर्ने ठाउँ पनि छैन । आफ्नो ज्ञान, शिक्षा, सीप, पुँजी र भूमिको हिसाबले श्रम गर्ने अवस्थासमेत तिनीहरूलाई छैन । काम गर्ने पुस्ता हाम्रो सबैभन्दा ठूलो महत्त्वको जनसंख्या हो, जसलाई हामीले काम दिनुपर्नेछ र उद्यममा ल्याउनुपर्नेछ । मैले भन्न खोजेको के हो भने प्रशान्त महासागरको पानीजहाज र हाम्रा ती सडक बालक- जो कुकुरसँग सुत्छन्, जो अरूले फालेको पाउरोटीका लागि कुकुरसँग लड्छन्- यी आपसमा जोडिँदैनन् भने, उनीहरूको रोजीरोटी, लगाउने कपडा, पढ्ने किताब आपसमा जोडिँदैनन् भने यो डरलाग्दो हुन्छ । यसर्थ विकासको यो तरिकालाई मैले फासिवादी विकासको मोडल भन्ने गरेको छु ।

> **प्रशान्त महासागरको पानीजहाज र हाम्रा ती सडक बालक- जो कुकुरसँग सुत्छन्, जो अरूले फालेको पाउरोटीका लागि कुकुरसँग लड्छन्- यी आपसमा जोडिँदैनन् भने, उनीहरूको रोजीरोटी, लगाउने कपडा, पढ्ने किताब आपसमा जोडिँदैनन् भने यो डरलाग्दो हुन्छ ।**

यो विकास मोडलबारे पार्टीभित्र कत्तिको कुरा भएको छ ?

यो बहसमा धेरथोर म आफैं पनि संलग्न छु । एमालेको आठौं महाधिवेशनमा हामीले जनवादी क्रान्ति सकियो, अब विकास गर्ने भन्यौं । समृद्धिको यात्रा हुँदै समाजवादतर्फ जाने । राजनीतिक अर्थशास्त्रको भाषामा भन्ने हो भने राष्ट्रिय पुँजीको तयारी गर्दै समाजवादतर्फ जाने हो । तर, सँगै भन्दै आएका छौं, हाम्रो उत्पादक शक्तिको मुख्य क्षेत्र भनेको सीमान्त श्रमजीवी नै हो । यसर्थ मेरा लागि यो नयाँ कुरा होइन ।

नेतृत्वले के जवाफ दिएको छ ?

सुरुमा हामी केन्द्रीय कमिटीमै नभएकाले उठाएको विचार भएको हुँदा नेतृत्वले ध्यान दिनैपरेन । किनभने, त्यसबेलासम्म हामी उहाँहरूका कार्यकर्ता देखियौं । केन्द्रीय कमिटीमै भए पनि काँधमा फुली लगाएका हैसियतवाला परिएन । त्यसैले त्यसबेलासम्म हाम्रो कुरा नसुनिनु स्वाभाविक लाग्छ । तर, यिनै बहसका आवाज गुन्जनहरूले हामीलाई केन्द्रीय कमिटीसम्म पुर्‍याए । मिडिया र बौद्धिक बहसमार्फत त्यसलाई धेरै अगाडि लिएर आयौं । त्यसबेलासम्म नेताहरूलाई यो गम्भीर मुद्दा बन्नेछ भन्ने लागेकै थिएन । मुद्दा त बन्यो, सुरुदेखि नै उहाँहरू त्यसलाई बुझ्न नचाहेका कारण पछिसम्म पनि यसको महत्त्व बुझ्नुभएन । तर, महाधिवेशनमा यो त बहुमतमा जाने भयो । त्यसैले उहाँहरूले विचार र समर्थन गरेको भन्दा पनि यो बहुमतमा जाने भन्दा ल, ल सहमति गरौं भनेर लगियो । अर्को के भयो भने अध्यक्ष (ओली) बिरामी हुनुहुन्थ्यो । उहाँ आफैंले महाधिवेशन हलमा उभिएर भन्नुभयो, 'म बिरामी थिएँ, मलाई यो दस्तावेज के-के बनाउनुभएको छ, त्यो पनि थाहा छैन । तर, जे बनाउनुभयो, त्यो ठिकै छ ।' भन्नुको अर्थ हाम्रो अध्यक्ष नै विचार बनाउने प्रक्रियामा सहभागी हुन पाउनुभएन । आठौं महाधिवेशनमा हामीले राखेका विचार नवौं महाधिवेशनको मूलभूत प्रस्तावना हुनुपर्ने हो, त्यो कुरामाथि पर्याप्त छलफल हुन पाएन । त्यसले गर्दा आज जुन विकास र तीव्रताको पक्षमा हामी छौं, त्यो दबाब विचार, छलफल र बहस गर्नुपर्ने दबाब हामीमाथि आएन । त्यसैले योचाहिँ एक हिसाबले भन्दा अपर्याप्त, अपूर्ण छ । इमानका साथ भन्नुपर्छ, आज विकासको जुन संकल्प हामी गरिरहेका छौं, त्यसबारे विमर्श भएको छैन ।

उसो भए सरकारका सुरुआती पाइला विकास-अविकासमध्ये कतातिर लक्षित देखिन्छन् ?

म अझै पनि निरास किन छैन भने यो हाम्रो मात्रै मुद्दा बनेको छैन ।

यो अन्तर्राष्ट्रिय मुद्दा बनेको छ । हाम्रा अन्तर्राष्ट्रिय भनेका ७५/८०/९० प्रतिशत चीन र भारत हुन् । यी दुवै राष्ट्रमा तीव्र आर्थिक विकास छ । यो यथार्थ हो । नेपाल समुद्रमा यस्तो टापुजस्तो छ, जहाँ वरिपरि विकास, समृद्धि बलियो बनाउन सक्ने राज्यका अनेक चिज छन् । त्यसबाट हामी अछुतो रहनै सक्दैनौं । यहाँ बलियो राज्य हुन्छ, यहाँ समृद्धि आउँछ । समृद्धि त्यो बलियो राज्य हो, त्यो कसरी आउँछ ? केही व्यक्ति बलिया हुन्छन् । स्वप्नजीवीहरू बलिया हुन्छन्, तिनको नियन्त्रणभित्र राज्य बलियो हुन्छ ? तिनीहरूका वारिपारिका छिमेकीले सहयोग गर्छन् ? तिनको समर्थनमा यहाँभित्र जनता, अधिकार, उदारता यी सबै कुरा गौण हुन्छन् । अर्को, लोकतान्त्रिक राज्य बलियो हुने प्रक्रिया- जहाँ तलको जनता श्रमजीवीसमेतलाई हामी उद्यममा लिएर आउँछौं । र, त्यो उद्यमले राजनीतिलाई गाइड गर्छ । यसरी लोकतान्त्रिक समृद्धिको अर्को पाटो छ । हामी यो दोसाँधमा छौं । मचाहिँ यसभन्दा अर्को कल्पना गर्दिनँ । नेपालमा कम्युनिस्टको राज्य र यस्तै अविकास यो कुरा अब कल्पना नगरे हुन्छ, या तिनले गर्छन् या हामीले गर्नुपर्छ । या त तिनले केही मान्छे ठड्याउँछन्, तिनीहरूमार्फत गर्छन् या त हामी आफैं कर्ता, पात्र हुन्छौं र हामीले राष्ट्र विकास गर्छौं ।

ल्याटिन अमेरिकालगायत अन्यत्र देखिएका वाम सरकारका कमजोरीहरू यहाँ पनि दोहोरिने सम्भावना छ भन्न खोज्नुभएको ?

यस्ता प्रश्नमा प्रवेश गर्न बौद्धिक जमात पनि डराएको छ । समृद्धिको ज्वरो यति तीव्र आएको छ कि कसैले यसका बारेमा बोल्न पनि डराइरहेका छन् । मिडियामा पनि समृद्धिको भयंकर कामज्वरो छुटेको छ । बौद्धिक कामज्वरोमै लागेका छन् । कहिलेकाहीँ लाखौं मान्छे एकैचोटी बहुलाउँछन् । हामीकहाँ पनि कतै यो समृद्धिको बौलाहट बढ्ता जागेको हो कि ? तर गाली गरेर मात्रै सुख पाइँदैन । सचेत नागरिक र यो प्रक्रियामा सहभागीको हिसाबले सामना गरेर जाने हो । हामीले लोकतन्त्रलाई सामाजिक, आर्थिक र राजनीतिक जीवन, यी दुवै क्षेत्रमा समान रूपमा ध्यान दियौं भने असाध्यै राम्रा सम्भावना आउँछन् । भू-अर्थराजनीतिका अनेक सम्भावना छन् हामीसँग । धेरै राम्रा सम्भावना पनि छन् । तर, आज छलफल कुराकानी जति चाहिन्थ्यो त्यति हुन पाएको छैन । यसले ढिलो हुन सक्छ । ढिला हुँदा धेरै कुरा बिग्रन सक्छ ।

> आज विकासको जुन संकल्प हामी गरिरहेका छौं, त्यसबारे विमर्श भएको छैन ।

अर्को प्रसंग, एमाले-माओवादी एकता तयारीका क्रममा यी कुराहरू कति उठेका छन् ? कि सत्ताकै बाँडचुँड केन्द्रमा राखिएको हो ?

आजसम्मको गतिविधि हेर्दा लाग्छ, दुई जना तान्त्रिक (ओली र प्रचण्ड) एउटा टेन्ट टाँगेर भित्र बसेका छन् । अनि, सारा मुक्तिकामी मान्छेचाहिँ टेन्टबाहिर बसेर भित्रका ईश्वरबाट केही आउनेछ भनी हेरिरहेका छन् । हाम्रो चेतना, शिक्षादीक्षा, आन्तरिक जनवादको कमी आदिले यस्तै बनाइदियो, मानौं तान्त्रिकहरूले केही खेल, तन्त्रमन्त्र गर्छन्, केही बुटी निकाल्छन्, झारफुक गरेर, इन्द्रजाल पढेर भन्ने किसिमको रह्यो । हामीले एकता प्रक्रिया सुरु गर्दा वैचारिक आधार खोज्यौं- हाम्रो अन्तर्राष्ट्रिय भूराजनीतिक अवस्था छ, हाम्रो ऐतिहासिक आवश्यकता छ, देशभित्रको राजनीतिक आवश्यकता छ, कम्युनिस्टहरू मिल्दा बहुमत आउँछ, यी नमिलेकाले आएन । यी पार्टी मूलतः राष्ट्रिय पुँजीको विकास गर्ने मान्यता राख्छन् । सुरुमै सैद्धान्तिक आधारबाट सुरु भयो भन्ने हिसाबले सबिस्तार बहस गरेको भए आजसम्म कार्यकर्ता तल प्रशिक्षित भइसक्थे । र, त्यसले गर्दा हामीले भित्र तान्त्रिक राखेर बाहिर केही आइहाल्छ कि भनेर हेर्नुपर्दैनथ्यो । प्रशिक्षणले नै यो एकता त्यतातर्फ लक्षित हुन्थ्यो । अहिले त कस्तो छ भने अब टेन्टबाट निस्कँदा के भनेर निक्लने हुन् ।

यो एकता प्रक्रियामा तपाईंहरूलाई छुटाइएकाले यस्तो कडा टिप्पणी आएको हो ?

त्यस्तो कसैले ठान्छ भने राम्रो । किनभने, विचारको कुरामा हामीले दाबी गर्नुपर्छ, हामीलाई छाडेर वाम एकताको वैचारिक पक्ष पूर्ण हुँदैन भन्ने कुरा म तपाईंहरूलाई साक्षी राखेर बताउन चाहन्छु ।

यी दुइटा पार्टी जोड्ने त्यस्तो विचार के हो ?

कस्तो समृद्धि ? कस्तो राष्ट्रिय पुँजी ? राष्ट्रिय पुँजीका बारेमा संसारैभरि असाध्यै धेरै बहस भएका छन्, त्यसलाई हामी कसरी परिभाषित गर्छौं ? पुँजीको विकासका क्रममा मान्छेलाई किनारा लगाउँदा वर्ग अन्तर बढ्छ, त्यो अन्तर अझै नबढोस् भन्न हामी कस्तो सोचबाट अघि जान्छौं आदि मुद्दा पार्टीका मूल विचारसँग सम्बन्धित छन् । त्यसैले मलाई कत्ति पनि भन्न अप्ठ्यारो छैन, हामीलाई छुटाइएकाले नै विचारको समस्या आएको हो । मैले वा कसैले पनि यिनीहरूले हामीलाई लिएनन्, यी अब जहाँसुकै जाऊन् भन्नचाहिँ हुँदैन । यसैलाई जे छ, अब हाम्रो बनाउनुपर्छ ।

केपी ओलीसँग विवाद गरेर चर्चामा आइरहनुहुन्छ । उहाँको नेतृत्वका सकारात्मक पक्ष पनि होलान् नि ?

एमाले स्थापित हुने केही ऐतिहासिक कारण छन् । नेतृत्वको कुरा गर्ने हो भने राम्रा नेताहरू जन्माउँदै गयो । मनमोहन अधिकारी यो मुलुक र पार्टीको राम्रो सन्तान । मदन भण्डारी अर्को एउटा धेरै राम्रो सन्तान । राष्ट्रिय अस्थिरता र गन्जागोलका बीचमा माधव नेपालजीले जुन भूमिका खेल्नुभयो, समस्या समाधानका लागि त्यो पर्याप्त हो भन्ने सकारात्मक मूल्यांकन गर्छु । किनभने, ०५२-५३ देखि हामी निरन्तर राष्ट्रिय संकटको समाधान शान्तिपूर्ण वार्ताद्वारा गरौं, नत्र राष्ट्रिय अस्तित्व बर्बाद हुन्छ भन्दै आयौं । यो विचारको नेतृत्व उहाँले गर्नुभयो । अस्ति प्रचण्डजीले बैठकमै भन्नुभयो, 'एमाले नभएको भए त्यसबेला जनयुद्धको रक्षा हुँदैनथ्यो ।'

प्रचण्ड त परिस्थिति हेरेर टिप्पणी गरिरहनुहुन्छ भन्नुहुन्थ्यो तपाईंहरू !

उहाँले गरेको ऐतिहासिक टिप्पणी, जुन ठीक हो, यहाँ मैले त्यसको कुरा गरेको हो । किनभने, यो प्रक्रियाको नेता माधवजी हुनुहुन्थ्यो । त्यस्तै, झलनाथ खनाल छोटो समयका लागि अध्यक्ष हुनुभो । आफ्नो कार्यकालमा उहाँ बिरामी हुनुहुन्थ्यो । दुइटा कुराको श्रेय उहाँलाई दिन्छु । नेपालमा एक मधेस एक प्रदेश हुनुहुँदैन भन्ने विचारको खास नेता झलनाथ हुनुहुन्थ्यो । दोस्रो, माओवादीले हामीलाई युद्ध हारेको दासजस्तो व्यवहार गर्थ्यो । त्यस्तो बेला एमालेभित्र अनेक कचिंगल थिए । तर, अनेक आरोप, अपमान सहेर भए पनि उहाले पार्टीलाई बचाउनुभयो ।

हाम्रो खास प्रश्न ओलीबारे थियो...!

ओलीजीको नेतृत्वमा हामीले राजनीतिक मोर्चामा एकपछि अर्को उपलब्धि प्राप्त गर्दै आएका छौं । संविधान जारी गर्ने बेला, नाकाबन्दीको प्रतिरोध गर्ने बेला, चीनसँग सम्बन्ध विस्तार गर्ने बेला, अनि मैले तान्त्रिकजस्तो भने पनि पार्टी एकताको पहल लिने बेला उहाँको नेतृत्व कौशल देखिएको छ ।

वाम एकता प्रयासबारे अनेक अनुमान भइरहन्छन् । भित्र मिलाप छ कि धक्कामुक्का, कसरी थाहा पाउने ?

टेन्टबाट निक्लेका बेला दुई तान्त्रिकको अनुहार हेरेर अनुमान लगाउने । भित्र आलिंगन गरेर निक्ले कि धक्का-मुक्का गरे भन्ने कुरा टेन्टबाट निक्लँदा उनीहरू कस्ता देखिएका छन्, हेर्ने । तर, यिनीहरू धक्का-मुक्का गरेर निक्ले पनि भोलि आलिंगन गर्दै आउन सक्छन्, आलिंगन गरे भने पनि लट्ठीले हिर्काएर धक्का-मुक्का गर्ने सम्भावना उति नै छ । आन्तरिक लोकतन्त्रको प्रक्रिया कमजोर हुँदा यस्तै हुन्छ । ◆

A TATA Product

VOLTAS

INDIA'S MOST ENERGY EFFICIENT

VOLTAS ALL WEATHER AIR CONDITIONERS

2018 SERIES NOW IN NEPAL

The New Voltas All Weather AC Is both Stylish & Efficient. Its Unique Compressor Technology Gives You Consistent Cooling / Heating & Optimum Power Savings. With its State-of-Art Design You Get an AC that Fits Your Lifestyle.

ENERGY EFFICIENCY

GREEN technology

India's No.1 AC Brand

VOLTAS all weather™

ALSO AVAILABLE: CEILING CASSETTE | FLOOR STANDING | DUCTABLES | VRF UNITS | CHILLERS

Sole Distributor for Nepal

TECHNO TRADE PVT. LTD.

New Plaza, Kathmandu, Nepal
Ph. : +977 1 4425299, 4436441
Fax : +977 1 4419128
Email : info@technotrade.com.np

SPECIAL OFFER FOR PROJECTS/BANKS, CALL : 9851087991

BRAND SHOP : Artonic Plaza, Birgunj : 522743, 9845033743

AVAILABLE IN ALL THE MAJOR CITIES/TOWNS ACROSS NEPAL

वाम एकतामा

पछिल्लो गतिरोध कायम रहे एमाले–माओवादी एकता कठिन

बाबुराम विश्वकर्मा

एमाले र माओवादी केन्द्रबीच १७ असोज ०७४ मा भएको ६ बुँदे सहमतिको दोस्रो बुँदामा भनिएको छ, "प्रदेशसभा तथा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएपश्चात् विधिवत् पार्टी एकता सम्पन्न गर्ने ।"

संयुक्त चुनावी गठबन्धनको आकस्मिक घोषणा हुँदै गर्दा दुई वामबीच पक्कै एकता होला भन्ने धेरैको अपेक्षा थियो । आमचुनाव ०७४ मा दुई वाम दलको संयुक्त चुनावी दौड, साझा घोषणापत्र अनि साझा उम्मेदवारीले पनि वाम एकता हुने आमअपेक्षालाई बल नै पुऱ्याएको थियो । कतिपयले त चुनावअघि वा चुनावी दौरानमै पार्टी एकताको घोषणा भइहाल्ने हो कि भन्ठानेका थिए ।

चुनाव सकियो, वाम एकता चर्चा सेलायो । चुनावमा बढी सिट हासिल गर्न र वाम वर्चस्व कायम गर्ने उद्देश्यले गरिएको वाम गठबन्धन यता आएर वाम दाउपेचमा बदलिएको छ । पार्टी एकता दुई वाम दलका नेताको भाषणमा सीमित भएको छ । संयुक्त सरकारको नेतृत्व गरेको एमालेका लागि पार्टी एकताभन्दा सत्ता सञ्चालन मुख्य विषय भएको छ भने माओवादी आफ्नै सुरमा छ । विश्लेषक विष्णु सापकोटा भन्छन्, "एकताको कुरा गरेर चुनाव जित्नु थियो, जिते । गठबन्धनको उद्देश्य पूरा भयो । त्यसैले एकताको कुरा गरिरहने तर यथार्थमा एकता नगर्ने नीति एमाले-माओवादीले लिएका छन् ।"

एमाले-माओवादीबीच पार्टी एकताको सहमति भएको सात महिना पूरा हुँदैछ । यी सात महिनामा दुवै दलले पार्टी एकताका लागि वस्तुनिष्ठ आधार तयार गर्न सकेनन्, न त विश्वसनीय गृहकार्य अघि बढाए । मुख्य पदहरूको भागबन्डा र लेनदेनमै दुई दलको समय र शक्ति खर्च भएको छ । त्यसैले एमाले-माओवादीबीचको पार्टी एकीकरण अनिश्चित भइसकेको छ । कुनै चमत्कार भएर दुई पार्टीबीच एकता भइहाले पनि त्यो एकता टिकाउन झन् ठूलो महाभारत हुने पक्का छ । विश्लेषक श्याम श्रेष्ठ भन्छन्, "एमाले-माओवादीबीच सैद्धान्तिक, वैचारिक आधारमा एकता हुन लागेको होइन, सिद्धान्तबिना एकता नै हुँदैन, भइहाले पनि टिक्दैन ।"

असंगति

एमाले र माओवादी नेताहरूलाई पार्टी एकता कहिले हुन्छ भन्ने जिज्ञासा राख्दा अधिकांशको जवाफ बनिबनाउ हुन्छ- जतिसक्दो छिटो, एक-दुई दिनभित्र, निकट भविष्यमै, दुई अध्यक्ष बसेर मिति तय गर्नुहुन्छ आदि-इत्यादि । यी यस्ता जवाफ हुन्, जसले

बादल



कुनै मितिको संकेत गर्दैनन् । एमाले उपाध्यक्ष तथा पार्टी एकता संयोजन समिति सदस्य वामदेव गौतमले 'पार्टी एकताका लागि ९९ प्रतिशत काम सकिएको' दाबी गरेको पनि दुई महिना बितेको छ । तर, दुई वाम दलबीचको एकता कहिले हुन्छ भन्ने प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पनि थाहा छैन । किनभने, ओली-प्रचण्डले प्रक्षेपण गरेको समय धेरै पटक गुज्रिइसकेको छ ।

प्रचण्डले २१ मंसिर ०७४ को चुनावपछि पहिला पार्टी एकता, त्यसपछि सरकार गठन हुने बताएका थिए भने ओलीले पहिला सरकार, अनि पार्टी एकता गर्ने भनेका थिए । ३ फागुन ०७४ मा सरकार गठन भयो । ओली-प्रचण्ड दुवैका भनाइ गलत साबित भए । सरकार गठनअघि पनि पार्टी एकता भएन, सरकार गठन भएको दुई महिना बितिसक्दा पनि वाम एकतामा देखिने प्रगति भएको छैन । ७ फागुन ०७४ मा एमाले-माओवादीले पार्टी एकीकरणका लागि प्रारम्भिक आधार किटान गर्नेबाहेक केही गरेका छैनन् । त्यसमा एकीकृत पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी र निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद रहने भनिएको छ ।

त्यसो त एमाले-माओवादी एकता प्रसंगको प्रतीक्षित मिति हो, ९ वैशाख ०७५ । रुसी कम्युनिस्ट नेता लेनिनको जयन्ती अनि नेकपा स्थापना दिवस ९ वैशाख हो । २२ चैत ०७४ मा अन्तरिम राजनीतिक प्रतिवेदन तथा विधान तयार गर्न गठित कार्यदलले पार्टी एकता संयोजन समितिलाई ९ वैशाखमै एकता गर्न सुझाएको थियो । तर, त्यो सुझाव आएलगत्तै प्रधानमन्त्री भारत भ्रमणमा निक्लिए । पार्टी एकतामा संशय पैदा भएको भन्दै ४ वैशाख ०७५ मा प्रधानमन्त्री निवास बालुवाटारमा बसेको एकता संयोजन समितिको बैठकले ९ वैशाखमा एकता नभ्याइने ठहर गर्‍यो ।

त्यस बैठकले एकतामा देखिएका विवाद मिलाउन ओली र प्रचण्डलाई जिम्मा दिएको भनिएको थियो । तर, ६ र ७ वैशाखका ओली-प्रचण्डबीच दुई अलग वार्ताहरू एकताको मिति तोक्न असमर्थ रहे । यही बीच ५ वैशाखमा अध्यक्ष प्रचण्डले चितवनबाट मिड मे (जेठको पहिलो साता) एकता हुने नयाँ भविष्यवाणी गरे । विश्लेषक सापकोटा भन्छन्, "त्यसैले एकताको कुरा केवल लोकलाजका लागि गरिएको प्रष्ट भइसकेको छ ।"

नयाँ सर्त

एकताका लागि जतिसुकै सैद्धान्तिक मतो मिलिसकेको दाबी गरिए पनि दुई दलबीच चुनाव चिह्न, संगठनमा हिस्सेदारी अनि दुवै पार्टीका राजनीतिक कार्यक्रमबारे विवाद चर्केको छ । बराबरी हैसियत नपाए एकता नहुने अध्यक्ष प्रचण्डको सर्तबाट एकता झन् टाढिने देखिएको छ । पछिल्ला दिनहरूमा प्रचण्डले एकीकृत पार्टी र जनसंगठनमा माओवादीको ५० प्रतिशत हिस्सेदारी कायम हुनुपर्ने नयाँ सर्त अघि सारेका छन् । प्रचण्डनिकट माओवादी नेता अग्निप्रसाद सापकोटा भन्छन्, "समानताका आधारमा पार्टी एकता गर्ने भनेको बराबर हैसियत कायम गर्ने भनेको हो । बराबरीबिना एकता होइन, एउटा पार्टी अर्कोमा विलय हुन्छ, विलय हुन खोजेको होइन ।"

आमचुनावमा ६०-४० को भागबन्डामा सहमत भएको माओवादी चुनावबाट ३० प्रतिशतमा खुम्चियो भने एमाले ७० मा उक्लियो । एमाले-माओवादी बराबरी हैसियतमा छैनन् भन्ने बुझ्न पार्टी एकता संयोजन समितिकै बनोटले पनि स्पष्ट हुन्छ । समितिमा एमालेका पाँच नेता छन् भने माओवादीका तीन । यी सबै हुँदाहुँदै माओवादीले एकाएक अघि सारेको ५० प्रतिशतको सर्तले एमालेलाई झस्काएको छ । यो सर्त अघि सार्न प्रचण्डलाई माओवादीभित्रैबाट चर्को दबाब परेको छ ।

२ वैशाख ०७५ मा वाइसीएल टोलीले उनलाई भेटेर पार्टी र भ्रातृ संगठनमा ५० प्रतिशत हिस्सेदारी नपाए एकता स्वीकार नहुने दबाब दियो। अनि, पछिल्लो राजनीतिक परिवर्तनमा 'जनयुद्ध'को उच्च योगदान रहे पनि त्यसलाई छायामा राखेर एकता गर्न खोजिएको उसको बुझाइ छ। किनकि, १७ असोज र ७ फागुनका दुवै लिखतमा 'जनयुद्ध'शब्द परेको छैन। वाइसीएल-प्रचण्ड भेटअघि माओवादी मन्त्रीहरूले अध्यक्ष प्रचण्डलाई भेटेर प्रधानमन्त्रीले एकलौटी रूपमा सचिव सरुवा गरेकोप्रति असन्तुष्टि राख्दै ओलीको कार्यशैली सुधार गर्न ध्यानाकर्षण गराएका थिए। त्यसैको परिणाम हो, माओवादीले पार्टी एकताका नाममा अघि सारेका नयाँ सर्त र एमालेमाथि बढाएको दबाब।

ओली निकटस्थचाहिँ यसलाई 'प्रचण्डको छटपटी'मा सीमित गर्न रुचाउँछन्। एकीकृत पार्टीको अन्तरिम विधान र राजनीतिक प्रतिवेदनमा 'जनयुद्ध'को योगदान उल्लेख हुनुपर्ने, दुई अध्यक्षको जिम्मेवारी किटान हुनुपर्ने अनि समान हैसियतमा एकता गरिनुपर्ने माओवादीले अघि सारेका पछिल्ला सर्त हुन्। एकता महाधिवेशनपछि एकीकृत पार्टीको अध्यक्षको सुनिश्चितता अनि दुई वर्षपछि प्रधानमन्त्री बनाउनुपर्ने लिखित सहमतिको माग माओवादीले गरेको छ। यसअघि अध्यक्ष प्रचण्ड स्वयंले चितवन पुगेर आलोपालो प्रधानमन्त्री र पार्टी अध्यक्षमा सहमति भएको खुलाइसकेका छन्। एमाले उपाध्यक्ष गौतमले पनि आलोपालो अध्यक्ष र प्रधानमन्त्रीमा सहमति भएको स्वीकारेका थिए।

सुरुमा भएको भनिएको 'आलोपालो सहमति'लाई ७ फागुनको समझदारीले उल्टाएको छ। त्यस अनुसार दुवै शीर्ष नेता सह-अध्यक्ष रहने र बैठकको पालैपालो अध्यक्षता गर्ने निचोडमा दुवै नेता पुगेका थिए। त्यसले निरन्तरता पाउने हो भने एकतापछि समेत ओली अध्यक्ष रहिरहने पक्का छ। त्यसैले माओवादीले एक कदम अघि बढेर पार्टी र जनसंगठनमा ५० प्रतिशत नपाए सम्मानजनक एकता नहुने अडान लिएको हो। राजनीतिक प्रतिवेदन मस्यौदा कार्यदलमा रहेका एमाले नेता रघुजी पन्त भन्छन्, "प्रतिशत भन्नेबित्तिकै एकता अघि बढ्दैन। माओवादीलाई ५० प्रतिशत किन चाहियो भन्ने जवाफ आएको छैन। जवाफ आए पनि त्यो पूरा हुन सक्दैन।"

बराबरी हैसियतमा एकता नभए एकीकृत पार्टीमा आफू विलय हुने, बैठकहरूमा अल्पमतमा परेर हैसियतविहीन हुने डर माओवादीमा पलाएको छ। यता, स्थानीय र आमचुनावमा पाएको सफलताले एमाले सबैभन्दा ठूलो दल भएको छ। ऊ माओवादीलाई पार्टी र जनसंगठनमा समान हैसियत दिनुको साटो सक्दो रक्षात्मक बनाएर विलय गराउने मनस्थितिमा छ। विश्लेषक श्रेष्ठ थप्छन्, "माओवादी समान हैसियतमा एकता चाहन्छ, एमाले माओवादीलाई आफूमा विलय गराउन चाहन्छ। मुख्य समस्या यसैमा छ।"

नगरिएको काम

पार्टी एकताको सबैभन्दा पेचिला तीन काम हुन्-सिद्धान्तमा सहमति, संगठनको खाका र नेतृत्वमा समान धारणा। तर, एमाले-माओवादीले यीमध्ये कुनै पनि मतभेद निरुपण गर्न सकेका छैनन्। एमालेको जनताको बहुदलीय जनवाद र माओवादीको एक्काईसौं शताब्दीको जनवादबीच केही समानता भए पनि ती दलले एकीकृत पार्टीको सिद्धान्त बहसबाट निधो गर्ने भन्दै भविष्यमा विवाद र झमेला गर्ने ढोका खुल्लै राखेका छन्। सैद्धान्तिक र वैचारिक टुंगोबिना अंकगणितका आधारमा एकता गर्न खोजिनु उल्टो हो। त्यस्तै, दुई दलले समाजवादमा जाने भने पनि समाजवादको स्वरूप कस्तो, त्यो हासिल कसरी गर्ने भन्नेबारे कुनै छलफल भएको छैन। पन्त भन्छन्, "सैद्धान्तिक पक्षमा आ-आफ्ना दृष्टिकोण छन् र नेतृत्वका बारेमा पनि खुलस्त कुराकानी भएको छैन। त्यसैले प्रचण्डजीले एकताअघि नै ठोस आश्वासन खोजेको देखिन्छ।"

ओलीले प्रचण्डलाई एकीकृत पार्टीको अध्यक्ष र प्रधानमन्त्री बनाउने आश्वासन दिए पनि त्यसको कानुनी र राजनीतिक वैधता हुँदैन। प्रधानमन्त्री संसद्ले चुन्ने हो भने पार्टी अध्यक्ष महाधिवेशनले। त्यसो त यसअघि पनि ओलीले प्रचण्डलाई सहमति अनुसार प्रधानमन्त्री नबनाएर धोका दिइसकेका छन्। त्यसैको परिणाम हो- माओवादीले कांग्रेससँग मिलेर सरकार गठन गर्नु। विश्लेषक सापकोटा थप्छन्, "ओलीले कागज नै गरेर प्रचण्डलाई प्रधानमन्त्री र पार्टी अध्यक्ष बनाउने आश्वासन दिए पनि त्यसले ती दुवै पद सुनिश्चित गर्न सक्दैन। उधारो आश्वासनको कुनै वैधता हुँदैन।"

यता, एकीकृत पार्टीको संगठनको खाका र साझेदारीबारे पनि एमाले-माओवादीबीच अलग-अलग धारणा छन्। प्रधानमन्त्री ओलीले एकीकृत पार्टीको भावी नेतृत्वबारे दोहोरो कार्ड खेलेका छन्। उनले महाधिवेशनपछि एकीकृत पार्टीको अध्यक्षमा एमाले वरिष्ठ नेता माधवकुमार नेपाललाई सघाउने वचन दिएका छन्। नेपालले राष्ट्रपति चयन, सरकार गठन आदिमा ओलीको



प्रतिशत भन्नेबित्तिकै एकता अघि बढ्दैन। माओवादीलाई ५० प्रतिशत किन चाहियो भन्ने जवाफ आएको छैन। जवाफ आए पनि त्यो पूरा हुन सक्दैन।

• रघु पन्त
नेता, एमाले

समानताका आधारमा एकता गर्ने भनेको बराबर हैसियत कायम गर्ने भनेको हो। बराबरीबिना एकता होइन, एउटा पार्टी अर्कोमा विलय हुन्छ।

• अग्निप्रसाद सापकोटा
नेता, माओवादी केन्द्र

कदमलाई समर्थन गर्नुको कारण त्यही हो । उता, प्रचण्डले पनि ओलीबाट सह-अध्यक्ष, महाधिवेशनबाट अध्यक्षमा बन्ने आश्वासन पाएका छन् ।

ओलीको दाहोरो नीति बुझेका प्रचण्ड आफू र माओवादी हैसियतविहीन भएर एकतामा नजाने मुडमा छन् । त्यसै पनि एमालेसँगको एकताभन्दा अलग्गै रहे बढी फाइदा हुन्छ । अलग्गै रहेर कांग्रेस र मधेसवादी दलहरूसँग मिलेर सरकारको नेतृत्व गर्ने अवसर प्रचण्डका लागि सधैं खुल्ला हुन्छ । प्रचण्डले २७ माघ ०७४ मा भनेकै थिए, "म अहिले जुन किसिमले हिँडेको छु, त्यसबाट देश र जनतालाई फाइदा पुग्ने लागेन भने

एकताको कुरा गरेर चुनाव जित्नु थियो, जिते । गठबन्धनको उद्देश्य पूरा भयो । त्यसैले एकताको कुरा गरिरहने तर यथार्थमा एकता नगर्ने नीति हो ।

• विष्णु सापकोटा
विश्लेषक

जस्तोसुकै फड्को मार्न सक्छु ।"

ओली-प्रचण्डको यही उतारचढावयुक्त सम्बन्धको विगत बुझेर हुनुपर्छ, कांग्रेसले प्रचण्डलाई अहिले पनि प्रधानमन्त्री बनाउन सकिने अफर दिइसकेको छ । तेस्रो शक्तिको रूपमा सत्ताको चाबी आफ्नो हातमा राख्ने वा एमालेमा मिसिएर ओलीको छाया बन्ने भन्नेमा प्रचण्डको रोजाइ नै पहिलो हुन्छ । त्यसो त, ओलीसँग पनि वैकल्पिक योजना नभएको होइन । उनले चुनावलगत्तै माओवादीबाहेकका मधेसवादी दलसँग मिलेर सरकार बनाउने प्रयास पनि गरेका थिए । वैकल्पिक योजनामा पुग्नुअघि दुवै दलले गठबन्धन टिकाउन पार्टी एकताको चर्चा गर्नचाहिँ छाड्ने छैनन् ।

चुनावपछि एमाले र माओवादीले दुई दल र तिनका नेतालाई फाइदा पुग्ने काम मात्र गरेका छन् । जस्तो, संघ र प्रदेशको चुनावमा संयुक्त गठबन्धन चुनावमा जाने । यो सबैभन्दा सजिलो र जोसुकैसँग गर्न सकिने काम थियो । चुनावमा बढी सिट हासिल गर्न र मुख्य नेताहरूको जित सुनिश्चित गर्न गठबन्धन जुक्ति निकालिएको हो । त्यही जुक्तिले ६ प्रदेश र केन्द्रमा वाम सरकार बनेको हो ।

एमाले-माओवादी गठबन्धनको सबैभन्दा बढी लाभचाहिँ प्रधानमन्त्री ओलीलाई भएको छ । सत्ता र पार्टी दुवैमा पकड जमाउन सफल भई प्रदेश र केन्द्रीय सरकारमा एकलौटी वर्चस्व कायम गरेका छन् । पूर्वअध्यक्ष

एमाले-माओवादीबीच सैद्धान्तिक, वैचारिक आधारमा एकता हुन लागेको होइन, सिद्धान्तबिना एकता नै हुँदैन, भइहाले पनि त्यो लामो समय टिक्दैन ।

• श्याम श्रेष्ठ
विश्लेषक

झलनाथ खनाललाई राष्ट्रपति बन्नबाट रोक्न सफल भएपछि ओली आफ्नो पार्टीभित्र थप शक्तिशाली देखिए । त्यसमाथि दक्षिणी छिमेकी भारतको नरम व्यवहार, पछिल्ला वर्षमा कटुता साँधिरहेका मधेसकेन्द्रित दलसमेतको विश्वासको मत पाएपछि ओली आकांक्षा झन् चुलिएको छ । एकता प्रक्रियाका जानिफकारहरूको बुझाइ छ- ओलीको अति आत्मविश्वाससमेत एकता-सफलताको बाधक बन्न गएको छ ।

चुनावी मेलो मात्र

कम्युनिस्ट पार्टीको स्थापना २००६ मा भएको हो । ६८ वर्षे यात्रामा देशका कम्युनिस्ट पार्टीहरूले दर्जनभन्दा बढी फुट खेपिसकेका छन् । २०२९ मा पुष्पलाल समूहबाट अलग भएका एमाले र माओवादीले त्यसयताका ४५ वर्षमा धेरै पटक फुट र एकताको सामना गरेका छन् । यी दुई दलबीच राजनीतिक कार्यक्रम, संगठन शैली अनि स्कुलिङबीच फराकिलो अन्तर छ । यति हुँदाहुँदै पनि त्यसलाई बिर्सेर अकस्मात् एकताका लागि दुवै दल कस्सिनुलाई कतिपयले सैद्धान्तिक, राजनीतिक समानताको बोधले भन्दा सत्तास्वार्थको जोडले एउटै चुनावी गठबन्धनमा ल्याइपुऱ्याएको जिकिर गर्छन् ।

स्मरण रहोस्, १७ असोजको यो एकता अभियान शृंखला सुरु गर्नेमा नयाँ शक्ति पार्टी संयोजक बाबुराम भट्टराईसमेत थिए । तर, सहमतिको मसी नसुक्दै गोरखाको चुनाव क्षेत्र कसले लिनेलगायत विषयमा विवाद बढ्न थाल्यो । माओवादी नेता नारायणकाजी श्रेष्ठ र उनी दुवैले गोरखा नछाड्ने अड्डी कसेपछि एकताको कुरो त्यत्तिमै अड्कियो ।

सुरुमा ६०-४० को भागबन्डामा एउटै चिह्नअन्तर्गत चुनाव लड्न माओवादी राजी भएको तर 'प्राविधिक कारण'ले नमिलेको १७ असोजकै संयुक्त घोषणासभामा नेताहरूले बताएका थिए । यो विवाद अहिलेसम्म साम्य भएको छैन । त्यति मात्र होइन, १७ असोजको एमाले-माओवादी सहमतिको एउटा रोचक बुँदा छ, "छरिएर रहेका सबै कम्युनिस्ट तथा वामपन्थी पार्टी तथा समूहलाई एकीकरणको यही प्रवाहमा समाहित हुन अपिल गर्ने ।" तर, यी दुई दलले चुनावी गठबन्धनमा आइसकेको नयाँ शक्ति पार्टीलाई गठबन्धनमा राखिराख्न सकेनन् नै, अरू वाम पार्टीलाई पनि एकता प्रक्रियामा आउन सार्वजनिक अपिल गरेनन् । यसबाट बृहत्तर वाम एकताभन्दा पनि चुनावी आवश्यकताबाट प्रेरित भएर गठबन्धन बनेको थियो कि भनी सोच्नेहरूलाई बल पुगेको छ ।

माओवादीलाई त भएकै नेताहरूलाई समेत पार्टीभित्र राखिराख्न मुस्किल परेको छ । एमाले-माओवादी एकता प्रक्रियामा असन्तुष्ट माओवादी नेता विश्वभक्त दुलाल (आहुति), गोपाल किराँती र लोकेन्द्र विष्टले एकता प्रक्रियाबाट अलग भएको सार्वजनिक गरिसकेका छन् । तैपनि, एमालेसँगको एकता अनिश्चित भए पनि प्रगति भइरहेको दाबी गर्न भने छाडिएको छैन । माओवादी प्रवक्ता पम्फा भुसाल भन्छिन्, "लामो समयपछि एकता संयोजन समितिको बैठक बस्यो, अहिलेका लागि त्यो नै प्रगति हो ।" ◆



तीन दशकको मेलम्ची मिसन

ढिलासुस्ती, अनियमितता, कच्चा व्यवस्थापन एवं दलीय र दातृ निकायको स्वार्थ

■ मनबहादुर बस्नेत

काठमाडौँको मध्यबानेश्वरमा रहेको मेलम्ची खानेपानी विकास समितिको कार्यालयअगाडिको नयाँ र पुरानो बानेश्वर जोड्ने मुख्य सडकको दायाँबायाँ खनेर पुरिएको छ । यो सडक खण्डदेखि छुट्टिने शाखा सडक पनि उप्काइएको छ । यही कारण मेलम्ची खानेपानी कार्यालय धूलो, हिलोको सास्ती खेप्दै पुग्नुपर्छ । कार्यालय स्वयं धुलाम्मे छ । यस्तो हुनुको कारण अरू कोही होइन, परियोजना आफैँ हो । करिब चार वर्षदेखि मेलम्ची खानेपानीको पाइप जडान गर्न खनिएका सडकका कारण काठमाडौँ उपत्यका यस्तै सास्तीसँग निरन्तर जुधिरहेको छ ।

उपत्यकाको हावा प्रदूषित हुनुमा यहाँको धूलो प्रमुख कारण मानिन्छ । इसिमोडले तीन वर्षअघि गरेको अध्ययन अनुसार काठमाडौँको वायु प्रदूषणको दोस्रो मुख्य स्रोत सडकको धूलो हो । हावा दूषित हुनुमा धूलोको भूमिका २५ प्रतिशत रहेको अध्ययनले औँल्याएको थियो । स्मरण रहोस्, तीन वर्षयता नै उपत्यकामा खानेपानीको पाइप बिछ्याउने नाममा धूलो अधिक बाक्लियो ।

मेलम्ची खानेपानी सुरुङमार्ग

हालै सार्वजनिक एक रिपोर्टले दक्षिण एसियामा वायु प्रदूषणका कारण मृत्यु हुनेमा नेपाल पहिलो बनेको तथ्य उजागर गरेको छ। हेल्थ इफेक्ट इन्स्टिच्युट र इन्स्टिच्युट फर हेल्थ मेट्रिक्स एन्ड इभ्यालुएसनले युनिभर्सिटी अफ ब्रिटिस कोलम्बियासँग मिलेर गरेको विश्वमा हावाको अवस्थासम्बन्धी रिपोर्ट-२०१८ ले नेपालमा प्रतिएक लाख मृत्युमा २ सय १५ वायु प्रदूषणको कारण भएको उल्लेख छ, जुन दक्षिण एसियामै उच्च हो। नेपालमा वायु प्रदूषण (पीएम-२.५) पनि दक्षिण एसियाकै दोस्रो उच्च रहेको रिपोर्टमा उल्लेख छ। नेपालमा प्रतिक्युविक मिटर हावामा पीएम २.५ को मात्रा ७८ माइक्रोग्राम छ। जबकि, विश्व स्वास्थ्य संगठनका अनुसार यो मात्रा २० माइक्रोग्राम हुनुपर्छ। दूषित हावाका कारण फोक्सो तथा मुटुको रोग, क्यान्सर, मस्तिष्कघात, छालाको एलर्जी, निमोनियाजस्ता प्राणघातक रोग लाग्छन्। स्वास्थ्य मन्त्रालय अन्तर्गतको नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले ०७० फागुनदेखि ०७१ माघसम्म वायु प्रदूषणका कारण मानव स्वास्थ्यमा पारेको प्रभावबारे उपत्यकाका १२ अस्पतालमा गरेको अध्ययनले हावामा पीएम-२.५ को मात्रा चार गुणा बढेका बेला दम, निमोनिया र मृत्युदर क्रमशः ६, १६ र १८ प्रतिशतले बढेको देखाएको थियो।

माघ ०७३ मा गौशालामा बा २ क ४४३० नम्बरको मालवाहक ट्रक मेलम्ची पाइप जडान गर्न खनेको खाल्डोमा जोतिँदा निकाल्नै दुई दिन लागेको थियो। बा १० च ४२९४ नम्बरको निजी कार गल्कोपाखाको सडकमा भासिएको थियो, सोही बेला। कोटेश्वरमा पनि निजी कार खाल्डोमा खस्दा चालक शिव घले घाइते भएका थिए। दैनिक जीवनमा खेप्नुपर्ने यस्ता कष्टको कुनै हिसाब छैन।

तर पनि सानोतिनो निहुँमा विरोधमा उत्रिहाल्ने काठमाडौं मानव स्वास्थ्यमै गम्भीर आघात पार्ने धूलोले पुरिँदासमेत चलमलाएन, मात्र मेलम्चीको पानीले तृप्त हुने आशामा। काठमाडौंको प्यास मेटाउने भनिएको यो परियोजना चर्चा भएको झन्डै तीन दशकपछि समापन हुने क्रममा छ। आयोजनाको मुख्य काम सिन्धुपाल्चोकको मेलम्ची नदीदेखि काठमाडौंको सुन्दरीजलसम्मको साढे २७ किमि लामो सुरुङ २७ चैतमा छिचोलिएको छ। यससँगै उपत्यकामा मेलम्चीको पानी आउने पक्कापक्की भएको छ। पूर्वाधार विकासमा कोशेढुंगा मानिएको परियोजना राजनीतिक र दातृ निकायको प्रभाव, नेपालको व्यवस्थापकीय क्षमता, परियोजनाको दोहन, अनियमितता, ढिलासुस्तीजस्ता कुराले सदा स्मरणीय बन्ने भने निश्चित छ।

दाता र राजनीतिक स्वार्थ

उपत्यकामा खानेपानीको स्रोत खोज्ने कार्य विसं ३० को दशकदेखि थालिएसँगै मेलम्चीलाई भरपर्दो विकल्प मानियो। ०४७ मा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले उपत्यकाका

०२९	विश्व बैंकको सहयोगमा उपत्यकाको खानेपानीको दीर्घकालीन व्यवस्थापन गर्न गुरूयोजना तयार
०४४	विन्नी एन्ड पार्टनर्स नामक बेलायती संस्थाद्वारा उपत्यकामा पानी ल्याउने सम्भावित स्थानहरूको अध्ययन, मेलम्ची भरपर्दो भनी पहिचान
०४७	तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईद्वारा मेलम्चीको पानी ल्याएर काठमाडौंका सडक पखाल्ने अभिव्यक्ति
०४९	अस्ट्रेलियन परामर्शदाता स्नेकद्वारा मेलम्ची डाइभर्सन स्किम अध्ययन
०५२	लगानीकर्ता खोज्न मेलम्ची खानेपानी लिमिटेड स्थापना
०५५	मेलम्ची खानेपानी विकास समिति स्थापना
०५८	एडीबी, विश्व बैंकलगायतका दातृ निकायसँग ऋण सम्झौता। ०६४ मै सकाउने लक्ष्य। तर, कामै सुरु भएन।
०५९	विश्व बैंक आयोजनाबाट बाहिरियो।
०६१	दातृ निकाय नोर्डिक र सीडा पनि आयोजनाबाट अलग्गिए।
०६३	सरकार र दाताबीच विवाद सतहमा
०६५	फेरि काम सुरू, ०७० मा सकाउने लक्ष्य। चिनियाँ कम्पनी सीआरसीसीसँग सुरूङ मार्ग बनाउन ठेक्का सम्झौता

नक्सालमा खानेपानी जोहो गर्ने क्रममा स्थानीय

सडक मेलम्चीको पानीले पखालिदिने अभिव्यक्ति दिएपछि यो सार्वजनिक खपतको विषय बन्यो। भलै लगानीको स्रोत र तयारीबिनै यस्तो अभिव्यक्ति आएको थियो । परिणामस्वरूप सरकारलाई आर्थिक स्रोत जुटाएर काम थाल्नै ११ वर्ष लाग्यो। ०५८ मा काम थालेर ०६४ मा सकाउने भनिए पनि सिन्को भाँचिएन ।

परियोजना पूरा भइसक्नुपर्ने बेलासम्म कामै नहुनुमा ऋणदाताको सर्त, प्रभाव, माओवादी द्वन्द्व र राजनीतिक स्वार्थको जालो मुख्य थिए । ऋण सहयोग गर्ने एसियाली विकास बैंक (एडीबी)ले खानेपानी संस्थानको

०६९ — लक्षित प्रगति नभएपछि सीआरसीसीसँग ठेक्का सम्झौता भंग

०७० — इटालियन कम्पनी सीएमसीलाई ०७३ असोजभित्र सकाउने गरी अर्को ठेक्का

०७३ — १२ चैत, ०७४ सम्म म्याद थप

०७४ — चैत अन्तिममा सुरुङ पूरा । पानी बग्न मिल्ने, हेडवर्क्स, वितरण प्रणाली सुधार्न बाँकी नै । आगामी दसैंसम्म उपभोक्ताका धारामा पानी पुऱ्याउने लक्ष्य ।



आवरण टिप्पणी

मेलम्चीबाट के सिक्ने ?

रामेश्वर खनाल

वि सं २०७४ मूलतः संघीयता र गणतन्त्रजस्ता युगीन राजनीतिक परिवर्तन संस्थागत गर्ने दिशामा हासिल उपलब्धिको वर्षका रूपमा चिनिनेछ। यसको तुलनामा आर्थिक तथा सामाजिक क्षेत्रका उपलब्धि, संकट र अवसर त्यति चर्चायोग्य नलाग्न सक्छन्।

तर, यसैबीच एउटा सामान्य घटना भने चर्चा गर्न लायक छ। अघिल्लो वर्षको अन्तिम साता मुलुकले एउटा समाचार सुन्यो, पढ्यो, २७,४५३.४ मिटर लामो मेलम्ची-सुन्दरीजल सुरुङ वारपार (ब्रेकथ्रु) भयो। सुरुङलाई पानी बग्नयोग्य बनाउन अझै काम बाँकी छ। हेडवर्क्स, पानी प्रशोधन केन्द्र र वितरण-प्रणालीका कतिपय काम बाँकी छन्। तथापि, ढिलो-चाँडो अब मेलम्चीको पानी काठमाडौं उपत्यकावासीका भान्छासम्म पुग्छ भनेर ढुक्क हुन सकिन्छ।

पहिलो जनआन्दोलनपछि बनेको सरकारको नेतृत्व लिएका सन्तनेता श्रद्धेय कृष्णप्रसाद भट्टराई परिहासको आवरणमा गम्भीर विषयमा प्रकाश पार्न सक्ने असाधारण खुबी भएको मान्छे हुनुहुन्थ्यो। ०४७ ताका काठमाडौंलाई सिंगापुरजस्तो बनाउँछु, काठमाडौंका सडक पानीले पखालिदिन्छु भन्ने उहाँका अभिव्यक्ति आममानिसका बीच हाँसोका विषय बन्थे। मेलम्चीबाट काठमाडौंमा खानेपानी ल्याउन सकिन्छ भन्ने विषय त्यसबेला सार्वजनिक चर्चामा थिएन। र, जो-जसलाई यसबारे केही जानकारी थियो, उनीहरूले पनि पत्याइहाल्ने अवस्था थिएन। उहाँले इंगित गर्न खोजेको विषय यही मेलम्चीको पानी थियो।

मेलम्ची खानेपानी परियोजना नेपालको विकास इतिहासमा एउटा विचित्र उदाहरण हो। विकास अर्थशास्त्री र व्यवस्थापन अध्येताका निम्ति एउटा राम्रो मामिला पनि हो। यससँग मेरा दुई-चार अनुभव गाँसिएका छन्।

०५७ को उखरमाउलो गर्मीको महिना थियो। मेलम्ची परियोजनामा लगानी गर्ने कि नगर्ने भनेर दातृ निकायका प्रतिनिधि काठमाडौंमा थिए। ४६ करोड ४० लाख अमेरिकी डलरको लागत अनुमानमध्ये २७ करोड ५० लाख डलर वैदेशिक ऋण, ७ करोड १० लाख वैदेशिक सहायता र ११ करोड ८० लाख डलर सरकारी स्रोतबाट व्यहोर्ने योजना थियो। कुल लागतको एक चौथाइ रकम ऋण दिने भएकाले एसियाली विकास बैंक (एडीबी) आयोजनाको सबभन्दा ठूलो दातृ निकाय थियो। करिब ४३ अर्ब वार्षिक राजस्व भएको त्यस समयमा ३३ अर्ब ४१ करोड रुपियाँ लागतको आयोजना कार्यान्वयन गर्न खोज्नु चानचुने कुरो पक्कै थिएन। सावधानी आवश्यक थियो। अर्थ मन्त्रालयमा बैठक भइरहन्थे। सामान्यतः अरू ऋण सम्झौताका बेला नखोजिने महालेखा नियन्त्रक कार्यालयलाई त्यसबेलाका प्रत्येकजसो बैठकमा बोलाइन्थ्यो। किनभने, दातृ निकायहरूमध्ये जसले ऋण दिने वाचा गरेका थिए, उनीहरू नेपालले ऋणको साँवा-ब्याज तिर्न सक्छ/सक्दैन भनेर प्रत्याभूति खोज्थे। त्यही बेला एक दिन महालेखा नियन्त्रक कार्यालयको तथ्यांक महाशाखाको व्यवस्थापकीय क्षमतामाथि प्रश्न उठाएर निजी क्षेत्रलाई दिनुपर्ने सर्त तेर्सायो। साथै, मेलम्चीको पानी आइसकेपछि बर्सेनि महसुल बढाउने संयन्त्रको समेत सुनिश्चितता खोज्यो। ऋणीका सामु सरकार झुक्यो र ०६१ मा १५ प्रतिशत खानेपानीको महसुल बढ्यो। उपत्यकामा रहेका सार्वजनिक धारालाई समेत सामुदायिकमा परिणत गर्ने एडीबीको चाहना थियो। उपत्यकाका ३ सय ५० सामुदायिक धाराको अवधारणा अगाडि सारेको छ, उसले। पहिलो वर्ष यी धाराको पानी प्रयोग गर्दा शुल्क नलागे पनि त्यसपछि मूल्य तिर्नुपर्छ।

राजा ज्ञानेन्द्र शाहले १९ माघ ०६१ मा शासन हातमा लिएपछि आयोजना झनै अन्धकारमा धकेलियो। दातृ निकाय नोर्डिक र सीडाले आयोजनाबाट हात झिके। नोर्डिकले १८ चैत ०६१ मा नेपालमा प्रजातन्त्र नभएकाले सहयोग फिर्ता लिएको विज्ञप्ति निकाल्यो। यी

सहसचिवको जिम्मेवारीमा रहेको मलाई बैठकमा जान खटाइयो । त्यस बैठकमा मेलम्ची आयोजनामा वित्तीय सहयोग वा लगानी गर्ने चाहना राखेका सबै दातृ निकाय थिए, एडीबी, विश्व बैंक, नर्वे सरकार, जाइका, जापान सरकारको तत्कालीन अन्तर्राष्ट्रिय ऋण लगानी गर्ने संस्था जेबिक, नोर्डिक विकास कोष, स्वेडिस अन्तर्राष्ट्रिय विकास नियोग, ओपेक फन्डको सहवित्तीयकरण व्यवस्थापनको जिम्मा एडीबीले लिएकाले त्यसको प्रतिनिधित्व एडीबीले गर्‍यो । त्यसअघि पनि पटक-पटक बैठक भएका थिए । तर, त्यो बैठक अघिल्ला सबैको तुलनामा महत्त्वपूर्ण थियो ।

त्यसबेला, महालेखा नियन्त्रक कार्यालयमा कमनवेल्थ सेक्रेटरियटले विकास गरेको ऋण व्यवस्थापनसम्बन्धी सीएसडीआरएमएस प्रयोगमा ल्याउन खोजिएको थियो । तर, सरकारी कर्मचारी सूचना प्रविधिको त्यो तहको कामसँग न परिचित थिए, न त चाहना नै थियो । यहाँसम्म कि महालेखा नियन्त्रक कार्यालयसँग वैदेशिक ऋणको हिसाब पनि दुरुस्त थिएन । त्यसकारण अंक-विश्लेषणका आधारमा ऋणभार वहन गर्ने क्षमताको परीक्षण गर्न सक्ने विश्वसनीय तथ्यांक थिएन । त्यसबेला सरकारको नगद प्रवाह अनुमानका आधारमा कुनै खास महिनामा बढी भार नपर्ने गरी सावाँ-ब्याज भुक्तानी तालिका मिलाउन सक्नु नै महालेखा नियन्त्रकको फुर्ति मानिन्थ्यो । र, मैले पनि अर्धवार्षिक भुक्तानी तालिका तय गर्दा जुन र डिसेम्बर महिना उपयुक्त हुने हिसाब लिएर गएको थिएँ ।

> **मेलम्ची खानेपानी परियोजना नेपालको विकास इतिहासमा एउटा विचित्र उदाहरण हो । विकास अर्थशास्त्री र व्यवस्थापन अध्येताका निम्ति एउटा राम्रो मामिला पनि हो ।**

छलफल भयो । बैठक सकियो । सहभागी कसैले ऋण भुक्तानी क्षमतामा प्रश्न उठाएनन् । दातृ निकायका सबै प्रतिनिधि आयोजनामा सहयोग गर्न तम्तयार देखिए । सरकारले विधिवत् सहयोगको अनुरोध गर्‍यो । सबै निकायले आ-आफ्नो बोर्डबाट सहयोग दिने निर्णय गराउने सहमति बन्यो । त्यसको करिब चार महिनापछि नोभेम्बर २००० मा एसियाली विकास बैंकले वाचा बमोजिम १२ करोड अमेरिकी डलर ऋण सहायता दिने प्रस्ताव आफ्नो बोर्डमा प्रस्तुत गर्‍यो । जुनबेला यो आयोजना एडीबीको बोर्डमा प्रस्ताव गरिएको थियो, त्यसबेला ०६३ असोजसम्म आयोजना सम्पन्न गर्ने लक्ष्य थियो ।

०६३ मा सम्पन्न गरेर काठमाडौं उपत्यकाको खानेपानी समस्या हल गर्ने परिकल्पना गरिएको मेलम्ची आयोजनामा सहयोग जुटाइदिने आधिकारिक आग्रह भने नेपाल सरकारले एसियाली विकास बैंकलाई पहिलोपटक ०५२ चैतमा गरेको थियो । करिब पाँच वर्षको अध्ययन, विश्लेषण र कठिन वार्तापछि ०५७ को मध्यतिर आयोजना प्रारम्भ हुने आशा जाग्यो । मेलम्चीबाट काठमाडौंमा पानी ल्याउने विकल्पको पहिचान भने ०४४ मै गरिएको थियो । त्यसबेला मूलतः तीन विकल्प हेरिएको थियो । काठमाडौंबाट सबभन्दा नजिकको ठूलो नदी इन्द्रावतीको पानी ल्याउने वा उपत्यकावरिपरि खोला-खोल्सीका पानी संग्रह गरेर वितरण प्रभावकारी बनाउने वा काठमाडौंको भू-सतहभन्दा माथि रहेको मेलम्ची, लार्के र यांग्रीको पानी डाइभर्ट गरेर ल्याउने । इन्द्रावतीबाट काठमाडौंसम्म पानी ल्याउन करिब ५०० मिटर पम्पिङ गर्नुपर्थ्यो, जुन सदाका लागि लागतको रूपमा रहन्थ्यो । खर्चिलो हुन्थ्यो । काठमाडौंको त्यसबेलाको पानीको आवश्यकता र भावी मागको आकलन हेर्दा, उपत्यका वरिपरिकै स्रोत पर्याप्त हुने देखिएन । तसर्थ, मेलम्ची उपयुक्त ठहऱ्याइएको थियो । त्यसको चार वर्षपछि, ०४८ मा मेलम्ची खानेपानी आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भयो । कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री हुँदा सम्भाव्यता अध्ययनको मुख्य काम सकिएको र त्यसको ब्रिफिङ भएका कारणले पनि सम्भवतः उहाँ उत्साहित हुनुहुन्थ्यो ।

एडीबीले ०५७ माघमा नेपाल सरकारसँग ऋण सम्झौता गर्‍यो । तर, साझेदार दातृ निकायमध्येको ८ करोड अमेरिकी डलर बराबरको ऋण सहयोग गर्न तत्पर विश्व बैंकले भने प्रक्रिया पूरा गर्न बाँकी थियो । विश्व बैंकले गर्ने सहयोगमध्ये पहिलो खण्डमा डेढ करोड अमेरिकी डलर खानेपानी व्यवस्थापनका लागि निजी सेवाप्रदायकको प्रबन्ध र तत्कालीन खानेपानी वितरण प्रणालीमा गर्नुपर्ने जरुरी पूर्वाधार सुधारका लागि थियो । यो खण्डको काम सन्तोषजनक रूपमा भए मात्र ८ करोड डलरमध्येको बाँकी साढे ६ करोड डलरको ऋण सहायता स्वीकृतिसम्बन्धी कारबाही अघि बढ्न सक्ने सर्त थियो ।

ओपेक फन्डको सहवित्तीय व्यवस्थापनको जिम्मा एसियाली विकास बैंकले नै लिएकाले त्यसको स्वीकृतिमा समस्या भएन । बाँकी अरू दातृ निकायले आ-आफ्नो प्रक्रियाबाट सहायता स्वीकृत गरे ।

विश्व बैंकको एउटा प्रमुख सर्त थियो, खानेपानी आपूर्तिको व्यवस्थापनमा सार्वजनिक क्षेत्र ज्यादै कमजोर रहेकाले निजी व्यवस्थापन भित्र्याउनुपर्ने । यसका लागि दुई-दुई पटक प्रस्ताव आह्वान गर्दा पनि सरकारले उपयुक्त व्यवस्थापक फेला पार्न सकेन । यसमा भएको ढिलाइले विश्व बैंक असन्तुष्ट देखियो । फलतः ०५९ असारमा विश्व बैंकले मेलम्ची खानेपानी परियोजनाबाट हात झिकेको घोषणा गर्‍यो । तर, आफू आयोजनाबाट पन्छिएको घोषणा गर्दा भने विश्व बैंकले अरू नै तीन विषय उल्लेख गर्‍यो ।

१. उपत्यकाभित्रका पानीका स्रोतहरू पहिल्याउने महत्त्वपूर्ण विकल्पहरू हेरिएन ।
२. पहिला वितरण प्रणाली नै ठीक गर्नुपर्छ भन्ने कुरा विचार गरिएन ।
३. मेलम्चीले सर्वाधिक धनी पाँच प्रतिशतलाई मात्र फाइदा पुऱ्याउने भयो ।

व्यवस्थापन निजीकरण गर्न नसकेको जुन मूल विषय थियो, दुई संस्थाले ५३ लाख अमेरिकी डलर सहयोग गरेका थिए ।

आयोजनास्थलमा पुग्ने सहायक मार्ग बनाउन ठेक्का दिँदा अनियमितता भएको भन्दै तत्कालीन भ्रष्टाचार नियन्त्रण शाही आयोगले छानबिन थाल्यो । हेनिल कोनेकोले १७ चैत ०५९ मा सकाउने गरी ०५८ मा यसको जिम्मा लिएको थियो । समयमै काम नसकेपछि तत्कालीन शेरबहादुर देउवा सरकारले २८ वैशाख ०६१ मा सम्झौता रद्ध गर्‍यो र लामा कन्स्ट्रक्सनलाई जिम्मा दियो । नयाँ ठेक्कामा अनियमितता गरेको आरोपमा देउवा, तत्कालीन भौतिक योजनामन्त्री प्रकाशमान सिंहसहित ६ जनालाई शाही आयोगले मुद्दा चलायो । १३ वैशाख ०६२ मा शेरबहादुर देउवा र प्रकाशमान सिंह गिरफ्तार नै भए । उनीहरूबाट जनही ३६ करोड रुपियाँ बिगो दाबी गरिएको थियो । यद्यपि देउवा र सिंहले आफूहरूमाथि राजनीतिक प्रतिशोध साँधेको भन्दै

त्यसमा बैंक चुप बस्यो। धनी मानिसले ट्यांकरको पानी खरिद गर्न सक्छन्। मेलम्चीको पानी आपूर्तिपछि 'इम्प्रुभ एक्सेस अफ सेफ एन्ड एफोर्डेबल ड्रिंकिङ वाटर एन्ड एडिक्युएट स्यानिटेसन सर्भिसेज फर द अर्बन पुअर' भनेर आफ्नो दस्तावेजमा उल्लेख गरेको विश्व बैंकले छाड्ने बेलामा यसको ठीक उल्टो कारण बतायो।

विश्व बैंकले छाड्नु र महत्त्वपूर्ण सुरुआती कामहरू कत्ति पनि अगाडि नबढ्नुका कारण आयोजना नै बन्द हुन्छ कि भन्ने आशंका थियो। तर, मुख्य दातृ निकाय एडीबीले खुट्टा कमाएन र सरकारलाई आयोजनाका काम अघि बढाउन सहयोग जारी राख्ने वचन दिइरह्यो। एडीबीमा पनि आयोजनाविरुद्ध उजुरीहरू गइरहन्थे।

सन् २००४ को नोभेम्बरमा म सामुदायिक सिँचाइ परियोजनाको ऋण सम्झौताको वार्ता गर्न एडीबीको प्रधान कार्यालय मनिला पुगेको थिएँ। दफावार छलफल गरेर सहमतिमा पुग्न हामीलाई करिब तीन दिन लाग्यो। तेस्रो दिन अपराह्न हामी छलफल सम्पन्न भएको निर्णयको मस्यौदा गर्दै थियौँ। हाम्रो समूहबाट बोर्डमा प्रतिनिधित्व गर्ने कार्यकारी निर्देशककी निजी सहायकले मलाई एउटा सन्देश सुनाइन्- तपाईंलाई कम्प्लाइन्स रिभ्यु प्यानलका हाकिमले भेट्न खोज्दै छन्।

एसियाली विकास बैंक भवनको माथिल्लो तलाको एउटा कुनामा उनको कार्यालय रहेछ। म निर्धारित समयमा त्यहाँ पुगेँ। अरू हाकिमको जस्तो उनको कोठाबाहिर निजी सहायकको प्रबन्ध रहेनछ। अलिकति उघ्रेको ढोकाबाट उनले मलाई देखे। र, भित्र बोलाए। मैले परिचय दिएँ र भेट्न खोजेको कारण सोधेँ। उनले दुई पाना कागज मलाई थमाएर पढ्न भने।

जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपालको लेटरप्याडमा आयोजना प्रभावित चार जना व्यक्तिले दस्तखत गरेको १२ नोभेम्बर २००४ को उजुरी-पत्र रहेछ। मैले पत्र पढिसकेपछि सोधेँ, यसमा मैले के गर्नुपर्‍यो ? उनले सोधे, 'के यो उजुरीमा उल्लेख गरेअनुसार नै मेलम्ची आयोजनाले स्थानीयलाई हानि पुर्‍याएको छ ?' 'आयोजनाको स्थलगत भ्रमण नगरेकाले यसै भन्न सक्दिनँ,' मैले भनेँ। 'यस विषयमा थप छानबिन गर्नुपर्छ/पर्दैन, तिम्रो राय के छ ?' उनको प्रश्न थियो।

'मेरो राय केही छैन, तिम्रो छानबिनको विधि होला, त्यहीअनुसार गर न', मैले भन्न सक्ने यत्ति थियो। मैले सोधेँ, तिम्रो विधि छैन र ? वास्तवमा बैंकले त्यो अड्डा भर्खर खडा गरेको रहेछ। त्यसबेलासम्म सबै उजुरी नेपालबाट मात्र परेका रहेछन्। एउटा उजुरी लाओसको पनि रहेछ। मेलम्चीकै विषयमा त्यो अड्डा खडा हुनुअघि पनि उजुरी परेको रहेछ। त्यसको छानबिनले खासै कैफियत नदेखिएको उनले बताए। फेरि छानबिन गर्दा राम्रो हुने राय दिएर म निस्केँ।

त्यसको ६ महिनापछि त्यही संकटग्रस्त मेलम्चीको खानेपानी बोर्ड सदस्यका रूपमा ११ चैत ०६१ मा मेरो नियुक्ति भएछ। आयोजनाको पहुँच सडकहरूमध्ये मुख्य सडकको काम ठेकेदारसँगको विवादका कारण अल्झिएको थियो। समितिको बैठक नियमित रहेनछ। म खटिएको दुई महिनापछि १३ जेठ ०६२ को पहिलो बैठकमा मैले भाग लिएँ। र, त्यसपछिका १५ बैठकमा सरिक भएँ। कतिपय बैठकमा कोरम पुग्दैनथ्यो। समितिका सदस्य बैठकमा आउन डराउने। जे-जति काम हुँदै थियो, त्यसमा पनि संकट आइरहन्थ्यो। कहिले आयोजना प्रभावितले इन्जिनियर कुट्थे। एक दिन नर्वेली परामर्शदाताको कठालो समातेर घोक्र्याइदिएछन्। निर्माणाधीन सडकमा डोजर चलेर शौचालयमा उभिन नसकिने भयो। त्यो पनि अधिग्रहण गरिदिनुपर्‍यो भनेर ठेकेदारलाई काम गर्न दिँदैनथे। राइट अफ वेभित्र नपरेकाले अधिग्रहण गर्न नमिल्ने। राती हेभी ट्रक गुड्दा बाख्रा निदाउन पाएनन् भनेर क्षतिपूर्ति दाबीका आन्दोलनले काम रोकिन्थे। यस्ता प्रत्येक घटनापछि बोर्डका सदस्य-सचिव इन्जिनियर सुमन शर्मा, जो पछि अर्थसचिव भए,ले फोन गर्थे। स्थानीय निकाय पदाधिकारीविहीन र सशस्त्र द्वन्द्व चर्कंदै गएको समय भएकाले समस्याको हल खोज्न राजनीतिक सहयोगको गुन्जायस थिएन।

एक दिन सुमनजीको फोन आयो, 'शाही आयोगले मेलम्ची सडक निर्माणमा भएको धाँधलीका बारेमा बयान लिन सरलाई बोलाउँदैछ।' नभन्दै त्यसको केही समयपछि शाही आयोगका सदस्य-सचिवले फोन गर्नुभयो। चिनेका मान्छे हुनुहुँदोरहेछ। यसो बुझ्न मात्र हो भन्नुभो। भोलिपल्ट ११ बजेको समय तोकियो। निर्धारित समयमा हालको संविधानसभा भवन परिसरभित्र लगानी बोर्ड रहेको भवनमा

आयोगमा बयान दिन जान मानेनन्। उनीहरू ३ महिना आयोगको हिरासतमा बसे।

लोकतन्त्र स्थापनापछि गठित अन्तरिम सरकारले काठमाडौँ उपत्यकाको खानेपानी व्यवस्थापनको जिम्मा बेलायतको सेभर्न ट्रेन्ट वाटरलाई दिने निर्णय गर्‍यो। जुन एडीबीको सर्त थियो। तर, तत्कालीन भौतिक योजनामन्त्री हिसिला यमीले ९ मंसिर ०६३ मा विदेशी कम्पनीलाई खानेपानी व्यवस्थापनको जिम्मा दिने निर्णय रद्द गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा दर्ता गरिन्। अर्थमन्त्री रामशरण महतले यसको खरो प्रतिवाद गरेका थिए।

यमीले दाताको सर्त अनुरूप विदेशी कम्पनीको जिम्मा दिँदा देश बर्बाद हुने भन्दै अड्डी कसेकी थिइन्। विवाद बढेपछि दाताले ऋण सहयोगबाट बिदा हुने सार्वजनिक अभिव्यक्ति नै दिए। अन्ततः ९ जेठ ०६४ मा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल

रहेको शाही आयोग पुगेँ । मूलढोका छिर्नेबित्तिकैको कोठामा सदस्य-सचिवलाई देखेर भित्र छिर्न खोजेँ । तर, मलाई रोकियो । अघिल्लो दिन फोनमा त्यस्तो मित्रवत् कुरा गरेका सदस्य-सचिवले त्यो बिहान एकदम नचिनेजस्तो गरे । ढोकैनेर राखेको काठको हाते-कुर्सीमा मलाई बस्न भनियो । १५ मिनेटजति कुर्सीमा हलचल नगरेर भित्र कोठाका गतिविधि हेर्दै सोच्दै थिएँ, के आइलाग्यो ? एक जना कार्यालय सहयोगी कोठाको सँघारमा उभिएर चिच्याए, 'रामेश्वर खनाल हाजिर हुनुहोस् ।' उनले मलाई देखेकाले त्यसरी चिच्याउन आवश्यक थिएन । म भित्र छिरेँ । भित्र दुई स-साना डेस्क र एउटा काठे-कुर्सी राखेर अदालतको बयान लिने कठघराजस्तो बनाइएको रहेछ । क्षणअघि कार्यालय सहयोगी किन चिच्याएका रहेछन्, भेद खुलेजस्तै भयो । आधा घन्टा पूरै अदालती प्रक्रियाले बयान लिइयो । र, बोलाएका बेला फेरि उपस्थित हुने कागज गराएर मलाई बिदा गरियो । त्यसपछि आयोगले बोलाएन । तर, मेलम्चीको काम केही महिना पूरै अनिश्चितजस्तै भयो ।

मेलम्ची बोर्डमा रहेकै बेला अर्थ मन्त्रालयमा मलाई बजेट तथा कार्यक्रम महाशाखाबाट सारेर वैदेशिक सहायता महाशाखाको जिम्मेवारी दिइयो । शाही शासनकालको त्यसबेलामा दातृ निकायहरूले नयाँ सहायता प्रतिबद्धता गर्न त्यति जाँगर देखाएका थिएनन् । तर, पहिले प्रतिबद्धता जनाएका आयोजनामा रकम नकाट्ने एक किसिमको सहमतिजस्तै बनेको थियो । नेपाललाई गरिएको सहयोग नेपाली जनताको भलाइका लागि हो, कुनै शासकको पक्षपोषण गर्न होइन भन्नेमा दातृ निकायका प्रतिनिधिसँग कुरा भइरहन्थ्यो । तर, नर्वेले मेलम्चीमा सहयोग रोक्छ भन्ने अलिअलि हल्ला बाहिर थियो । पटक-पटकको नर्वेली राजदूतसँगको भेटमा मैले त्यो हल्लाबारेमा सोधेको थिएँ । र, उनले हल्लामा कुनै दम नभएको जनाएका थिए ।

यसैबीच एक दिन काठमाडौँस्थित नर्वेजियन राजदूतावासले राजदूत र डेपुटी चिफ अफ मिसन दुवै भेट्न आउने खबर मेरो सहायकलाई टिपाएको रहेछ । उनीहरूसँग मेरो कार्यकक्षमा छलफलको प्रारम्भ नेपाललाई नर्वेको आर्थिक सहायताको समीक्षाबाट भयो । दुईपाने विवरण उनीहरूले बोकेर आएका थिए । मेलम्चीको बुँदामा आइपुगेपछि राजदूत गम्भीर हुँदै मेलम्चीको सहयोग बन्द गर्ने कुरा उठाए । मैले उनलाई लगत्तै अघिका पटक-पटकको भेटमा भएका कुराको स्मरण गराएँ । उनले स्थिति परिवर्तन भएको, विद्यमान राजनीतिक परिस्थितिलाई नर्वे सरकारले मूल्यांकन गर्दा सन्देश दिन पनि मेलम्चीबाट हात झिक्नुपरेको कुरामा जोड दिए । तर, नेपालले पाउने भनेको त्यो रकम द्विपक्षीय परियोजनामा नभई कुनै क्षेत्रीय परियोजनामा थपिने जानकारी गराए । स्वीडेनको सहयोग र नोर्डिक विकास कोषको सहयोग पनि नर्वेसँगै गाँसिएको अनुभूति रहेकाले मैले सोधेँ, 'के यी दुईले पनि सहयोग खारेज गर्छन् ?' राजदूतले आफूलाई त्यसको भेउ नभएको बताए । त्यसको दुई-तीन सातापछि स्वेडिस विकास नियोगले पनि सहयोग रोकेको जानकारी गरायो । नर्वेको आधिकारिक जानकारी आइसकेको थिएन । मैले सुमन शर्मालाई फोन गरेर यी दुई सहयोग रद्द भएको सन्दर्भमा मेलम्ची संकटमा त पर्दैन भनेर सोधेँ । 'सानो सहयोग हो । एडीबी रहेसम्म त्यस्तो फरक नपर्ला', उनको जवाफ रह्यो ।

त्यही मौकामा एक दिन नोर्डिक विकास कोषका कार्यकारी प्रमुख नेपाल आउने भएछन् । उनी काठमाडौँ आउनुअघि नै भेट्ने समय तय गरेका थिए । उनीसँगको भेटमा सामान्य भलाकुसारीपछि 'तिमी पनि मेलम्चीको सहयोग रद्द गरेको जनाउ दिन आएको त होला नि' भनी जिज्ञासा राखेँ । उनले भने, 'होइन, बरू म हाम्रो कोष प्रतिबद्ध छ भनेर ढाडस दिन आफैं आएको हुँ ।' उनको कोष मात्र होइन, अड्डा पनि सानो रहेछ । नेपाललाई सहयोग गर्न पाएकामा आफ्नो कार्यकालको ठूलो उपलब्धि ठान्दा रहेछन् । र, नेपालले नै मेलम्ची त्यागे अर्कै कुरा, नत्र कोषले छाड्दैन भन्ने पनि उनले बताए ।

> **तमाम संकटका बीच पनि धैर्य गरेर लागिरहे, ढिलो-चाँडो लक्ष्य हासिल हुन्छ । मेलम्ची सम्पन्न भएपछि निश्चित रूपमा ठूला आयोजना सम्पन्न गर्ने सरकारी सामर्थ्य पनि बढेर जानेछ ।**

नर्वेले मेलम्चीबाट हात झिकेको आधिकारिक जानकारी धेरै पछि गरायो, जुन बेला शाही शासनविरुद्ध नेपालभर आन्दोलन चलेको थियो । एडीबीलाई जानकारी गराउँदा भने नर्वेले आफू 'अन्तर्राष्ट्रिय नीतिसम्बन्धी सोरिया मोरिया घोषणापत्रका कारण बाध्य भएर हात झिक्नुपरेको' बताएछ । त्यस घोषणापत्रले 'उदारवाद तथा निजीकरण'लाई बढावा दिने आयोजनामा नर्वे सरकारलाई वैदेशिक सहायता दिन रोक लागेको थियो ।

मेलम्ची आयोजनाको प्रारम्भदेखि नै आएका सबै किसिमका संकट, विश्व बैंक, नर्वे र स्वेडिस सहयोग कटौतीका कारण बढ्न गएको करिब १३ करोड डलरको 'फन्डिङ ग्याप' का बीच पनि मुख्य दातृ निकाय एडीबी धर्मराएन । सरकारलाई सहयोगको निरन्तरताको भरोसा दिलाइरह्यो । एडीबीका उच्च अधिकृतहरूले प्रत्येक पटकको भेटमा 'एडीबी नेपालको सबभन्दा भरपर्दो (रिलायबल) साझेदार हो' भनेर सम्झाइरहन्थे । सन् २००६ मा सकिनुपर्ने आयोजनाको म्याद २०१३ मा सर्‍यो, सुरुङको ठेकेदारले काम बीचमा छाडेर अलपत्र पार्‍यो । त्यसपछि आयोजना सम्पन्न हुने मिति पटक-पटक सर्‍यो । सबै काम सन् २०१८ को अन्त्यसम्म पनि नसकिएला । तर, जुन अठोट र भरोसा एडीबीको व्यवस्थापन र जापानी सरकारले देखाए, त्यसले ठूलो पाठसमेत निर्माण गरेको छ । तमाम संकटका बीच पनि धैर्य गरेर लागिरहे, ढिलो-चाँडो लक्ष्य हासिल हुन्छ । मेलम्ची सम्पन्न भएपछि निश्चित रूपमा ठूला आयोजना सम्पन्न गर्ने सरकारी सामर्थ्य पनि बढेर जानेछ । ◆

दाहाल 'प्रचण्ड'ले एडीबीका नेपालस्थित प्रतिनिधिसँग भेटेर सहजीकरण गरेका थिए । त्यसपछि सरकार र निजी क्षेत्रको साझेदारीमा व्यवस्थापन संरचना तयार गर्ने मध्यमार्गी बाटो रोजियो र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड खडा गरियो । बोर्डले त्यसपछि खानेपानीको व्यवस्थापन गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) नामक कम्पनी स्थापना गर्‍यो । त्यसयता उपत्यकाको खानेपानी व्यवस्थापन उसैले गर्दै आएको छ ।

केयूकेएलमा सरकारको ३० प्रतिशत, उपत्यकाका नगरपालिकाहरूको ५० प्रतिशत, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, ललितपुर चेम्बर अफ कमर्स, भक्तपुर चेम्बर अफ कमर्ससहितका निजी क्षेत्रबाट १५ प्रतिशत र रोजगार कोषको ५ प्रतिशत सेयर रहने गरी २० करोड रुपियाँ अधिकृत पुँजीको कम्पनी खोलियो । जसमा सरकार र काठमाडौं

महानगरपालिकाबाट दुई/दुई जना, ललितपुर महानगरपालिकाबाट र निजी क्षेत्रबाट एक/एक जनाको प्रतिनिधित्व रहने सञ्चालक समिति हुन्छ। अध्यक्ष समितिले छान्छ। शुल्क तोक्न स्वतन्त्र निकाय खानेपानी महसुल निर्धारण आयोग गठन गऱ्यो, सरकारले। "दाताको सर्त मान्ने सरकारी कदमले उपत्यकाको खानेपानी व्यवस्थापन सरकारी संयन्त्रबाहिर पुऱ्यायो," खानेपानी तथा सरसफाइ मन्त्रालयको सचिवबाट अवकाश पाएका भीमप्रसाद उपाध्याय भन्छन्, "केयूकेएल प्रभावहीन बनेको छ।"

लागत बढेको बढ्यै

सरकारसँग खानेपानी व्यवस्थापनको सहमति बनेपछि मेलम्ची आयोजना दुई भागमा विभाजित गरेर ०६५ मा पुनः सुरु भयो। पहिलो उप-आयोजनामा मेलम्चीदेखि सुन्दरीजलसम्म सुरुङ मार्ग बनाएर सुन्दरीजलमा पानी प्रशोधन केन्द्र निर्माण गर्ने र दोस्रो सुन्दरीजलको पानी उपभोक्तासम्म वितरण गर्ने। पहिलो उप-आयोजनामा २४ अर्ब ९४ करोड रुपियाँ खर्च हुने अनुमान गरिएको थियो। सोही अनुरूप ०६६ मा चिनियाँ चाइना रेलवे कन्स्ट्रक्सन कम्पनी (सीआरसीसी)ले सुरुङ खन्ने ठेक्का पायो, ०७० मा पूरा गर्ने गरी। तर, तीन वर्षसम्म लक्षित प्रगति हुन नसकेपछि सरकारले ठेक्का रद्द गऱ्यो, ०६९ मा।

पुनः अर्को ठेक्का लगाउन एक वर्ष लाग्यो। ०७० मा इटालियन कम्पनी को-अपरेटिभ मुराटोरी सेमेन्टिस्टी (सीएमसी) सँग अर्को ठेक्का सम्झौता भयो। चिनियाँ कम्पनीसँग चार अर्ब २० करोड रुपियाँमा सम्झौता भएकामा इटालियन कम्पनीसँग झन्डै दोब्बर लागतमा सम्झौता गर्नुपऱ्यो। सीएमसीसँग सात अर्ब ७२ करोड रुपियाँमा सम्झौता भएको थियो। पुनः ठेक्का गर्नुपर्दा आयोजनाको कुल लागत तीन अर्ब आठ करोडले बढेर २८ अर्ब ७४ करोड रुपियाँ पुग्यो। दोस्रो उप-आयोजनाको कुल लागत ६ अर्ब ७२ लाख रुपियाँ छ। यस हिसाबले करिब ३४ अर्ब रुपियाँ लागतको हो, यो परियोजनाको। नेपालले वार्षिक ०.५ देखि १ प्रतिशतसम्म ब्याज तिर्नुपर्छ, आयोजना सकिएको ४० वर्षभित्र। तर, मेलम्चीको पानी आएपछि उपभोक्ताले कति शुल्क तिर्नुपर्छ भन्ने यकिन छैन। "देशको स्वार्थभन्दा निजी र राजनीतिक स्वार्थ हेर्दा मेलम्ची आयोजना ढिलो भएको हो," कांग्रेस नेता एवं पूर्वउद्योगमन्त्री नवीन्द्रराज जोशी भन्छन्।

दोहनको सिकार

मंसिर ०७१ मा महोत्तरीको लक्ष्मीनियाँको पूर्व-पश्चिम राजमार्गको किनारामा बा ४ च १५०३ नम्बर प्लेटको टोयोटा प्राडो अलपत्र हालतमा भेट्यो, सशस्त्र प्रहरीले। खोजी गर्दै जाँदा उक्त सवारी मेलम्ची खानेपानी विकास समितिको भएको खुल्यो। राजमार्गमा अलपत्र सवारी चोरिएर यो हालतमा पुगेको होइन। बरू, पाँच वर्षअघि एक राज्यमन्त्रीले लगेका थिए, जुन पदबाट हटेपछि समेत उनले सम्बन्धित निकायमा बुझाउनु त परै जाओस्, बेवारिसे हालतमा छाडिदिए। आयोजनाको सवारी-साधन चरम दुरुपयोग गर्ने पूर्वराज्यमन्त्री हुन्, आपराधिक पृष्ठभूमिका सञ्जयकुमार साह 'टकला'। २ जेठ ०६६ मा भौतिक योजना तथा निर्माण राज्यमन्त्री रहेका साह डेढ वर्षपछि नै पदबाट बाहिरिए पनि गाडी अहिलेसम्म फिर्ता गरेका छैनन्। बरू चल्नै नसक्ने हालतमा हेटौँडास्थित साविकको क्षेत्रीय प्रशासन कार्यालयमा रहेको अभिलेख छ, समितिको कार्यालयसँग।

मेलम्चीका सवारी साधन चढ्ने साहजस्तै पहुँचवाला थुप्रै छन्। ६० वटा गाडीमध्ये १० वटा अन्य निकायले प्रयोग गरिरहेका छन्। यो समितिको लिखतमा उल्लेख भएका सवारी साधनको संख्या मात्रै हो। यसबाहेक मौखिक रूपमा छोटो अवधिका लागि गाडी लैजानेको संख्या अझै बढी छ। उपत्यकाबाहिर जानुपर्दा मन्त्री, कर्मचारी, राजनीतिक व्यक्तिले यहीँका गाडी रोज्ने गर्छन्। "हामी त सवारी साधन वितरण गर्ने निकायजस्तो भएका छौँ," समितिका एक उच्च अधिकारी भन्छन्।

पूर्वप्रधानमन्त्रीहरू गिरिजाप्रसाद कोइराला, सूर्यबहादुर थापाले दिवंगत नभइन्जेलसम्म आयोजनाकै गाडी चढे। दुवैले ०६३ मा लगेको टोयोटा ल्यान्ड क्रुजर उनीहरूको मृत्युपछि मात्रै फिर्ता गरिएको थियो। खानेपानी मन्त्रालय, सहरी विकास मन्त्रालय, पुनःनिर्माण प्राधिकरण र काठमाडौँ उपत्यका विकास प्राधिकरणका पदाधिकारीले मेलम्चीका गाडी चढिरहेका छन्। बा १ झ ६६०८ नम्बरको टोयोटा ल्यान्ड क्रुजर त खानेपानी मन्त्रालयमा प्रयोगहीन बनेर थन्किरहेको छ। *(हेर्नूस्, इन्फो)*

आयोजनाका सवारी साधन शक्तिशालीहरूको पहिलो रोजाइ हुने गर्छ। किनभने, यी सवारी साधन विलासी र अफरोडमा आरामदायी तवरले गुड्न सक्ने हुन्छन्। आयोजनाका सवारी साधनको दोहन कुन हदसम्म हुन्छ भन्ने उदाहरण मेलम्ची दोस्रो उप-आयोजना कार्यान्वयन निर्देशनालय (पीआइडी) हो। उसले ०६९ मा आयोजनाका कार्यकारी निर्देशक चढ्ने टोयोटा ऱ्याभ किन्ने जमर्को गरेको थियो। तर, महँगो र विलासी गाडी किन्दा मन्त्रालयका

गाडी आयोजनाका मस्ती अरूको

बा १ झ ८११३
टोयोटा प्राडो
राष्ट्रिय पुनःनिर्माण प्राधिकरण

बा १ झ ६६०८
टोयोटा प्राडो
खानेपानी मन्त्रालय

बा १ झ ८९९४
टोयोटा प्राडो
सहरी विकास मन्त्रालय

बा ४ च १५०१
टोयोटा प्राडो
सहरी विकास मन्त्रालय

बा १ झ ७१९४
मारूती कार
सहरी विकास मन्त्रालय

बा १ झ ८७६३
टोयोटा प्राडो
काठमाडौँ उपत्यका विकास प्राधिकरण

बा १ झ ६६०६
टोयोटा ल्यान्डक्रुजर
खानेपानी मन्त्रालय

बा ४ च ८८७५
टोयोटा ल्यान्डक्रुजर
खानेपानी मन्त्रालय

बा १ झ ५२४५
मारूती कार
खानेपानी मन्त्रालय

बा ४ च १५०३
टोयोटा प्राडो
सञ्जय साह, पूर्वराज्यमन्त्री

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाह्रीबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म

For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD

05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK

तस्बिर : अंगद ढकाल

मेलम्ची खानेपानी आयोजनाले गौशाला–चावहिल खण्डमा पाइप लाइन बिछ्याउँदा धुलाम्मे बनेको सडक

उपल्ला कर्मचारी, मन्त्रीले माग्ने हुँदा निर्देशकले चढ्न नपाउने भन्दै सट्टामा स्कर्पियो किनियो । पीआइडीसँग सबैभन्दा राम्रा कार भनेकै स्कर्पियो भएको प्रवक्ता लीलाप्रसाद ढकाल बताउँछन् ।

राजनीतिक दलहरूले आयोजनाको गाडी चुनाव प्रचारमा समेत प्रयोग गर्छन् । पहिलो संघीय र प्रदेशसभाको चुनावताका यस्तो भएको थियो । तत्कालीन खानेपानीमन्त्री महेन्द्र राय यादवले मेलम्ची आयोजनाका १० वटा गाडी लगेका थिए । "जति उपल्लो पदमा पुगिन्छ उति महँगो सवारी साधन चढ्नुपर्छ भन्ने अचम्मको संस्कार छ, हाम्रा कर्मचारी र नेताहरूमा," पूर्वसचिव उपाध्याय भन्छन् ।

अझै अतृप्त काठमाडौं

अहिले उपत्यकाको खानेपानी माग दैनिक ३० देखि ३५ करोड लिटर हो । आपूर्ति १० देखि १५ करोड लिटर मात्रै छ । मेलम्ची आएपछि १७ करोड लिटर थपिनेछ । यस हिसाबले मेलम्ची आएपछि समेत उपत्यकालाई पानी ठीक्क मात्रै पुग्नेछ । केही वर्षपछि नै पुनः समस्या बल्झिन सक्छ । सरकारसँग नजिकैका यांग्री र लार्के नदीको पानी मेलम्चीमा मिसाएर ल्याउने योजना त छ । तर, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भएकै छैन । यी दुवै नदीबाट १७/१७ करोड लिटर पानी ल्याउने योजना छ । पूर्ण क्षमतामा आउँदा मेलम्चीबाट ५१ करोड लिटर पानी आपूर्ति हुन्छ । सन् २०५० सम्म उपत्यकाको खानेपानी माग दैनिक ५० करोड लिटर पुग्ने एडीबीको अध्ययनले प्रक्षेपण गरेको थियो ।

हरेक सरकार बन्नासाथै मेलम्चीको पानी ल्याउने पहिलो वाचा हुने गर्छ । यसबाट नै बुझिन्छ कि मेलम्चीसँग उपत्यकाका नेताहरूको मात्र होइन, समग्र मुलुककै राजनीतिक स्वार्थसमेत गाँसिएको छ । अझ उपत्यकामा चुनाव जित्ने माध्यमसमेत बन्यो, मेलम्ची । पूर्वप्रधानमन्त्री भट्टराईले काठमाडौंका सडक मेलम्चीको पानीले पखाल्ने कुरासमेत निर्वाचनताकै गरेका थिए । नेपाली कांग्रेसका नेता जोशी भन्छन्, "विपक्षीहरूले किसुनजीको कुरालाई हावा भनेर उडाए । तर, उनी दूरदर्शी नेता थिए । हावा भनिएकै कुरामा पछि कसको पालामा मेलम्चीको पानी ल्याउने भन्ने अस्वस्थ होडबाजी चल्यो ।"

एउटा परियोजना पूरा हुन तीन दशक लाग्नु आफैंमा सुखद होइन । मेलम्ची नेपालको व्यवस्थापकीय दक्षता, ढिलासुस्ती र अनियमितताको चिनारीसमेत बन्यो । परामर्शमा मात्रै आयोजनामा ठूलो खर्च भएको देखिन्छ । महालेखा परीक्षकको कार्यालयले आयोजनाको २१.४१ प्रतिशत रकम परामर्शमा खर्च भएको भन्दै गम्भीर समस्या देखिएको बताएको छ । आयोजना सञ्चालनमा गम्भीर समस्या रहेको र उक्त खर्च राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्थापित मापदण्ड र असल अभ्यासभन्दा धेरै बढी देखिन्छ ।' कुल लागतको औसत ५ प्रतिशत परामर्श सेवाको खर्च रहने विश्वव्यापी मान्यता रहेको पीआईडीका प्रवक्ता ढकालको भनाइ छ । खर्च व्यवस्थापकीय क्षमता कमजोर रहेको यसबाट पुष्टि हुन्छ ।

आयोजना सुरु भएदेखि नै महालेखाले बढी व्ययभार, अतिरिक्त भुक्तानी, बिलबेगरको भुक्तानीजस्ता कुरामा प्रश्न उठाउँदै आएको हो । तर, सुधारमा कसैले ध्यान दिएन । फलतः प्रतिफल चाख्ने बेलासम्म पनि आयोजनामा अपचलन भएको भन्दै प्रश्न उठिरहेको छ । ०७४ को महालेखा प्रतिवेदनमा पनि उल्लेख्य रकम यसरी तलमाथि पारिएको हुनसक्ने औँल्याइएको छ । "थुप्रै कमी-कमजोरी भए होलान् किनभने हामीसँग यस्ता आयोजनाको अनुभव थिएन," मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक रामचन्द्र देवकोटा भन्छन्, "तर भविष्यमा यस्ता आयोजना बनाउने सबैभन्दा ठूलो आत्मबल भने मिलेको छ । तमाम कमजोरीका बाबजुद यो हाम्रो पुँजी हो ।"

देवकोटाले भनेजस्तै यसबाट पाठ सिकेर विकासका कोशेढुंगा मानिएका अन्य आयोजनाहरू मेलम्चीजस्तै महाभारत नबन्लान् त ? यसै भन्न सकिन्न । ◆

जीपी मैनाली

मृत्यु नहोस्, सपनाको

वाम गठबन्धनले स्थिरता, विकास र समृद्धिको सपना अघि सा-यो । अविकास र बेथितिबाट आक्रान्त नेपालीले दुई प्रमुख कम्युनिस्ट पार्टीको सपनालाई मतदानमार्फत अनुमोदन गरे । भुइँमान्छेका सपनासँग जोडिएर विशाल जनमत प्राप्त गरेको वाम गठबन्धन अहिले सत्ताको रथ हाँकिरहेको छ ।

यसपालि चुनावमा वाम गठबन्धनले प्राप्त गरेको जित विगतका चुनावी जित-हारभन्दा धेरै अर्थमा भिन्न थियो । मतदाता सपना साकार हुने दिनगन्तीमा छन् । पुस्तैनी गरिबी उपहारमा पाएका श्रमजीवी भोकै बस्नुपर्ने-मर्नुपर्ने अभिशप्त जिन्दगीको चक्रव्यूहबाट मुक्ति खोजिरहेका छन् ।

फाटेका कपडा र नाँगै खुट्टा स्कुल जाने बालकले सहज र गुणस्तरीय शिक्षाको कल्पना गरेका थिए । उद्योगी-व्यापारी लगानीमैत्री कार्यशैली चाहन्थे । विद्यार्थी समाजवादी मोडेलको शिक्षा-सपना देखिरहेका थिए । सबैले सर्वसुलभ उपचार पाउने अपेक्षामा थिए । विदेशी भूमिमा जीवनका उर्वर दिन बिताइरहेका दाजुभाइले स्वदेश फर्कने सपना देखिरहेका थिए । न्यूनतम तलब पनि नपाएका मजदुरले काम अनुसार उचित ज्याला पाउने अपेक्षा गरेका थिए । बेरोजगारीका कारण 'डिप्रेसन' भोगेका शिक्षित युवाहरू रोजगार पाउने आशामा थिए ।

यसैकारण अहिलको वाम सरकार सपनै-सपनाको जालीमा घेरिएको छ । जनताले सधैं राजनीतिक स्वतन्त्रताको लडाइँ लडे । अब यो कोर्स सकिएको छ । पहिलो पटक स्थिर र शक्तिशाली सरकार बनेको छ । जनताको विश्वाससहित देशको नेतृत्व गर्ने नेता छन् । अबचाहिँ वाम गठबन्धनले साँच्चै गर्न सक्छ कि सक्दैन ? स्वाभाविक प्रश्न हो । वाम सरकारसँग काम नगर्ने सुविधा छैन ।

वामपन्थी तालमेल र पार्टी एकताको कोर्सलाई राष्ट्रको ऐतिहासिक आवश्यकता ठानियो । चुनावी नारा त्यही अपेक्षा अनुसार लगाइयो । सुरुमा राष्ट्रव्यापी तालमेल, त्यसमा मिलेको सानदार सफलता र झन्डै दुई तिहाइ बहुमतको सरकार गठन यात्राका सुरुका तीन चरण थिए । अब काम गर्ने र नतिजा दिने चरण हो । यसकारण यसको पुष्ट्याइँ वाम सरकारले आफ्नो कामबाट गर्नुपर्छ ।

संविधानले सामाजिक-आर्थिक रूपान्तरणसहित समाजवाद उन्मुख व्यवस्थाको कल्पना गरेको छ । संविधानको यो मार्गनिर्देश नै आगामी यात्राको दिशा-निर्देश हो । प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणाली र लोकतान्त्रिक मूल्य-मान्यता नेपाली समाजवादका विशेषता मानिएको छ । हाम्रो समाजवादले कस्तो विकास गर्छ ? यो मूल प्रश्न हो । वाम गठबन्धनको सरकारका हरेक निर्णयले यसको जवाफ दिन सक्नुपर्छ ।

अधिकांश देशले द्रुत विकास गरे पनि नेपाल अझै संसारकै अल्पविकसित, गरिब, पिछडिएको र परनिर्भर मुलुकको परिचयमै छ । यसैले अब गरिबीको परिचय बदल्नुपर्छ । अभाव मेटाउँदै सोचमा रहेको पछौटेपन हटाउनुछ । भेदभाव र असमानताको अन्त्यपछि मात्र काम गर्ने बाटो अलि स्पष्ट हुनेछ ।

यहाँ समृद्धिका धेरै आधार छन् । धेरैभन्दा धेरै श्रमशक्ति छ । आज राष्ट्रको मुख्य कार्यभार तीव्र आर्थिक विकास हो । सामाजिक न्यायसहितको समृद्धि हो । वामपन्थी सरकारसँग राष्ट्रको भविष्य र जनताको सपना गाँसिएको छ । यसैको बलमा हामीले सामाजिक न्यायसहितको समृद्ध समाजवादको कुरा गर्नुपर्छ ।

अब राष्ट्रिय औद्योगिक पुँजीको विकासमा जोड दिन ढिला गर्नुहुन्न । आत्मनिर्भर तथा सबल अर्थतन्त्र अबको उद्देश्य हो । वाम गठबन्धन हुँदै अब बन्ने एकीकृत पार्टीले मजदुरको पक्षमा निर्णय लिनुपर्छ । किसान र श्रमजीवीलाई विश्वास दिलाउनुपर्छ । जनताको हितमा व्यवस्थित कार्ययोजना चलाउँदा महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम, सबै उत्पीडित जाति र पिछडिएका क्षेत्रका जनता छुट्नुहुँदैन । संविधानसभाबाट संविधान निर्माण र यसको कार्यान्वयनका लागि तीन चरणका चुनाव, नेपालमा स्थिरता, विकास र समृद्धिका लागि बाटो खन्ने महत्त्वपूर्ण पाटा हुन् ।

यो बाटो बनिबनाउ थिएन । धेरै राजनीतिक संघर्ष, कहिले राजमार्गको दौड त कहिले गोरेटाहरूको हिँडाइपछि हामीले नेपाली जनताका चाहना अनुसारको विकास र समृद्धिको बाटो समात्दैछौं । हामी बिलकुलै प्रारम्भिक चरणमा छौं, निकै टाढासम्मको यात्राका लागि हामीले गाडी स्टार्ट गरेका छौं । हजार माइलको यात्रा एक पाइलाबाट सुरु हुन्छ भनेझैं नेपालको स्थिरता, विकास र समृद्धिको यात्रा हामीले संविधान कार्यान्वयनबाट सुरु गरेका छौं ।

ड्राइभिङ सिटमा बसेकाहरूसँग जनताको भर छ । जनतालाई आशा छ, अब गन्तव्यमा पुगिन्छ । जनता मनमा कुनै डर र भयबिना यात्रा खोजिरहेका छन् । बीच बाटोमा पुगेर इन्धन सकियो, टायर पन्चर भयो, अब अगाडि बढ्दैन भन्न पाइन्न । जनतालाई ढुक्कसँग यात्रा गराउने जिम्मा उनीहरूकै हो, जसलाई जनताले भोट दिए, विश्वास गरे र सिंहदरबार पठाए ।

कहिलेकाहीं मानिस आफैं सपना देख्छ, कहिलेकाहीं अरूले देखाउँछन् । आफैंले देखेको सपना पूरा भएन भने मानिस फेरि कोसिस गर्छ । जनता आफूले कम सपना देखेका छन् । राजनीतिक नेतृत्वले धेरै सपना देखाइदिएको छ । विगतका सपनाको मृत्युका लागि राजनीतिक अस्थिरतालाई जिम्मेवार ठानियो । नेतृत्वको कार्यशैलीलाई दोषी मानियो । तर, अबचाहिँ सपनाको मृत्यु हुनुहुँदैन किनभने हामीसँग स्थिरताको ढोका खुलेको छ । नेपाली इतिहासकै सबैभन्दा शक्तिशाली सरकार हामीसँग छ । अब खाँचो कौशल, दृढ इच्छाशक्ति, पारदर्शिता, सामाजिक न्याय र इमानदारीको हो । ◆

बढ्दैछन् किशोरी आमा

उमेर नपुग्दै विवाह गर्ने प्रवृत्ति : आमा र बच्चाका लागि जोखिम

विभु लुइटेल

अर्घाखाँचीकी पार्वती सामन्त, १५, ले एक वर्षअघि भागेर विवाह गरिन्। गाउँकै १८ वर्षीय अनुप सामन्तसँग भेट भएको छोटो समयमा पार्वतीको प्रेम बस्यो। बिहेका लागि घरपरिवारले मान्छन्-मान्दैनन्, थाहा थिएन। त्यसैले दुवैले भागेर काठमाडौं आउने निश्चय गरे। विवाह हुँदा उनी कक्षा ५ मा मात्र पढ्थिन्।

१६ चैतमा पार्वतीले परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथलीमा छोरालाई जन्म दिइन्। कलिलो उमेरमा आमा बन्दा उनको स्वास्थ्यमा समस्या भने छैन। तर, जन्मनेबित्तिकै छोरा जन्डिसको सिकार भएका छन्। शरीरको तौल पनि सामान्यभन्दा कम छ। छोरालाई आईसीयूमा राखिएको छ। आमा र छोराको अहिलेसम्म भेट हुन पाएको छैन। घरका कोही भेट्नसमेत आएका छैनन्। "श्रीमान् मात्रै हुनुहुन्छ यहाँ। तर,

पार्वती सामन्त

तस्बिर : विभु लुइटेल



संगीता साह छोराछोरीका साथ

तस्बिर: रिमु लुइँटेल

सगुना शाह

उहाँलाई केही कुराको जानकारी छैन," उनले दुःखेसो पोखिन् ।

काठमाडौँको एक कुखुरापालन फार्ममा सरसफाइको काम गर्छिन् पार्वती । उनका पति अनुप ज्यामीको काम गर्छन् । यति सानै उमेरमा उनीहरूका काँधमा ठूलो जिम्मेवारी थपिएको छ, छोरा जन्मिएर । "पढाइलाई निरन्तरता दिन मन थियो तर अब सकिँदैन होला । छोराको जिम्मेवारी आइलाग्यो," उनले भनिन् ।

परिवार सँगै नहुँदा पार्वतीले पर्याप्त स्याहार र पोषणयुक्त खानेकुराहरू खान पाएकी छैनन्। यो समयमा थुप्रै शारीरिक तथा मानसिक परिवर्तन आउने हुँदा आफ्नाको साथ अपरिहार्य हुन्छ। गर्भधारण गरिसकेपछि दैनिक रूपमा हरेक आमाले २ हजारदेखि २५ सय क्यालोरीभन्दा बढी खानुपर्ने स्वास्थ्यविज्ञहरू बताउँछन्। तर, यी सबैबाट वञ्चित छन्, पार्वती ।

गत फागुनमा मात्रै थापाथली प्रसूतिगृहमा १ हजार ६ सय ७६ बच्चा जन्मिए । तीमध्ये दुई सयभन्दा बढी बच्चा किशोरी आमाबाट जन्मिएका हुन् । शारीरिक रूपमा अपरिपक्व आमाबाट जन्मेका बच्चाहरू धेरैजसो रोगको सिकार बन्ने गरेका छन् । "आमाको रगतमा आइरनको कमी हुने, सोचेभन्दा धेरै रक्तचाप भइदिने, कम तौलका बच्चा जन्मिनेजस्ता समस्या धेरै देखापर्छन्," प्रसूतिगृहका निर्देशक प्रा डा जागेश्वर गौतम भन्छन् ।

भरतपुर अस्पताल, चितवनमा २० वर्षमुनिका गर्भवती महिला दैनिक औसतमा पाँच जना भर्ना हुने गरेका छन् । "२० वर्षमाथिका आमाभन्दा किशोर आमाहरू निकै अपरिपक्व हुन्छन्। कतिलाई त नियमित परामर्श दिइरहनुपर्छ," अस्पतालकी नर्स उषा न्यौपाने भन्छिन्। आर्थिक रूपमा आत्मनिर्भर भएर मात्रै सन्तान जन्माउँदा उचित स्याहार-सुसार दिन सकिने किशोरावस्थाका हरेक व्यक्तिलाई सुझाब दिन्छिन् उनी ।

गोलढुंगा, काठमाडौँकी राधा कटुवाल, १७, को कथा पनि उस्तै छ। कक्षा ५ मा पढ्दै गर्दा उनले आफूभन्दा ठूलो उमेरका केटासँग भागेर बिहे गरिन् । उनी बेरोजगार छन् भने पति वेल्डिङको काम गर्छन् । "घरमा उसै त खान धौ-धौ पर्थ्यो । अब के हुने हो, थाहा छैन," उनले भनिन् । सानै उमेरमा गर्भवती हुनुपर्दा बच्चा र आफ्नो स्वास्थ्यमा सामान्य समस्या देखिएको बताउँछिन् उनी ।

पार्वतीजस्तै राधा पनि पढाइलाई निरन्तरता दिन चाहन्छिन् । हतारमा बिहे गरेकामा र उमेर नपुगी सन्तान जन्माएकामा पनि पछुतो छ, उनलाई । भाग्यलाई सम्झेर चित्त बुझाउनुबाहेक उनीसँग अन्य विकल्प छैनन् ।

१० वर्षअघि बर्मझिया, सप्तरीकी संगीता साहको विवाह १७ वर्षको उमेरमा आफ्नै गाउँका गोपाल साहसँग भयो। त्यतिबेला उनी कक्षा ११ पढ्न फारम भरेर बसेकी थिइन् । परिवारको करकापमा विवाह गरिन्। विवाहको वर्ष दिन नबित्दै छोरी जन्माइन् उनले ।

टिप्पणी

डा सुमनराज ताम्राकार

जोखिम पनि उत्तिकै

मोफसलको एक शिक्षण अस्पतालमा एक साताभित्र दुइटा टिनएज प्रेग्नेन्सीको केस आयो । त्यसमध्ये एक जना १७ वर्ष र अर्की १८ वर्षका । उनीहरू दुवै ग्रामीण क्षेत्रका अनि एउटी ५ र अर्की ७ कक्षासम्म पढेका ।

पहिलो केस, प्रसव व्यथामा आएकी उनी अविवाहिता थिइन् । डेलिभरी राम्रोसँग भयो । तर, बच्चाको बाबु को हो भन्ने विवाद उठ्यो । किशोरीको आफन्तले डीएनए परीक्षण गराएर बाबुको पहिचान भएपछि मात्र अस्पतालबाट डिस्चार्ज गरेर लैजाने बखेडा झिके ।

दोस्रो केस, प्रसव व्यथा नै भन्ने थाहा थिएन । किनकि, उनी पनि अविवाहिता नै थिइन् । डेलिभरीपछि बच्चाको बाबुबारे बोल्दै बोलिरहेकी थिइनन् । बाबु पत्ता लगाएर छोरी जिम्मा लगाउने सोचमा थिए, अभिभावक ।

यी केवल प्रतिनिधि घटना मात्र हुन् । किशोरीवयमै गर्भवती हुनु वा कानुनी रूपमा वयस्क नभई गर्भधारण गर्नुलाई टिनएज प्रेग्नेन्सी मानिन्छ । स्वास्थ्यको दृष्टिले २० वर्षको उमेरपछि मात्र बच्चा पाउनु राम्रो मानिन्छ । तर, विश्वमा बर्सेनि करिब एक करोड तीस लाख बच्चाको जन्म टिनएजर आमाबाट भइरहेको छ । यसमध्ये ९० प्रतिशतभन्दा बढीजसो घटना विकासोन्मुख देशमा हुने गरेका छन् । तर, विकसित देशमै पनि अनपेक्षित रूपमा टिनएज प्रेग्नेन्सीका कारण गर्भ तुहाउनेको संख्या मनग्गे छ ।

> विश्वमा बर्सेनि करिब एक करोड तीस लाख बच्चाको जन्म टिनएजर आमाबाट भइरहेको छ ।

'नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०१६' को रिपोर्ट अनुसार नेपालमा पनि टिनएज प्रेग्नेन्सीको संख्या मनग्गे देखिएको छ । १५ देखि १९ वर्ष उमेरका १७ प्रतिशत नेपाली किशोरी आमा बन्ने गरेका छन् । यो संख्या सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी र प्रदेश अनुसार पनि फरक पाइएको छ । सहरी क्षेत्रमा १३ र ग्रामीण भेगमा २२ प्रतिशत किशोरीवस्थामै गर्भवती हुने गरेका छन् भने प्रादेशिक संरचना अनुसार प्रदेश ३ मा सबैभन्दा कम १० र प्रदेश २ मा सबैभन्दा बढी २७ प्रतिशत किशोरीवस्थामै गर्भवती हुने गरेको पाइएको छ । सोही सर्वेक्षण अनुसार धेरैजसो नेपाली किशोरीले विवाहपछि मात्र यौनसम्पर्क कायम राख्ने र गर्भधारण गर्ने गरेको पाइए पनि नेपाली किशोरले भने आफ्नो विवाहको एक वर्षअगाडि नै यौनसम्पर्कको अनुभव लिने गरेको पाइएको छ ।

कारण

विकासोन्मुख देशमा बालविवाह वा कलिलै उमेरमा विवाह गरिदिने सामाजिक संस्कारका कारण सानै उमेरमा यौनसम्पर्क स्थापित हुनु तथा परिवार नियोजनका साधनको उचित प्रयोग नगरिनु टिनएज प्रेग्नेन्सीको प्रमुख कारण हो । यसमा न्यून साक्षरता, उच्च गरिबी र प्रतिकूल सामाजिक वातावरणको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । सहरी परिवेशमा मद्यपान तथा नसालु पदार्थको सेवन एवं सहपाठीको करकाप नै कलिलो उमेरमै यौन गतिविधिमा लाग्ने कारणले यो समस्या निम्तिन्छ ।

बाल्यावस्थामा यौन दुर्व्यवहार, घरेलु हिंसा, पारिवारिक बेमेल, अनेकखाले दुर्व्यवहार भोगेका बालिका सानै उमेरमा आमा बन्ने सम्भावना बढी हुन्छ । सौतेनी आमाको छत्रछायाँमा हुर्केकाहरू, निरक्षर तथा कम साक्षर किशोरीहरू पनि चाँडै आमा बन्ने गरेको पाइएको छ । नेपालको पछिल्लो सर्वेक्षण अनुसार शिक्षाको स्तरसँगै कलिलो उमेरमा विवाह गर्नेको संख्या घट्दै जान थालेको छ । अर्कोतिर अशिक्षित किशोरीमध्ये ३३ प्रतिशतको तुलनामा एसइईभन्दा माथि पढेका केवल ७ प्रतिशत मात्र किशोरीवस्थामै गर्भवती भएको पाइयो ।

प्रतिकूल असर

विश्व स्वास्थ्य संगठनका अनुसार १५ देखि १९ वर्षमा गर्भवती बन्ने किशोरीको मृत्यु हुने सम्भावना दोब्बर छ । गर्भको जटिलताका कारण विकासोन्मुख देशहरूमा मात्र वर्षेनि एक लाख किशोरीको अकालमा मृत्यु भइरहेको छ । गर्भपतन गैरकानुनी ठहरिने देशमा मृत्युदर अझ बढी हुन सक्छ । ढिलो गरी र समस्या उत्पन्न भएपछि मात्र गर्भ जाँचका लागि आउने हुनाले गुणस्तरीय मातृ सेवा पुग्दैन । यसले गर्दा कम्पन छुट्ने समस्या, पिसाब चुहिने समस्या, उच्च शिशु मृत्युदर तथा मातृ मृत्युदर पनि बढ्छ । कलिलो उमेरमा विवाह गर्नेमा पाठेघरको क्यान्सर तथा आङ खस्ने समस्याको जोखिम बढी हुन्छ । सानो उमेरमा विवाह गर्नेहरूलाई बच्चा जन्माउने र हुर्काउने सीप नै हुँदैन ।

टिनएजर आमाले उनका शिशुलाई स्पर्श, मुस्कान, तोतेबोलीबाट संवेगात्मक विकासमा जोड दिन सक्दैनन् । शिशुप्रतिको दायित्व, संवेदनशीलता, अपनत्व देखाउनुको सट्टा शिशुप्रति बढ्दा रिस पोख्ने, पिट्ने, सताउने, दुःख दिने गर्छन् । कालान्तरमा यस्ता शिशुको मानसिक तथा सामाजिक विकास र वृद्धि विकासमा नकारात्मक असर पुग्छ ।

समाधान

सन् ७० को दशकको तुलनामा परिवार नियोजनका साधनको उपयोगसँगै कुल प्रजनन दरमा आएको कमीसँगै टिनएज प्रेग्नेन्सीको समस्या पनि घटेको छ । तर, विडम्बना पछिल्लो सर्वेक्षण अनुसार सहरी क्षेत्र नै र शिक्षितमाझ परिवार नियोजनका साधन प्रयोगमा कमी आएको छ, जसले गर्भपतनको मात्रा बढाएको छ । ढिलो बिहे गर्ने, लामो समयसम्म काम लाग्ने तथा एकैपटक एकभन्दा बढी नियोजनका अस्थायी साधनको प्रयोगले यो समस्या घटाएको पाइयो । समयसापेक्ष यौनशिक्षा, परिवार नियोजनका साधनसम्बन्धी सेवा तथा परामर्शमा जोड दिनुपर्छ । यौन तथा शारीरिक सम्बन्धका विषयमा निर्धक्क भलाकुसारी गर्ने, जोखिममा रहेकालाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने र यस्ता घटनाबाट प्रताडित व्यक्तिलाई सघाउने वातावरण हुनुपर्दछ ।

तस्बिर : विमु लुइटेल

राधा कटुवाल

छोरीलाई जन्म दिने बेला उनमा गर्भाशय उल्टिने समस्या (युटेरस इन्भर्सन) देखियो। निकै दिनसम्म उनी बेहोश भइन्। बच्चाको गर्भनाल आमाको शरीरबाट आफैँ नछुट्टिए डाक्टरले केही विधि अपनाई त्यो निकाल्न मद्दत गर्छन्। यस्तो अवस्थामा गर्भाशय उल्टिन सक्छ। करिब तीन हजार महिलामध्ये एक जनामा यो समस्या देखिने गरेको छ।

अध्ययन पुन: सुरु गर्ने चाहना भए पनि पतिले मानेनन्। पढेर धेरै ठूलो मान्छे बन्ने संगीताको सपना सपनामै सीमित भयो। त्यसको रिस उनी छोरीमा पोख्थिन्। चौबीसै घन्टा छोरीलाई गालीदेखि कुटपिटसम्म गर्थिन् उनी। केही वर्षपछि उनी छोराकी आमा बनिन्। तर, त्यसको केही समयपछि उनका श्रीमान्ले दोस्रो विवाह गरे। उनी एक्लिइन्। उनले इलेक्ट्रोनिक सामानको एउटा सानो पसल चलाएर दैनिक गुजारा गर्दै आएकी छन्। तर, त्यहाँबाट आउने पैसा दुई बच्चाको शिक्षा र स्याहार-सुसारका निम्ति पर्याप्त भने छैन। परिवारका अन्य सदस्यसँग समय-समयमा सहयोग माग्न बाध्य छन् उनी।

नेपालमा महिलाले १८ वर्ष र पुरुषले २१ वर्ष नपुगी विवाह गर्नु गैरकानुनी मानिन्छ। तर, उमेर नपुग्दै विवाह गर्नेहरूलाई कानुनी कारबाही भएका घटना बिरलै भेटिन्छन्। कति स्वेच्छाले बिहे गर्छन् भने कति सामाजिक परिवेशका कारण बाध्य भएर। प्रजनन् स्वास्थ्यबारे घर तथा विद्यालयमा आवश्यक सचेतना र शिक्षा पर्याप्त दिइँदैन। अनि, कलिलो उमेरमा नै किशोरीहरू सन्तान जन्माउँछन्। एक सर्वेक्षण अनुसार नेपालमा बर्सेनि प्रतिहजारमा करिब ८१ प्रतिशत किशोरी आमा बन्ने गर्छन्। त्यसमध्ये १२ प्रतिशत विवाहपूर्व आमा बन्नेमा पर्छन्। गर्भपतन गराउनेको संख्या भने न्यून छ। त्यसमा पनि अधिकांश सहरका किशोरी पर्छन्। सहरभन्दा गाउँमा यो संख्या दोब्बर छ। यस्तो अनुपात हरेक वर्ष घट्ने गरेको छ।

सिल्भर माउन्टेन स्कुलमा फ्रेन्च भाषाकी शिक्षिका सगुना शाहको भने अन्यको भन्दा बेग्लै भोगाइ रहेको छ। १७ वर्षको कलिलै उमेरमा बाध्यात्मक परिस्थितिका कारण उनले विवाह गर्नुपर्‍यो। विवाह भएको २ वर्षपछि उनी पहिलो सन्तानकी आमा बनिन्। गर्भनालले बच्चाको गर्धन कसेका कारण श्वास-प्रश्वासमा केही समय समस्या देखियो। तर, उचित स्वास्थ्य सेवा पाएका कारण सबै ठीक हुँदै गयो। उनले आफ्नो अध्ययनलाई पनि निरन्तरता दिइरहिन्।

सगुनाको अनुभव छ, मातृत्वजस्तो सुन्दर वस्तु संसारमै अरू केही छैन। "आफूभित्रै अर्को एउटा जीवनलाई आश्रय दिन सक्नु र त्यो जीवन संसारमा आइसकेपछि त्यसको उचित पालनपोषण गर्न पाउनु भाग्यको कुरा हो," उनले भनिन्। एक बच्चा जन्मेपछि आमाको जीवनमा धेरै परिवर्तन आउँछन्। तर, नकारात्मक परिवर्तनलाई नकार्दै सकारात्मक पक्षलाई आत्मसात् गर्नुपर्ने धारणाको उनको छ। जीवनमा दु:ख भोगाइका अनगिन्ती चरण पार गरेकी छन्, उनले। किशोरावस्थामा पहिलो सन्तान जन्माइन्, केही समयपछि अर्को। श्रीमान्सँग छोडपत्र भयो। दुई छोरा एक्लै हुर्काउनु सजिलो काम पक्कै थिएन। तर, कहिल्यै गुनासो गरिनन्।

विकसित मुलुकमा किशोरावस्थामा आमा हुन लागेका तथा भइसकेका महिलाका लागि छुट्टै परामर्श केन्द्र हुन्छन्। यस्ता केन्द्रले सानै उमेरमा गर्भधारण गर्ने कार्यलाई प्रोत्साहन भने गर्दैनन्। किशोरी आमालाई बच्चाको पालनपोषण गर्ने कार्यविधिका साथै व्यक्तिगत विकास कसरी गर्ने भन्ने कुरा सिकाउँछन्। तर, हामीकहाँ किशोरी आमा हिजोजस्तै आज पनि परित्यक्त छन्। राधा, सगुना, पार्वती र संगीता यसका उदाहरण मात्र हुन्। ◆

दोस्ती दुई दीपकको

संगीतकार दीपक जंगम र गायक दीपक खरेलको सांगीतिक सहयात्रा

दीपक जंगम

गोकर्ण गौतम
तस्बिरहरू : भास्वर ओझा

'तिम्रो त्यो हँसिलो मुहारको
झझल्को जब आउँदा...'

भक्तपुरस्थित एसओएस स्कुलमा संगीत पढाएर दीपक जंगम गाडीमा घर फर्कंदै थिए, रेडियो नेपालबाट यो गीत बज्यो। बाँसुरीको नवीन प्रयोग अनि उच्चकोटीको गायनशैली, जंगमको ध्यान तानिहाल्यो। झट्ट सुन्दा लागेछ, राम खरेलको स्वर हो। तैपनि, ढुक्क थिएनन्। गीत सकिएपछि प्रस्तोताले कौतूहल मेटिदिए, 'भर्खरै सुन्नुभयो, शम्भुजित बाँस्कोटाको शब्द/संगीत अनि दीपक खरेलको स्वर...।' आफ्नै नामसँग मिल्ने नयाँ गायक को आएछ!

जमलस्थित राष्ट्रिय नाचघरमा सांस्कृतिक कार्यक्रम भइरहेको थियो, हातमा माइक बोकेर एक गायक स्टेजमा कुद्दै आए, उत्साहले भरिएर। सबै दर्शकको ध्यान उनैतिर। ती गायकको आगमनले स्टेजनजिकै रहेका दीपक खरेललाई एल्भिस प्रिस्लेको याद दिलायो। अंग्रेजी गायक प्रिस्लेको यस्तो शैली विश्वभर चर्चित थियो। साँच्चि, खरेललाई प्रिस्ले सम्झाइदिने ती गायक को होलान्? उनी अरू कोही नभएर दीपक जंगम थिए।

यी प्रसंग हुन्, विसं २०३५ तिरका।

५ वैशाखमा ४० वर्षअगाडिको सम्झना सुनाउँदा जंगम र खरेल दुवै रोमाञ्चित बने। जंगम मुस्कुराए, "त्यतिबेला सँगै एकाध काम गरिएला भन्ने त थियो। तर, यति लामो सहकार्य होला भन्ने कल्पनै थिएन।" नेपाली संगीत आकाशमा दुई दीपक नामजस्तै 'दीपक' बनेका छन्, जंगम कालजयी कम्पोज र खरेल गायनबाट। अब्बल दर्जाका यी सर्जकको

दीपक खरेल

सांगीतिक सहयात्रा नै २५ वर्ष पुगिसकेको छ। यसबीचमा उनीहरूका चार एल्बम निस्किए । र, दर्जनौं फुटकर गीत । सबै श्रुतिमुधर । तर, उनीहरू संगीतका कारण मात्र होइन, व्यक्तिगत आनीबानी र स्वभावले पनि असाध्यै समीपमा छन् । खरेल कारण सुनाउँछन्, "मुख्य कुरा, हाम्रो 'वेभलेन्थ' मिल्छ ।" यही दोस्तीको कथा हो यो ।

'तिम्रो त्यो हँसिलो मुहारको...' गाउँदा खरेल २० वर्ष टेक्दै थिए, यही गीतले उनलाई आमश्रोतामाझ चिनायो । तिनताका रेडियो नेपालमा दैनिक ४-५ पटक 'फर्माइस'मा बज्थ्यो । जहाँ पनि 'वान्स मोर' पाउँथ्यो । अहिले भए 'भाइरल' भनिन्थ्यो होला । जवान छँदै यस्तो क्रेज थियो खरेलको । यता, जंगम गायन र कम्पोजमा एकसाथ सक्रिय थिए । तर, स्थापित हुन सकिरहेका थिएनन् । जब गायन थाती राखेर कम्पोजमा लीन हुन थाले, एक्कासि 'लाइमलाइट'मा आइहाले । नारायणगोपाल, गुलाम अली, मेहदी हसनजस्ता दिग्गजका लागि गीत सिर्जने अवसर मिल्यो । प्रायः गीतले श्रोताको मन जिते पनि । यसरी दुवै दीपक शिखर चुम्दै थिए । तर, सामान्य चिनापर्चीमै सीमित थियो सम्बन्ध । किनभने, त्यतिबेला खरेलको शम्भुजित बाँस्कोटा र गीतकार राजेन्द्र रिजालसँग 'टिमवर्क' थियो । जंगमलाई वरिष्ठ गायक-गायिकाका लागि कम्पोज गर्दैमा भ्याई-नभ्याई हुन्थ्यो । उनले खरेलतिर फर्कंदै भने, "आक्कल-झुक्कल भेट्दा सँगै काम गर्नुपर्छ त भनिन्थ्यो । तर, त्यो सौभाग्य जुरिरहेको थिएन, है ?" खरेलले सहमति जनाए ।

त्यसो भए कहिले र कसरी जुर्‍यो त त्यो मौका ?

पचासको दशकको सुरुआतमा राष्ट्रिय नाचघरको महाप्रबन्धक थिए, जंगम । एक दिन संयोगले खरेलसँग भेट

भयो । खरेलले फ्याट्ट भनिदिए, "पुरानो मित्रतालाई व्यावसायिक बनाउनुपर्‍यो । तपाईं कम्पोज गर्नूस्, म गाउँछु ।" खरेलजस्ता गिनेचुनेका गायकबाट यस्तो प्रस्ताव आएपछि जंगमले नकार्ने कुरै भएन । त्यसकै प्रतिफल हो, 'सम्झनाको गोरेटोमा...।' जंगम सम्झिन्छन्, "यो गीत रेकर्ड गर्दा हामीलाई पहिलो पटक काम

"पहिलो गीत रेकर्डसमेत असहज भएन । स–साना कुरामा पनि सल्लाह गरियो । उहाँको क्षमता र लगाव देखेर प्रभावित भएँ ।"

● दीपक जंगम

"सुरूआतबाटै हाम्रो सम्बन्ध संगीतभन्दा माथि उठ्यो । भावनात्मक रूपमै नजिक हुन थाल्यौं । एकअर्काप्रति थप सम्मान पलाउन थाल्यो ।"

● दीपक खरेल

गरेजस्तो असहज भएन । स-साना कुरामा पनि सल्लाह गरियो । उहाँको क्षमता र लगाव देखेर प्रभावित भएँ ।" खरेललाई किन पनि विशिष्ट गायक मानिन्छ भने नारायणगोपालको एकछत्र राज भइरहेका बेला आफ्नो बेग्लै पहिचान बनाउन सफल भए । यता, जंगमको कम्पोजको गहिराइबाट खरेल उस्तै मोहित । संगीतमार्फत शब्द अनुरूपको माहोल निर्माण गर्न सक्ने गज्जबको खुबी थियो उनीसँग । संगीत पढाउने पनि ।

त्यो यस्तो याम थियो, जति बेला शम्भुजित फिल्म संगीततिर ढल्किरहेका थिए । तर, खरेलको मन त्यतातिर रत्तिरहेको थिएन । उनलाई आफ्नो 'ट्रेडमार्क' बनिसकेको आधुनिक गायनमा अझ रुझ्नु थियो । जंगमलाई चाहिँ आफूले जस्तो कम्पोज गर्‍यो, उस्तै गाउन सक्ने अब्बल गायकको खोजी थियो । सुरुआती दिनमा यही 'स्वार्थ' मिल्यो, सायद । अर्थात्, खरेलको संगीत करिअरमा शम्भुजितको अलप र जंगमको उदय संयोग मात्र थिएन । अर्कातिर खरेल र जंगमको पहिलो गीत 'सम्झनाको गोरेटोमा...' मात्र होइन, 'बिहानीको सिरेटो...' र 'मेरो संसार तिमी नै...' पनि लगालग लोकप्रिय भए । *माया बल्झेछ* (२०५६) एल्बममा समाविष्ट 'गरुँ कि मीठो भुल...' ले खरेललाई फेरि चर्चाको चुलीमा पुर्‍यायो, 'तिम्रो त्यो हँसिलो मुहारको...' ले झैं । खरेल भन्छन्, "बिस्तारै हाम्रो सम्बन्ध संगीतभन्दा माथि उठ्यो । भावनात्मक रूपमै नजिक हुन थाल्यौं । एकअर्काप्रति थप सम्मान पलाउन थाल्यो ।"

उमेरले जंगम ४ वर्ष जेठा छन् । तर, दुवैले एकअर्कालाई 'दीपक बाबु' भन्छन् । समय मिल्दा मात्र होइन, समय मिलाएरै भेट्छन् । कहिलेकाहीँ घुम्न निस्कन्छन् । तर, जहाँ जति बेला पनि कुराचाहिँ संगीत र सिर्जनाकै हुन्छ । जंगम मुस्कुराउँछन्, "हामीले जानेको र हामीलाई जोड्ने पनि संगीत नै भएर पो हो कि !" जंगम खरेलको कन्सर्ट प्रायः छुटाउँदैनन् । दुवैको संगीतको सूत्र पनि उस्तै छ, धेरै होइन, कम गाउने, त्यो पनि आफ्नो बलबुताले भ्याएसम्म राम्रो । दुवैलाई हतार छैन । यति लामो अनुभव भइसक्यो । तर, कुनै-कुनै गीत रेकर्डिङले पूर्णता पाउन महिनौं लाग्छ, जबसम्म दुवैलाई चित्त बुझ्दैन, मरिगए बाहिर ल्याउँदैनन् । शब्द छनोटमा 'चुजी' छन् । हरेक पटक फरक गर्ने प्रयास गर्छन् । न जंगमलाई संगीतकार हुँ भनेर प्रमाणित गर्नुछ, न त खरेललाई गायक हुँ भनेर । अर्थात्, कोहीसँग प्रतिस्पर्धा छैन । छ त केवल, आफैँसँग । हिजोको भन्दा राम्रो गर्न पाए पुग्यो ।

अचेल रातारात हिट हुन खोज्ने प्रवृत्ति हावी छ । अनि, हिट हुन खास मुस्किल पनि छैन । फेसबुक/युट्युबमा डलर तिरेर 'भ्युज' किन्न पाइन्छ । हुँदाहुँदा हिट हुन मौलिक गीत पनि नचाहिने भएको छ । अर्काको लोकप्रिय गीतलाई कभर गरेर युट्युबमा अपलोड गरिदिए पुग्छ । त्यसकै 'हाई-हाई' हुन्छ । अर्थात्, संगीतबाट साधना र धैर्य लोप हुँदै गएको छ । परिस्थिति यस्तो छ । तापनि, जंगम र खरेललाई वास्तै छैन । उनीहरू आफ्नो 'लिगेसी'बाट रत्तिभर बाहिर गएका छैनन् । यत्ति गर्दा पनि बर्सेनि ८-१० वटा गीत रेकर्ड गरेकै हुन्छन् । हरेक दिन रियाज गर्छन् । कहिलेकाहीँ हिट हुने रहर जाग्दैन ? कुराकानीको अन्त्यतिर यी दुवै 'लिजेन्ड'लाई सोधियो । दुवैले एकै स्वरमा भने, "सबै अब्बल सिर्जना हिट नहुन सक्छन् । हिट भएका सबै गीत अब्बल नहुन सक्छन् । सर्जक राम्रो काम गर्न खोज्छ । हिटका पछाडि लाग्ने त व्यापारी हो । हामी सर्जक हौं । व्यापारी होइनौं ।" ◆

कुमार नगरकोटी ॥

निर्मल वर्माको डायरी

आइतबार

मानिसहरु मलाई निर्मल वर्मा भन्छन् । उनीहरु ठीकै भन्छन्, क्यों कि मेरो नाम निर्मल वर्मा नै हो । सिनेप्रेमीहरूले रामगोपाल वर्मालाई रूचाएझैँ साहित्यप्रेमीहरूले मलाई रूचाउँदा हुन् । हामी दुवै वर्मा कुलघरानाका हौँ । दरअसल बर्मा नामक देशसित भने हाम्रो कुनै साइनो छैन ।

म कहिले जन्मेँ र कहिले मरेँ भन्ने कुरा गुलजार सा'बलाई थाहा होला । मैले त बिर्सिसकेको छु । साहित्यमा हामीले चलाएको 'नयी कहानी' आन्दोलनका सबै साथीहरु अब त मझैँ दिवंगत भइसकेका छन् । मृत्युलोकका क्याफेज र मदिरालयजमा राजेन्द्र यादव, कमलेश्वर, अमरकान्त, भीष्म साहनी र मोहन राकेशहरूसित म प्रायः प्राग सहरका चर्च, गल्ली र अलिखित प्रेमिकाहरूबारे चर्चा गरी बस्छु ।

भनिन्छ, मृत्युपश्चात् पनि लेखकहरु किताबका पानाहरूमा जीवित रहन्छन् । म पानाहरूमा बाँचेको छु कि नाइँ ? यज्ञश, अनुप बराल र नगरकोटीजस्ता मेरा असल प्रेमी एवं पाठकहरूलाई थाहा होला ।

सोमबार

अजित बरालले हाँकेको गाडीमा नगरकोटी, यज्ञश र उदयप्रकाश थिए । पोखराको लेक डिस्ट्रिक्टमा आज उनीहरूको सन्ध्या-ड्राइभ रमाइलो भयो । उदयप्रकाश र नगरकोटीबीचको संवाद प्रेमिल लाग्यो ।

उदयप्रकाश : आपकी पसंदिदा राइटर कौन है ?
नगरकोटी : आप, बोर्गेस और निर्मल वर्मा ।
उदयप्रकाश : बोर्गेस और निर्मल वर्मा तो मेरी भी फेभरेट है ।
नगरकोटी : तो हमे दोस्ती कर लेनी चाहिए ।
उदयप्रकाश : जरूर जरूर ! जिसे बोर्गेस और निर्मल वर्मा से प्यार है, वे जरूर दोस्त हो गए ।
नगरकोटी : मुझे लगता है- निर्मल वर्मा आपसे भी बेहतरिन राइटर है ।
उदयप्रकाश : मेरा भी यही खयाल है ।

ये हुई न बात ! उदयप्रकाश र नगरकोटीबीचको वार्तालापलाई साक्षीद्वय यज्ञश र अजित बरालले चाखपूर्वक सुने । उदयप्रकाश समकालीन भारतीय साहित्यका एक असल लेखक हुन् । मलाई यिनी अझै प्रेम गर्दा रहेछन् । खुसी लाग्यो । अनि नगरकोटी नि ! बाई द वे, हू केयर्स नगरकोटी ?

मंगलबार

आज 'थिएटर भिलेज'मा अनुप बराल निर्देशित *तीन एकान्त* नाटक हेरेँ । मैले कुनै जमानामा लेखेका तीन कहानीहरूलाई नेपाली भाषामा मञ्चन गरिएको देख्दा औधि हर्षित भइगएँ । दिया मास्के, आशान्त शर्मा, मेनुका र सुरज मल्लका अभिनय आत्मस्पर्शी लाग्यो ।

अनुप बरालसित मेरो उहिल्यै भेट भएको थियो । दिल्ली प्रगति मैदानको थिएटरमा हामीले सँगसँगै हंगेरियन फिल्म *थ्री मेजाई* हेरेका थियौँ । नेसनल स्कुल अफ ड्रामामा पढ्ने यिनी निकै लज्जालु स्वभावका थिए । आज यिनले मेरा कथाहरूलाई रंगमञ्चमा जीवन दिए । कस्तो गर्विलो आनन्द ! थ्यांक यू मिस्टर बराल ।

बुधबार

नगरकोटीले मलाई पहिलो पटक 'डेढ इन्च उपर' नामक कथामा पढेको हो । त्यो कथा उसको फेभरेट पनि हो । पाटनको दारूमहलमा कथा पढेपछि तान्त्रिक गल्लीहरूमा राती अबेरसम्म ऊ भट्किएको हो । शंखमूलघाटको ढुंगेधारामा नांगै नुहाएको हो । यही कथापश्चात् नै रक्सी पिएर मध्यरातमा नग्नस्नान गर्ने नगरकोटीको बानी बसेको हो । यो कथाको न्यारेसन शैली ऊ सदा अल्वेयर कामुको उपन्यास *द फलसित* मिलेको ठान्छ । केही हदसम्म ठीकै पनि हो ।



बिहीबार

एजुकेसन बुक हाउस, जमलबाट नगरकोटीले आज मेरो उपन्यास *लाल टीनकी छत* उठायो । यो उपन्यास उसलाई पहिलो पटक मोमिलाले उपहार दिएकी थिइन् । तर, आत्मीय मान्छेले उपहार दिएको आत्मीय लेखकको किताब स्वाँठ नगरकोटीले अर्कै आत्मीय मान्छेलाई उपहार दिएको थियो । वर्षौंपश्चात् त्यो किताब पुनः उसले फेला पाऱ्यो । यो पनि कसैलाई उपहारै त दिने होला नि ! यस्तो बैगुनी मान्छेको के भर ! यो उपन्यास मैले नगरकोटी जन्मेकै वर्ष सन् १९७४ मा लेखेको चाल पाएर ऊ आज चकित-ओ-चकित पऱ्यो ।

शुक्रबार

म जन्मेको सहर सिमलामा आज हिउँ परेको छ । मलाई लन्डन, प्राग र पेरिसका हिमाद्री गल्लीहरूको खुब याद आइरा'छ । मनका ती उजाड, उदास र एकान्त गल्लीहरु जहाँ मेरो जवानीका निर्वासित दिनहरु बितेका थिए । यादहरु हिउँका पोथ्राझैँ हुँदा रहेछन्, जो मनैमा पग्लिइजान्छन् । विचरो नगरकोटी ! उसको काठमान्डुमा हिउँ पर्दैन । हिउँ पर्दो हो त ऊलगायत नेपाली लेखकहरूको साहित्यमा यादहरूको नूतन सौन्दर्य देखापर्दो हो ।

शनिबार

नगरकोटी अचेल मेरो डायरी लेखिरा'छ । युवाकालदेखि नै ऊ शायरीभन्दा डायरीमै मरिहत्ते गर्थ्यो । मजस्तो दिवंगत लेखकको डायरी अर्कै जीवित लेखकले लेख्नु रोचकै हुँदो हो । मेराबारे नगरकोटीले के लेखेको छ, पढ्ने इच्छा छ । मेरो डायरीमा उसैको नगरकोटीयन फ्लेभर आओस् ! यही सदिच्छा छ । ♦

सघन भाव, प्रष्ट विचार

■ जनकराज सापकोटा

नेपाली ग्रामीण महिलाका दुःख के हुन् ? 'अघि बढ्न'का निम्ति महिलाले के-कस्ता अप्ठ्यारा घुम्तीहरू छिचोल्नुपर्छ ? नेता-पत्नीका सुख-दुःख के हामीले सोचेजस्तै हुन्छन् ? सरस्वती ज्ञवालीको आत्मकथा *लालटिनको उज्यालोमा* यिनै प्रश्नहरूको उत्तर खोजिएको छ । उनले सरल भाषामा आफ्नो पढाइदेखि बिहेसम्म र राजनीतिदेखि जागिर र परिवार सम्हाल्दाको दुःख पस्केकी छिन्, जहाँ आफ्नो बढप्पन देखिएला कि भनेर उनी सतर्क देखिन्छिन्, पतिको तारिफ होला कि भनेर सजग देखिन्छिन् । यो नै पुस्तकको सौन्दर्य हो । त्यसैले भन्नैपर्छ, एमाले नेता प्रदीप ज्ञवालीपत्नीका रूपमा मात्रै उनलाई बुझ्नु अन्याय हुन्छ । आफ्ना कैयन् सपनाहरूलाई एकातिर पन्छाएर, आफ्नै दुःख र संघर्षको पहाडमा उभिएर परिवार धानिरहेकी सरस्वतीको जीवनयात्राको कथा हो, *लालटिनको उज्यालोमा* ।

बालखैमा बिहे गरिदिने परिवारको निर्णयसँग विद्रोह गरेकी, पढाइ पूरा गरेरै छाड्ने अठोट बोकेकी, पढाइ र राजनीतिलाई सँगसँगै अघि बढाएकी र बुहारी, आमा र राजनीतिक कार्यकर्ताको भूमिका सँगसँगै निभाउँदाका जटिलता झेलेकी सरस्वतीको उतारचढावले भरिएको जिन्दगी नै पुस्तकको सार हो । आफ्नो कथा भन्ने क्रममा उनले समकालीन महिलाका संघर्षलाई पनि स्थान दिएकी छिन् । तर, त्यो पर्याप्त भने देखिँदैन । आफूसँग जोडिन आउने बग्रेल्ती पात्रको नाम यथेष्ट विशेषणबिना थोपर्नु पुस्तकको कमजोरी हो भने गुल्मी, पाल्पा र अर्घाखाँचीको भौगोलिक ज्ञान नभएका र उक्त भेगभन्दा बाहिरका पाठकले पढ्दा ठाउँ-ठाउँमा प्रस्टताको अभाव झल्किनु पुस्तकको खोट हो ।

स-साना घरेलु सन्दर्भ र व्यवहारको वर्णनबाट कुनै समयको ग्रामीण नेपाल बुझ्न सघाउँछ । साथै, एउटै समाजमा पुरुषका निम्ति राजनीति सजिलो र महिलाका निम्ति दुरुह हुनुको कारण देखाउँछ पुस्तकले । तर, राजनीतिक यात्रामा महिला र पुरुषलाई समाज व्यवस्था, परिवार र संस्कारले कसरी फरक पार्छ भन्ने देखाउन पर्याप्त तुलना गरिएको



लालटिनको उज्यालोमा

लेखक	:	सरस्वती ज्ञवाली
प्रकाशक	:	अक्षर क्रियशन
पृष्ठ	:	२४४
मूल्य	:	३२० रुपियाँ

छैन । सरस्वतीले यस्तो तुलना गर्ने अवसरलाई छाडे पनि विभेदकारी पछौटे नेपाली समाजको चरित्र भने प्रस्ट बताएकी छन् ।

विभिन्न पात्र र प्रवृत्तिमाथि सरस्वतीले सतर्क भएर आलोचना गरेकी छिन् । पारिवारिक असली भूमिकाबाट टाढिएका आफ्नै श्रीमान्माथि उनले प्रश्न तेर्स्याएकी छिन् । तर, प्रश्नमा पनि धारभन्दा धेरै प्रेम मिसिएको छ ।

एक प्रसंगमा सरस्वतीलाई घरबेटीले भन्छिन्, 'नानी लोग्नेमान्छेको मन त ढुंगाको हुँदो रहेछ । बच्चा यस्तो बिरामी हुँदा नआएको बाउ अरू बेला किन चाहियो ?' घरबेटी आमैको तीखो भनाइ र श्रीमान्बारे समाजमा फैलिने अनेकन् अफवाह सुनेका बेला उनी लेख्छिन्, 'मेरो त्यस्तो असल लोग्ने भएर पनि यिनीहरूले हेपे । बहुदल आएको यत्रा वर्षमा पनि मेरो लोग्ने यो हो भनेर कुनै दिन सँगै हिँड्ने मौका पाइएन ।'

३२ वर्षे वैवाहिक सहयात्रा, एक्लै बिताएको ६ वर्ष, आठ वर्षदेखिको गृहिणी यात्रा-अनुभूति हो, यो पुस्तक । सरस्वतीको जागिरे हन्डरले औसत नेपाली महिलाको साझा संघर्ष बताउँछ । राजनीतिक फेरबदलले जागिरे जीवनमा पारेको अप्ठ्यारो, बौद्धिक अपांगता भएकी छोरी हुर्काउनुको जटिलता र संवेदित आमाको संवेदना/पीडा पुस्तकमा छाम्न सकिन्छ ।

आफैं राजनीतिमा होमिएको र निरन्तर राजनीतिमा सक्रिय श्रीमान् भएकाले पनि सरस्वतीले राजनीति र खासगरी कम्युनिस्ट राजनीतिको चरित्रलाई केही हदसम्म उद्घाटित गरेकी छिन् । राजनीति कति क्रूर खेल हो भन्ने पुस्तकमा खुलाइएको छ । पार्टी विभाजनपछि प्रदीप ज्ञवालीमाथिको आक्रमण र उपचारका क्रममा देखाइएका व्यवहार र स्वास्थ्य-लाभको कामना गर्नसमेत कन्जुस्याइँ गर्ने कामरेडहरूको चरित्र पढ्दा राजनीति संवेदनहीन या दयाहीन रहेको भान हुन्छ । सरस्वतीले राजनीतिका साना घटनाहरूलाई पुस्तकमा ठाउँ दिएर नेपाली राजनीतिको चरित्र र यसमा अन्तरनिहित तत्त्वबारे आमपाठकलाई बुझ्ने मौका दिएकी छिन् ।

बदख्वाइँ गर्ने समाचारको सहारा लिने प्रवृत्तिले कति दुःख दिन्छ भन्नेबारे लेखेकी छिन् । तर, त्यस्ता पत्रिका कुन-कुन थिए भन्नेबारे भने उनले खुलाएकी छैनन् । अनेक सन्दर्भमा जोडिन आउने सबै पात्रको नाम खुलाउने लोभमा पुस्तकका केही पाठ कमजोर बनेका छन् ।

विविध सन्दर्भहरूको सिलसिलेबार वर्णनमा पुस्तक कैयन् ठाउँमा चिप्लिएको छ । कहीं-कतै सन्दर्भहरू नदोहोरिएको भए हुन्थ्यो भन्ने लाग्छ ।

जब आमा सरस्वतीको अनुभूति आउँछ, त्यतिबेला उनका शब्द कपासजस्ता हलुंगा र संवेदनशील बन्छन् । तर, राजनीतिज्ञ सरस्वतीको भाषा खस्रो छ । जब उनी प्रदीपकी श्रीमतीका रूपमा प्रस्तुत हुन्छिन्, उनको भाषा जिम्मेवारीको भारी बोकेर उभिएको महिलाको जस्तो देखिन्छ । आँसुको घुट्कासँगै अपमान पिएको, मुटु घोच्ने तीखा शब्दवाण पचाएको, दुःखका अनेकौं घुम्ती आइरहँदा पनि गतिवान् बनेकी सरस्वती आफ्ना विचारमा प्रस्ट छिन् । आफ्नो बुझाइको सत्यतामा अडिग देखिन्छिन् । उनीसँग भावनाको सघनता मात्रै छैन, विचारको प्रस्टता पनि छ । उनीसँग कर्तव्यको पहाड मात्रै छैन, त्याग गर्ने साहस पनि छ । उनी लेख्छिन्, 'हाम्रो यात्राको डुंगाले हामीलाई कहिले पनि भावनाको छालमा बग्न दिएन ।' ◆

त्यो आदिम साधु

सिद्धार्थले मलाई बहुलाउनबाट दुईचोटि बचाएको छ। मलाई बेलाबखत डिप्रेसन आउँछ। कलेजमा मनोविज्ञान पढेकाले म त्यो चाल पाइहाल्छु। पहिलोचोटि डिप्रेसन भएका बेला नाटकमा सिद्धार्थको भूमिका गर्नुपरेकाले बचायो। पछिल्लोचोटि डिप्रेसनमा गएको थाहा भएपछि फेरि दराजबाट निकालेँ र आधाउधिमा पुऱ्याएर छाडेँ। कुन दिन छिचोल्छु, थाहा छैन।

सिद्धार्थ अर्थात् जर्मन लेखक हर्मन हेसको दुब्लो-पातलो किताबमा चित्रित पात्र। यसमा एक आदिम साधुको आत्मखोज-यात्रा छ। कहिले व्यापारीको भेषमा, कहिले प्रेमीको त कहिले साधुको। ब्रह्मचर्य, गृहस्थ र वानप्रस्थ जीवनका तीन चरण र चार आर्य सत्यमाथि लेखिएको यो आख्यान बडो काव्यिक छ।

सिद्धार्थले दुनियाँदारी भोग्यो। आखिर फर्कियो त त्यही प्रकृतिमा। नदीको किनारामा। माझी भएर डुंगा तारेर बस्यो। त्यही पो रहेछ जीवन! नगरकी प्रख्यात गणिका कमला सोध्छे, 'ओ साधु! तिमी प्रेमका निम्ति के गर्न सक्छौ?' साधु निर्दोष जवाफ फर्काउँछ, 'म विचार गर्न सक्छु। प्रतीक्षा गर्न सक्छु। निराहार बस्न सक्छु। र, काव्य-वाचन गर्न सक्छु।'

पहाड घर (खोटाङ) को छेउछाउमा दलित बस्ती थियो। म त्यहाँ गएर खेल्न पाइनँ। साथी बनाउन पाइनँ। धन्न बाबुले केही हिन्दी किताब जम्मा गरेका रहेछन् र कनिकुथि पढ्न थालेँ। आधाउधि त गलत अर्थ लगाउँदो रहेछु, त्यो पनि विराटनगर आएपछि थाहा पाएँ। तसर्थ, मेरो पठन यात्रामा त्यो दलित बस्तीको गुन छ।







यसो किन भनिरहेको छु भने, बिहान 'ज्ञ'मा क्लास लिएपछि म घर जान्छु। र, दिनभरिमा चार-पाँचवटा किताब पढ्छु। एकदमै फास्ट रिडिङ छ मेरो। पढ्न थालेपछि नसिध्याई छाड्दिनँ। बकाइदा सम्झन्छु पनि। पटक-पटक तोर्पे, खोया र झूर किताबको फेला परेको छु। कहिलेकाहीँ त रनभुल्लमा पर्छु, कुन राम्रो र कुन नराम्रो? बिकेको आधारमा किताब घर ल्याउनु हुँदोरहेनछ। यद्यपि, कतिपय किताबले मलाई बहुलाउनबाट बचाएका छन्।

पहिले म वेदप्रकाश शर्मा, ओमप्रकाश शर्मा, कर्नल रन्जित, गुलसन नन्दा आदिका सस्पेन्स र थ्रिलर उपन्यास पढ्थेँ। मलाई साहित्य पढ्न सिकाउनेचाहिँ गिरिराजमणि पोखरेल (शिक्षामन्त्री) हुन्। मेरो मामाघरका छिमेकी ती दाजु विद्यार्थी राजनीति गर्थे। उनले मलाई रुसी साहित्य *आमा* पढाए सायद। उनलाई पनि धन्यवाद छ।

मेरा अर्का प्रिय लेखक हुन्, शंकर लामिछाने। धेरैले मदन पुरस्कार पाएको *एब्स्ट्र्याक्ट चिन्तन प्याज* भन्छन्। तर, मलाई मन पर्छ, *गौंथलीको गुँड*। त्यो कथासंग्रह किन मन पर्छ भने जीवनको पाठशालाबाट उतारेका ज्ञान, अनुभव र चिन्तन छन्। कतिपय त

सुनील पोखरेल

उनकै आत्मकथाजस्ता छन्। 'अर्द्धमुदित नयन र डुब्न लागेको घाम' मेरो प्रिय कथा हो। काव्यात्मक, दार्शनिक अनि अस्तित्वगत चेतना छ यसमा। 'माया नं ६५३' पनि गजब छ। सरल र स्टाइलिस।

शंकर लामिछाने आफ्नो समयभन्दा धेरै पहिले जन्मेछन्। मैले उनलाई भेट्न पाइनँ। उनको कथामा सरलता छ, निबन्धमा बौद्धिकता। मलाई उनको सरलता र जटिलता दुवै मन पर्छ। म त्यो अवतार अहिले कुमार नगरकोटीमा देख्छु। साहित्यिक पुनर्जन्म पो हो कि?

शंकरलाई जस्तै भेट्न नपाइएला भनेर मैले कुमार नगरकोटीलाई आफैँले सम्पर्क गरिहालेँ। *मोक्षान्त : काठमान्डु फिभर* पढेपछि 'तिम्रो मृत्युको समाचार'को नाटक बनाउने खबर सुनाएँ। तर, उनको मन परेको कथासंग्रहचाहिँ *फोसिल* हो। गिद्धहरूको नाच, बरफ, श्लोक, विनिर्वाण, कथार्सिस, पाण्डुलिपि, रिभोल्भर र फोसिलमध्ये शीर्षकथाले बेस्सरी हल्लायो। आठै कथा गजबसँग लेखिएका छन्। साधुपन र बौलाहापनको मिसावट छ। भाषा, शब्द र भूगोलको सीमा छैन। अघोरी टाइपको नगरकोटीयन कथा।

मेरो अनुभव- आत्मकथा पढ्दा इतिहास थाहा हुन्छ, आख्यान पढ्दा कल्पना शक्ति बढ्छ। म बबाल मात्र होइन, बाल-पुस्तकको पनि पारखी हुँ। हयारी पोर्टर शृंखला ११ पटक पढेछु। दुनियाँमा दुःख छ, दुःखको कारण छ, त्यसको निवारण पनि छ। ती आर्य सत्य बिर्सेर म फेन्टासीमा रमाउँछु। मलाई किताब धेरै चाहिन्छ। स्टक सकिनासाथ उधारो किताब लिन कुदिहाल्छु। ◆

अमेजनको पनि ब्राउजर



इलेक्ट्रोनिक कमर्स कम्पनी हो, *अमेजन* । केही वर्षयता *अमेजनले* प्रविधि क्षेत्रमा पनि लगानी गरिरहेको छ । अलेक्सा नामक भर्चुअल एसिस्टेन्ट प्रविधिमा *अमेजनको* पहिचान बनिरहेको छ । अलेक्सा यस्तो भर्चुअल एसिस्टेन्ट हो, जसको सहयोगबाट हामी धेरै इलेक्ट्रोनिक ग्याजेट वा घरायसी सामान उपयोग गर्न सक्छौं, त्यो पनि भ्वाइस कमान्डका माध्यमबाट । त्यस्तै प्रविधिमै *अमेजन* अहिले *गुगलको* प्रतिस्पर्धी हुन सक्ने संकेत पनि देखाएको छ ।

यसैको एउटा उदाहरण हो *अमेजनले* बनाएको इन्टरनेट ब्राउजर कम एप साइज र कमजोर इन्टरनेट कनेक्सनलाई ध्यानमा राखेर बनाइनु यो ब्राउजरको मुख्य विशेषता हो । यो ब्राउजरको साइज दुई एमबीभन्दा पनि कम छ, जुन प्रतिस्पर्धी अन्य एन्ड्रोइड ब्राउजरका तुलनामा निकै कम हो । यति सानो साइजको भए पनि यसमा प्राइभेट ब्राउजिङको सुविधा रहेको छ । जहां प्रयोगकर्ताका कुनै गतिविधि सेभ हुँदैनन् ।

गुगल, फेसबुकलगायतले जस्तै *अमेजनले* पनि उदाउँदो इन्टरनेट बजारमा पकड जमाउने प्रयास गरिरहेको छ । त्यसैले यो ब्राउजर भारतमा मात्रै प्ले स्टोरमा उपलब्ध छ । दुई एमबीभन्दा कम साइज हुनु र एन्ड्रोइडको ५.० भन्दा माथिका जुनसुकै अपरेटिङ सिस्टम भएका स्मार्टफोनमा चल्ने हुनाले यो नेपाली प्रयोगकर्ताका लागि पनि उत्तिकै उपयोगी हुन सक्छ । तर, नेपाली प्रयोगकर्ताले यो उपयोग गर्न अझै केही समय कुर्नुपर्नेछ ।

भिभोको वाई–७१

नेपालमा भिभोले वाई–७१ स्मार्टफोन भित्र्याएको छ । भिभो वाई–७१ को बजार मूल्य १७ हजार आठ सय ९० रुपियाँ पर्छ । यो एन्ड्रोइडको ८.१ अपरेटिङ सिस्टममा आधारित स्मार्टफोन हो । यसको डिस्प्ले स्क्रिनको साइज ६ इन्चको छ । र, यसमा हाइडेफिनेसन (एचडी) प्लस फुलभ्यु डिस्प्ले छ ।

यो स्माटफोन दुई जीबी न्याम क्षमतामा उपलब्ध छ, जसको अन्तरिक मेमोरी क्षमता १६ जीबीको हुन्छ । यसमा दुई सय ५६ जीबीसम्मको मेमोरी कार्ड पनि प्रयोग गर्न सकिन्छ । राम्रो पक्ष मेमोरी कार्डका लागि छुट्टै स्लट छ । मेमोरी कार्ड प्रयोग गर्नकै लागि एउटा मात्रै सिमकार्ड प्रयोग गर्नुपर्ने झन्झट यसमा हुने छैन ।

भिभो वाई–७१ मा १३ र ५ मेगापिक्सेलका दुई क्यामेरा छन् । यसको सेल्फी क्यामेरामा ब्युटिफिचर पनि छ । जसका कारण राम्रो गुणस्तरमा सेल्फी खिच्न सकिन्छ । यो एक्सिलरोमिटर, लाइट सेन्सर र गाइरोस्कोपजस्ता सेन्सरसहित फेस अनलक फिचर भएको स्मार्टफोन हो । तर, फिंगर प्रिन्टबाट अनलक गर्ने फिचर भने यसमा छैन । भिभो वाई–७१ मा ब्याट्री क्षमता पनि राम्रै छ, जुन ३३ सय १० एमएएचको छ ।

लेमोटोको डर्ट बाइक

नेपाली बजारमा लेमोटोको एलआरएफ–२५० एनडुरो डर्ट बाइक उपलब्ध छ । यो बेलायती ब्रान्डको डर्ट बाइक हो । नेपाली बजारमा यो बाइकको मूल्य ६ लाख पाँच हजार रुपियाँ तोकिएको छ ।

यो डर्ट बाइकको इन्जिन क्षमता दुई सय ५० सीसीको छ, जुन फोरस्ट्रोक सिंगल सिलिन्डर इन्जिन हो । यो इन्जिनले ३४ ब्रेक हर्षपावरसम्मको अधिकतम पावर निकाल्न सक्छ । र, यो इन्जिनको टर्क क्षमता २३ न्युटन मिटरको छ । ६ गियरको म्यानुअल ट्रान्समिसन भएको लेमोटो एलआरएफ–२५० मा दुइटा एक्जस्ट पाइप छन् । यो बाइकले बढीमा एक सय ४० किलोमिटर प्रतिघन्टाको स्पिड समात्न सक्ने दाबी गरिएको छ । यसको फ्युल ट्यांकको क्षमता भने आठ लिटरको छ । यो बाइकमा १०.६३ इन्चको ग्राउन्ड क्लियरेन्स छ ।

एन्डुरोसँगै नेपालमा लेमोटो एलआरएफ–२५० को अफरोड भर्सन (मोटार्ड) पनि उपलब्ध छ । यी दुई बाइक फरक प्रयोजनका लागि भएकाले यिनमा फरक प्रकृतिका टायर प्रयोग गरिएका छन् । तर, बेसिक फिचर र बाइकको क्षमता भने उस्तै छन् । र, एलआरएफ–२५० को मोटर्ड र एन्डुरो दुवै भेरियन्टको मूल्य पनि समान छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

SAMSUNG
नयाँ वर्षको
उमंग
SAMSUNG सँग
नयाँ वर्षमा नयाँ Price* को उमंगका साथ,
सुरू गर्नुहोस् हर्षमय नयाँ वर्ष
Televisions
Cashback* 12% to 15%
More prizes#
Get Internet
up to 50Mbps with
12 Months NETTV
Applicable on Smart TVs
Refrigerators
Cashback*
11% to 15%
*Only on selected models
Washing Machines
Cashback* 10%
With FlexWash Washing Machine
Get Air Purifier
& 22 Kg Detergent
In association with
WORLDLINK
NETTV
Samsung service center toll free number:
NTC user : 166001-72667
Ncell user : 98015-72667
Authorized Distributor of Samsung
Consumer Electronics for Nepal
HIM ELECTRONICS PRIVATE LIMITED
triveni byapar
Terms & Conditions apply on *Cashback & #Internet offers. Offers available from 1st April to 13th May 2018 on purchase of select Samsung Consumer Electronic Products only. Offers available in select stores & is provided by HIM Electronics & Triveni Byapar at their sole discretion. For more details on the offers, please contact these distributors respectively. Samsung disclaims any/all claims/liabilities associated with these offers. Claims if any shall lie solely against HIM Electronics & Triveni Byapar. Offers are subject to change without prior notice. Images shown are for representational purpose only, actual products may vary.

सम्पदाको



नयाँ जीवन

शब्द/तस्बिर : केशव थापा

नेपालमा विनाशकारी भूकम्प गएको ३ वर्ष पूरा भएको छ । त्यसबेला विश्व-सम्पदा सूचीमा सूचीकृत भक्तपुर दरबार क्षेत्रका क्षतिग्रस्त मठ-मन्दिरहरूको पुनः निर्माण अहिले अन्तिम चरणमा पुगेको छ । केही मन्दिरहरू पुनःनिर्माणपछि पुरानै रूपमा ठडिसकेका पनि छन् । तस्बिरमा देखिएको मन्दिर भने भूकम्पका बेला भत्किएको श्री वत्सला दुर्गा मन्दिर हो । १ करोड २८ लाख रूपियाँ अनुमानित खर्च भनिएको यस मन्दिरको पुनःनिर्माण २० कात्तिक ०७३ बाट सुरू भएको हो । यसको ७० प्रतिशत काम सकिएको छ ।

आफ्नै दुनियाँ

एउटा फिल्म हिट हुनासाथ अफरको ओइरो लाग्छ । कलाकारहरू सकेसम्म पाएजति फिल्म खेल्छन् । सौगात मल्ल, दयाहाङ राई, प्रियंका कार्की सबैले यस्तै गरिरहेका छन् । तर, यो कोटीमा पर्दैनन्, खगेन्द्र लामिछाने । *टलकजंग भर्सेस टुल्के*पछि खगेन्द्रलाई प्रशस्त प्रस्ताव आए । *पशुपतिप्रसाद*ले नाम र दाम कमाएपछि उनको माग अझ उच्च भयो । तैपनि, फिल्म खेल्न मरिहत्ते गरेनन् । फिल्मी जमघट र अवार्ड सोहरूमा उनको उपस्थिति नगन्य हुन्छ । यसरी अलग छवि बनाइरहेका खगेन्द्र यतिबेला चर्चामा छन्, *डमरूको डन्डीबियो*का कारण । फिल्म २१ वैशाखमा प्रदर्शन हुँदैछ । तर, अहिले नै ट्रेलरले धेरैको ध्यान खिचेको छ । उनको मुख्य भूमिका रहेको यस फिल्मको स्क्रिप्ट उनी आफैँले लेखेका हुन् । देशव्यापी प्रचार कार्यक्रम भ्याइसके । गज्जब !

पाएजति सबै

फिल्म संख्यालाई मात्र आधार मान्ने हो भने प्रियंका कार्की नायिकाहरूमध्ये सबैभन्दा अगाडि छन् । तर, गुणात्मक रूपमा प्रियंकालाई साख जोगाउनै हम्मे-हम्मे पर्न थालेको छ । एकातिर सहायक भूमिकामा सीमित भएकी छन्, अर्कातिर मुख्य भूमिकामा अभिनय गरेका एकाध फिल्म बक्स-अफिसमा चिप्लिरहेका छन् । यही बेला प्रियंकालाई अर्को तनाव थपिएको छ, १४ वैशाखमा एकसाथ उनका दुई फिल्म *कोहलपुर एक्सप्रेस* र *ह्याप्पी डेज* रिलिज हुँदैछन् । यसो हुँदा प्रचारमा संकट त आइलागेकै छ, दर्शक झुक्किने भय पनि उत्तिकै छ । अझ विडम्बनाचाहिँ, दुवै फिल्मको प्रमोसनमा उनको अपेक्षाकृत उदारता देखिएको छैन । यस्तो रवैयाले बचेको झिनो साख पनि धुमिलिने त होइन ? शंका उब्जिन थालेको छ । भलै पाएजति फिल्म खेल्ने सूत्रबाट उनी टसमस देखिन्नन् ।

भएन 'ह्याट्रिक'

*ड्रिम्स*बाट साम्राज्ञीराज्यलक्ष्मी शाहले गतिलो 'इन्ट्री' मारिन् । सहरिया युवा पुस्ताले उनको उपस्थितिलाई प्रेमपूर्वक लिए । दोस्रो फिल्म *ए मेरो हजुर २* पनि हिट भयो । यो फिल्मको सफलताको जस पूरापूर साम्राज्ञीकै पोल्टामा पर्‍यो । यसपछि उनले आफ्नो पारिश्रमिक बढाएर १० लाख रुपियाँ पुर्‍याइन् । तैपनि, फिल्मको कमी भएन । तर, तेस्रो फिल्म *तिमीसँगले* उनलाई मात्र होइन, उनका प्रशंसकलाई समेत निरास पारेको छ । फिल्मको लगानी नै डुब्यो । अर्थात्, हिट फिल्मको 'ह्याट्रिक'गर्ने साम्राज्ञीको सपना तुहियो । यसअगाडि संवेदनशील अंगमा ट्याटु खोपाएको तस्बिर सार्वजनिक भएपछि उनले निकै आलोचना खेप्नुपरेको थियो । फिल्मकर्मीसँग सुमधुर सम्बन्ध बनाउन नसकेको गुनासो त छँदैछ । सफलता पाउनुभन्दा बचाउन मुस्किल पर्छ भन्ने भनाइ साम्राज्ञीको हकमा लागू हुन लागेको त होइन ? संकेत त्यस्तै छ । ◆

शिल्पालाई फसाद

छविराज ओझाको ब्यानरबाट डेब्यु हुंदा शिल्पा पोखरेलको करिअर सुखद हुने अपेक्षा जति गरिएको थियो, यथार्थ त्यस्तो भइदिएन । *लज्जा* र *हवल्दार सुन्तलीले* न लोभलाग्दो व्यापार गरे, न त शिल्पाको कामकै तारिफ भयो । बाहिरी ब्यानरका एकाध फिल्म खेले पनि फलदायी हुन सकेन । तैपनि, हरेस खाइनन् । बरू छविराजसँगै सहकार्य गरिन्, फिल्म निर्माणमा । आफैं हिरोइन भइन् अनि बनाइन्, *मंगलम्* । धन्न ! यो फिल्मले जेनतेन लगानी बचायो । खासगरी सिंगल थिएटरका दर्शकले फिल्म रूचाए । तर, शिल्पा फुरूंग हुन सकेकी छैनन् । हुनु पनि कसरी ? अब कुन फिल्म खेल्ने पत्तो नभएपछि । गिनेचुनेका बाहिरी ब्यानरबाट अफर आउँदैन, छविराजकै ब्यानरसँग काम गर्दा छलाङ मार्ने सम्भावना असाध्यै कम छ । अनि, परेन त फसाद ! ◆

तस्बिरहरू : महेश प्रधान

आडम्बर झल्काउने विम्ब

तस्बिर : बिजु महर्जन

गोकर्ण गौतम

आफूसँग जे- जति छ, त्यसमै रमाउने संस्कार करिब लोप भइसकेको छ । खोक्रो शान र सौकतलाई प्रधान मानिन्छ। अनि, हामीमध्ये अधिकांश दोहोरो चरित्रमा बाँचिरहेका छौँ, हुन्छ एउटा, देखाउँछौँ अर्कै । विसंगत व्यवहार हावी छ । ब्यांकेट यस्तै प्रवृत्तिको केन्द्र बनिरहेको छ । देखावटी नै सही, आफ्नो उपस्थिति र अस्तित्व स्थापित गर्न ब्यांकेट रोजाइमा पर्छ । हाम्रो यही रवैयालाई उतारिएको छ, अनामनगरस्थित मण्डला थिएटरमा मञ्चन भइरहेको नाटक *क्लब सेभेन*मा । जहाँ ब्यांकेटमार्फत समसामयिक सहरी जीवनशैली र ढोंगलाई व्यंग्य कसिएको छ । थिएटरमा नाम कमाएका दयाहाङ राई र राजन खतिवडा निर्देशित यस नाटकलाई सोमनाथ खनाल र सिजन दाहालले लेखेका हुन् । कलाकारचाहिँ मण्डलाले वार्षिक रूपमा सञ्चालन गर्ने तीनमहिने अभिनय प्रशिक्षण कार्यक्रमका सहभागी। विषयवस्तुको गहनतालाई आत्मसात् गर्ने कलाकारको अभावमा नाटक अपेक्षाकृत जीवन्त लाग्दैन। मात्र कामचलाउ ।

क्लब सेभेन ब्यांकेट र तलब नपाएर छट्पटाइरहेका त्यहाँका कर्मचारीको व्यथा हो। सतहमा यस्तो देखिए पनि यथार्थमा हाम्रो समाजको आडम्बर झल्काउने विम्ब हो । यसका लागि *क्लब सेभेन* ब्यांकेटमा लगालग तीन पार्टी देखाइन्छ। पहिलो, एउटी अविवाहित महिलाले 'एडप्ट' गरेकी जेनीको जन्मदिन । दोस्रो, आफ्नो घर बनाउन नसकेपछि परदेशबाट फर्किएका एक युवकले ब्यांकेटमै गर्ने पूजा। तेस्रो, सिर्जना कर्मबाट टाढा रहेको एक सर्जकलाई सात लाख रुपियाँको पुरस्कार तथा सम्मान वितरण कार्यक्रम। यति भव्य उत्सव मनाउने आयोजकचाहिँ भित्रबाट मक्किसकेका छन् । कतिसम्म भने ब्यांकेटलाई तिर्ने पैसासम्म छैन। तर, पनि बाहिर बडो सम्पन्न देखिने अभिनय गर्छन् । उनीहरूका निम्तालुका पनि आफ्नै पीडा छन्।

> क्लब सेभेन कथाभन्दा पात्रकेन्द्रित नाटक हो । उस्तै प्रकृतिको कथालाई स्थापित गर्न फरक आयामका पात्रहरुको सहारा लिइएको छ ।

क्लब सेभेन कथाभन्दा पात्रकेन्द्रित नाटक हो । उस्तै प्रकृतिको कथालाई स्थापित गर्न फरक आयामका पात्रहरूको सहारा लिइएको छ । र, पार्टीमा आइपुग्ने अनेक पात्रहरू हाम्रै समाजका प्रतिनिधि हुन् । मूलतः परम्परागत नाट्य निर्माण शैलीकै नाटक हो यो । सँगै 'इम्प्रोभाइजेसन' अर्थात् आशुरचना विधिलाई पनि अवलम्बन गर्ने प्रयास गरिएको छ। पात्र र सेट यथार्थपरक छन्। पाहुना, उनीहरूका गफगाफ र व्यवहारबाट ब्यांकेटको माहोल सिर्जना हुन्छ। तर ती उत्सवलाई मञ्चमा उतार्ने गति केही धीमा लाग्छ। एउटै प्रकृतिका घटना दोहोरिन्छन्। कति अनावश्यक दृश्यलाई समावेश गरिएको छ। यसभन्दा खट्कने पक्षचाहिँ अधिकांश कलाकारले परिस्थितिको भाव अनुरूप प्रस्तुति दिन सकेका छैनन् । सोही कारण पात्र, प्रवृत्ति र नियतले दर्शकको दिमागमा दरिलो झटारो हान्न सक्दैन, नाटक यहींनेर चुकेको छ।

हाम्रो वरपरका तीता विडम्बनालाई समेट्ने मामलामा चाहिँ चलाखी अपनाइएको छ । भड्किलो लाग्ने भेषभूषामा सशक्तीकरणको कुरा गर्ने कथित शिक्षित महिला, आफूलाई संसारका हरेक विषयमा जानकार ठान्ने भ्रमित पुरुष, जसरी भए पनि फाइदै खोज्ने जग्गा दलाल, प्रभावकारी फिल्म बनाउन नसके पनि घमण्डले भरिएका निर्माता, बीसौं फिल्म बनाइसक्दा पनि पहिचान बनाउन नसकेका निर्देशक, फोनबाटै पूजा गराउने चालु ब्राह्मणजस्ता अनेकौं पात्रहरूले नाटकको सौन्दर्य बढाएका छन्। यद्यपि पात्रहरूको संयोजन मिलाउन निर्देशकद्वयको अब्बलता देखिएको छैन । बिस्कुनझैँ असरल्ल छरिएका पात्रले आँखा बिझाउँछ । प्रकाश र ध्वनिसँग कलाकारको 'रिदम' नमिलेको आभास हुन्छ, पटक-पटक ।

नाटकमा २७ जना कलाकारले अभिनय गरेका छन्। ती सबै नयाँ हुन्। सायद उनीहरूले भोगेको भन्दा अलि माथिको कथा हो यो । त्यसमाथि पहिलो नाटकमा फरक-फरक चरित्रमा काम गर्नुपर्‍यो । त्यसैले कलाकारको 'ग्याड'प्रति केही नरम भाव राख्न सकिएला । तर, नाटक हेरिरहेका दर्शकका लागि मञ्चमा देखिने कलाकारको पृष्ठभूमि र बाध्यताले अर्थ राख्दैन। उनीहरूले मात्र जीवन्त चरित्र खोजिरहेका हुन्छन्। अझ नाटक त कलाकारको माध्यम (एक्टर्स मिडियम) हो। यस मामलामा *क्लब सेभेन*का कलाकारले दर्शकलाई निरास पार्ने खतरा छ। यसको दोष निर्देशकद्वयलाई पनि जान्छ। बूढी भएपछि कुप्रो हुनैपर्छ, बोली लरबराउनैपर्छ, 'मिमिक्री' गर्नैपर्छ भन्नेजस्ता बासी सूत्रबाट बेलैमा बचेको उत्तम। तुलनात्मक रूपमा सविन घलान, युमिषा निरौला, सरिता ढुंगाना, प्रमिला खनाल, किरण चन्दलगायतका कलाकार उम्दा लाग्छन्। नामी सर्जकको कपडा उतारेर हस्ताक्षर गरिएको क्लाइमेक्स कठोर विम्ब हो।

समाजको ताजा नियति र बलिया चरित्रका कारण *क्लब सेभेन* हेर्नु उपयुक्त हुन्छ । प्यास नमेटिए घाँटी भिजाएर राहत दिन्छ । तर, राजन र दयाहाङको टिमप्रतिको दायित्व र अपेक्षा यही स्तरको नाटकले पूरा गर्दैन। नाटक सोमबारबाहेक २३ वैशाखसम्म मञ्चन हुनेछ। ◆

अचानक

'विदेशीका लागि सगरमाथा नेपालको ऐना'

सगरमाथा आरोहण याम सुरू हुनासाथ **ज्ञानेन्द्रकुमार श्रेष्ठ**, ५०, को व्यस्तता बढिहाल्छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका शाखा अधिकृत उनी सरकारी अधिकारीका रूपमा धेरैजसो देशी-विदेशी सञ्चारमाध्यममा उद्धृत हुन्छन् । ०६८ मा सगरमाथाको चुचुरोमा पुगेका उनी एक दशकयता सगरमाथा आधार शिविरमा सम्पर्क-अधिकृतका रूपमा कार्यरत छन् । यही मेसोमा उनीसँगको कुराकानी :

तस्बिर : भास्कर ओझा

सगरमाथासँग तपाईंको साइनो कसरी जोडियो ?

मन्त्रालयको पर्यटन उद्योग महाशाखामा काम गर्दा विदेशी आरोही र शेर्पाका गुनासा सुनिरहेको हुन्थेँ । काठमाडौंमा बसेर समस्याको तह कत्रो हो भन्ने मापन वा अनुमान गर्नै सकिन्नथ्यो । अनि म आफैं चुचुरो पुग्ने सोच्न थालेँ । पछि त्यसले निजामती कर्मचारी आरोहण दलकै स्वरूप लियो र सफल भइयो ।

सगरमाथामा सरकारको उपस्थिति कमजोर भएको भनिन्छ नि ?

उत्तरतर्फ जब रूखहरू देखिन छाड्छन् र लेकाली हावापानी सुरु हुन्छ, त्यहाँको संसार नै बेग्लै छ । सामान्य जीवनशैली नै कठिन छ भने हिमालका चुचुरोमै पुग्ने काम त चुनौतीपूर्ण हुने नै भयो । अन्यत्र जसरी त्यहाँ बस्न हावापानीसँग अनुकूलन हुनुपर्छ । त्यसैले अन्यत्र कर्मचारी खटाएजसरी यहाँ कानुन पालना हुने सोच्न सकिँदैन । सरकारको उपस्थिति पहिलेभन्दा बलियो बनिराखेको छ । तर, पर्याप्त छैन ।

तिब्बतसँगको सीमाले गर्दा सगरमाथा आरोहणमा भूराजनीतिक चासो पनि बढेको हो ?

सगरमाथा जहाँ छ, त्यो टार्न नसकिने यथार्थ हो । सन् २००८ मा हामीले भूराजनीतिक चासो सबैभन्दा बढी महसुस गरेका थियौँ । बेइजिङ ओलम्पिकको टर्च पुऱ्याउन त्यो वर्ष चीनले उत्तरी मोहडाबाट सर्वसाधारणका लागि आरोहण रोकेको थियो । 'फ्रि-तिब्बत'को गतिविधि हुन सक्ने भयले नेपालबाट पनि त्यस्तै होस् भन्ने चाहन्थ्यो । त्यतिखेर नेपाल सरकारले निकै विवेकीपूर्ण काम गऱ्यो ।

त्यस्तो के गरिएको थियो ?

विदेशीहरू मुडको भरमा सगरमाथा चढ्न आउँदैनन् । यो वर्षौंदेखिको शारीरिक अभ्यास, समय व्यवस्थापन र पैसाको बचतसँग जोडिएको हुन्छ । सन् २००८ मा त्यस्ता थुप्रै विदेशी नेपाल आइसकेका थिए, जसलाई हिमाल चढ्न नदिँदा हाम्रो पर्वतारोहण उद्योग नै अपरिपक्व देखिन्थ्यो । त्यो वर्ष हामीले क्याम्प-टुसम्म नेपाली सेना राख्यौँ, आधार शिविरमै निगरानी बढायौँ । र, ओलम्पिक टर्च चुचुरोमा नपुग्दासम्म नेपाली मोहडाका आरोहीलाई तल्लो शिविरमै रोकेर राख्यौँ ।

सगरमाथा चढेपछि सम्पर्क-अधिकृतका रूपमा काम गर्न कत्तिको सहज भयो ?

सरकारले हामीलाई पूर्ण रूपमा उपयोग गर्न सकेको छैन । त्यसभन्दा पनि ठूलो कुरा, सगरमाथाको तथ्यांक व्यवस्थापनको छ । अनुमतिबिना गरिएका वा झुटा आरोहणका दाबीसँग जुध्नेजस्ता कामका लागि 'इन्स्टिचट्युसनल मेमोरी' खडा गरिनुपर्छ । यही कारण महाभूकम्पपछिको अवस्थामा आरोहीको विशेष उद्धार सम्भव भयो ।

महाभूकम्पमा कसरी काम भएको थियो ?

आधार शिविरको खबर मलाई दिउँसो १ बजे आएको थियो । तत्कालै मुख्यसचिव लीलामणि पौड्यालसँग समन्वय गरेर खुम्बु क्षेत्रमा भएका हेलिकप्टरलाई उतै रोकी उद्धार गऱ्यौँ । दुई सयभन्दा बढीलाई त हामीले झन्डै अधार शिविरमाथिको क्याम्प वान र टुबाट झारेका थियौँ । सगरमाथामा विश्वको चासो यति छ कि यसमा हाम्रो परिवेश सबैभन्दा राम्ररी झल्किन्छ । विदेशीका लागि सगरमाथा नेपालको ऐना हो । त्यसैले यसमा बढी नै संवेदनशील हुनुपर्छ ।

शेर्पाहरूका गुनासो किन बारम्बार आइरहन्छन् ?

उचाइमा शेर्पाहरूसँग बलियो समन्वय नगरी काम गर्न सकिँदैन । उनीहरूको मनोबल उच्च पार्नुपर्छ । उनीहरू हिमाल चढ्न जति पोख्त छन्, सरकारी प्रक्रियासँग छैनन् । त्यसलाई हामीले प्रक्रियागत सरलता गरिदिनुपर्छ । उनीहरूले 'हिमाल चढ्न सजिलो, प्रमाणपत्र पाउन गाह्रो' भनेको सुन्दा नमज्जा लाग्छ ।

सरकारी नियमन बलियो बनाउन थप के गर्नुपर्छ ?

आरोहण अनुगमन र व्यवस्थापन अब स्थानीय निकायलाई दिँदा मात्र अपेक्षित नतिजा आउन सक्छ । सम्पर्क-अधिकृतका रूपमा निजामती, सुरक्षा बल, प्रेसलाई समूह बनाएर मौसम अनुकूल हुने गरी खडा गर्न सकिए प्रभावकारी हुन्छ ।

सगरमाथाबारे व्यक्तिगत केही योजना छन् ?

मन्त्रालय र पर्यटन विभागमा रहँदा मैले सकेजति तथ्यांक र दस्तावेजीकरणमा केही काम गरेँ । सेवा निवृत्तपछि पनि यो काम गरिरहनेछु । सरकारी जिम्मेवारीमा जता भए पनि एलिजावेथ हलीले स्थापना गरेको 'हिमालयन डेटाबेस'लाई योगदान दिनेछु ।

मनबहादुर बस्नेत

॥ मनबहादुर बस्नेत

यस्तो पनि आशक्ति

गत चैतको अन्तिम साता । नेपाल प्रहरी र सशस्त्र प्रहरीका दुइटा सुरक्षा निकायमा नयाँ नेतृत्व कसले सम्हाल्छ भन्ने चासो चुलिएको थियो । यही बेला भाइबर म्यासेजको घन्टी बज्यो । संयोग ! प्रहरीसम्बन्धी नै सूचना रहेछ । परिचित पूर्वएआइजीले पठाएका, केही थान फोटा । स्कर्पियो जीपको चारै दिशामा लेखिएको छ, नेपाल पूर्वप्रहरी संगठन । नामैले चिनिन्छ, अवकाशप्राप्त प्रहरी संगठनका पदाधिकारी चढ्ने सवारी साधन हो, यो । तर, निजी नम्बर प्लेटधारी सवारीमा नेपाल प्रहरीको झन्डा फहराइरहेको छ, मानौं वहालवाला आईजीपी नै सवार हुने गाडी हो यो ।

'संगठनको मायाले होला नि ?,' फोटो हेरेपछि म्यासेज पठाएँ ।

'माया होइन आशक्ति हो,' उनले फ्याट्ट लेखिहाले ।

हुन पनि प्रहरीको झन्डा फरफराउँदै सवार हुँदा सडकमा उभिएका कति ट्राफिकले बुट बजार्दै सलाम ठोक्दा हुन् । चेकिङमा परिने भय पनि भएन । उस्तै परे ट्राफिक जाम छलेर जान साइत पर्न सक्छ । यी जम्मै कुराले आफू 'पूर्व' भइसकेको मनोविज्ञानबाट टाढा राख्ला नै, उनीहरूलाई ।

नक्कली प्रहरी बनेर ठगी गर्नेलाई प्रहरीले पक्राउ गरेको समाचार थुप्रै सुनिएकै हो । गाडीमा प्रहरीको झन्डा फरफराउँदै हुइँकिने यी पूर्व प्रहरीलाई चाहिं प्रहरीले नक्कली मान्ला कि सक्कली ? कानुन कार्यान्वयनकारी निकायकै झन्डा यही जिम्मेवारीमा लामो समय व्यतीत गरेकाहरूले दुरूपयोग गरेको हो कि होइन ? नवनियुक्त प्रहरी महानिरीक्षकको दृष्टिगोचर परेमा मेरा यी खुल्दुलीले बाटो पाउने थिए कि !

र, त राजधानी

'पोखरा-लेखनाथ महानगरपालिकामा हार्दिक स्वागत ।' यस्तो लेखिएको गेटबाट छिर्नेबित्तिकै साझा बस घ्याच्चघ्याच्च रोकिन थाल्यो । आधा घन्टासम्म पनि ताल उही थियो । 'के विधि जाम हो ?' यात्रीले दिक्दारी मान्न थाले । अनि गुरूजी बोले, "हजुर यो अब पोखरा मात्रै होइन । राजधानी पनि हो ।" प्रदेश नम्बर-४ को राजधानी भएपछि नै काठमाडौं-दमौली हुँदै पोखरा छिर्ने यो नाकामा सवारी साधनको लाम लाग्न थालेको गुरूजीले सुनाए । पृथ्वीचोकसम्म थामिनसक्नु जाम हुने रहेछ । राजधानी बनेपछि नै यस्तो नियमित अचाक्ली जाम हुंदोरहेछ । "जाम नभए केको राजधानी ?," गुरुजी भनिरहेका थिए ।

पोखरा प्रदेश राजधानी बनेपछि साँच्चै यो क्षेत्रमा काठमाडौंमा जस्तै मानिस थुप्रिन थालेका हुन् त ? यसबारे कसैले अध्ययन गरेको छैन । तर, ट्राफिक जाम राजधानीको अनिवार्य सर्त रहेछ !

राजधानीको सर्त अर्को पनि देखिन थालेछ पोखरामा । मुख्यमन्त्री, मन्त्रीका सवारी साधनहरु साइरन बजाउँदै सुन्दर नगरीको परिक्रमा खुबै गर्ने रहेछन् । "काम बिग्रिएर म सडकमा हिंडिरहेको थिएँ," पोखरामा घरजग्गा कारोबार गर्ने एक जना बाग्लुङेले सुनाए, "साइरन बजाउँदै गाडी आयो । मेरै अगाडि घ्याच्च रोकियो । मुख्यमन्त्रीका श्रीमती र छोराछोरी तरकारी किन्न पो आएका रहेछन् ।" त्यसपछि उनले रिस थाम्न सकेनछन् र सडकमै ठूलो स्वरमा कराए रे, 'मन्त्रीका स्वास्नी, छोराछोरीलाई साइरन बजाउँदै बोक्न संघीयता ल्याएको हो हामीले ?' मुख्यमन्त्रीकी श्रीमतीले आंखा फुकालेर हेरिन् मात्र रे ! संघीयतासँगै सिंहदरबारबार मात्रै गाउँ-गाउँमा पुगेनछ भीआइपी संस्कार पनि गएछ । जेहोस्, पोखरामा साइरन र जाम राजधानीका सूचक रहेछन् ।

के यो साँचो हो ?

मार्दी हिमाल बेस क्याम्प ताकेर अगाडि बढ्दा २७ चैतमा बास बस्न कास्कीको पोथना पुगियो । भन्ज्याङमा बसेको यो गुरूङ बस्ती अन्नपूर्ण र मार्दी हिमाल क्षेत्र छिर्ने एउटा द्वार हो । अन्नपूर्ण गेस्ट हाउस एन्ड रेस्टुराँका सञ्चालक थमबहादुर गुरूङले गफगाफकै क्रममा हिमाली क्षेत्रमा जाँदा नराम्रो सोच बनाउँदा, उच्छृंखल व्यवहार गर्दा, दुर्वचन, फोहोर बात बोल्दा मानवीय दुर्घटना हुने गरेको सुनाए । गुरूङको कुराले मलाई विगततिर फर्किन बाध्य तुल्यायो ।

यसअघि सगरमाथा क्षेत्रको गोक्यो-रि जाँदासमेत उक्त भेगका मानिसले हिमाललाई देवता मान्ने र क्षमापूजा नगरी उसमाथि पाउ राख्न नहुने सुनाएका थिए । सगरमाथा चढ्न जाने सबैले बेस क्याम्पमा पूजा गर्ने चलन छ । यो रीत नमान्नेहरूको भलो नहुने विश्वास छ ।

केही समयपछि अन्तर्राष्ट्रिय पर्वतारोहण गाइडको लाइसेन्स पाउने पहिलो दक्षिण एसियाली महिला गाइड दाबा याङ्जुम शेर्पासँग भेट हुंदा पनि यस्तै अनुभव सुनाएकी थिइन् । उनीसंग भेट्नु केही दिनपहिले मात्रै आरोही सञ्जय पण्डितको अमेरिकामा हिमाल चढ्ने क्रममा मृत्यु भएको थियो । पण्डितले युरोपको सर्वोच्च माउन्ट एब्रुल्स चढ्दा माइनस ६० डिग्रीको चिसोमा ६ मिनेट ३ सेकेन्ड कम्मरमाथिको भाग नांगै बसेर कीर्तिमान् बनाएका थिए । यही प्रसंगमा उनले भनेकी थिइन्, "हिमालमा त्यसरी फोटो खिचाउनु राम्रो मानिंदैन । अनुशासनमा बस्नुपर्छ ।"

अहिले मार्दी पदयात्रामा पनि उही भावको कुरा आयो । अनि सकेसम्म सदाचारी बनेर अघि बढियो । महिना दिनअघि मात्रै पोखराको मणिपाल मेडिकल कलेजमा एमबीबीएस पढ्ने एक जना छात्रा मार्दीको पहिलो भ्यू प्वाइन्टबाट लडेर बितेको, एक जना मलेसियनको घाँटी छिनाइदिएको, नेदरल्यान्डकी नागरिक कोरी भान भेगाल बाटैदेखि हराइरहेको कथाका व्याख्या सुनिन्थ्यो । भेगाललाई फेला पार्नेलाई ५ हजार डलर दिने सूचना बाटैभरि टाँसिएका थिए । यी कुराले मनमा चिसो पस्थ्यो । अन्ततः अन्नपूर्ण, माछापुच्छ्रे, हिउँचुली हिमालहरु नजिकैदेखि हेरेर सकुशल फर्कियो । तर, थाहा छैन, भगवान् (हिमाल) को अपमान गरेर मानिस दुर्घटनामा परिरहेका छन् अथवा आफ्नै असावधानी, उच्छृंखलपन र प्रकृतिसँग जुध्न खोजेर ! ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

Model	Price
Dominar 400	Rs. 4,69,900/-
Pulsar 200NS	Rs. 2,95,900/-
Pulsar NS160	Rs. 2,63,900/-
Pulsar 220F DTS-i	Rs. 2,93,900/-
Pulsar 180 DTS-i	Rs. 2,54,900/-
Pulsar 150 DTS-i	Rs. 2,42,900/-
Avenger Cruise 220	Rs. 3,09,900/-
Avenger Street 220	Rs. 2,98,900/-
Avenger Street 150	Rs. 2,60,900/-
V	Rs. 2,15,900/-
Discover 150	Rs. 2,05,900/-
Discover 125 Disc	Rs.1,90,900/-
Discover 125 Drum	Rs. 1,81,900/-
Platina ES	Rs. 1,56,900/-

SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj

Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386

EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 9804702646, Katari 450207, Mirchaiya 550585, Pathari 556082

CENTRAL REGION:
Charikot 421925, Banepa 660295, Nuwakot 561817, Dhading 9851006950, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303

WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Bhairahawa 521855, Butwal 437849, Bardaghat 580387 Jeetpur (4 No.) 550249, Tamghas 520419, Rampur 400480, Waling 9856055684, Chandruata 540123

MID-WESTERN REGION:
Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 523402, Ghorahi 560743, Pyuthan 460375, Guleriya 420375, Jumla 520205

FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 420116, Lamki 540365, Darchula 9858751055